# वधूशिक्षा खण्डकाव्यको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
युवराज अर्याल
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

२०६८

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री युवराज अर्यालले **वधूशिक्षा खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०३/२५

..........................

**डा.लक्ष्मणप्रसाद गौतम**

सहप्राध्यापक

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

त्रिभुवन विश्वविद्यालय

# नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र युवराज अर्यालले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **वधूशिक्षा खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र  स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. **प्रा.डा. देवीप्रसाद गौतम**
(विभागीय प्रमुख) ..........................

२. **सहप्रा.डा. लक्ष्मणप्रसाद गौतम**
(शोधनिर्देशक) ..........................

३. **उपप्रा. एकनारायण पौड्याल**
(बाह्य परीक्षक) ..........................

मिति : २०६९/०४/१७

# कृतज्ञताज्ञापन

भानुभक्त आचार्यलाई नेपाली कविताको इतिहासमा प्राथमिक कालको प्रमुख कवि मात्र नभएर समग्र नेपाली साहित्यकै केन्द्रीय प्रतिभाका रूपमा लिइन्छ । उनका प्रकाशित रचनाहरूमध्ये **वधूशिक्षा** एक चर्चित एवम् विवादास्पद खण्डकाव्यकृति हो । वि.सं. १९१९ सालमा कवि भानुभक्त मुद्दा मामिलासम्बन्धी काममा काठमाडौँबाट घर जाने क्रममा मित्र तारापतिका घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारीबीच भएको झगडाबाट अभिप्रेरित भएर नारीलाई शिक्षा दिने उद्देश्यले यस कृतिको रचना भएको देखिन्छ । आजभन्दा करिव १५० वर्ष पहिलेको नेपाली सामाजिक परिवेशलाई आधार बनाएर लेखिएको यस कृतिका बारेमा अनेक समालोचकहरूका अनेक टिप्पणीहरू आए, आउँदै छन् । यस्तो अवस्थामा यस कृतिको पुनर्मूल्याङ्न गर्नु वाञ्छनीय देखिन आउँछ ।

हिन्दू सांस्कारिक नेपाली समाजलाई केन्द्र बनाएर नारीशिक्षा दिने उद्देश्यले सिर्जना भएको वधूशिक्षा खण्डकाव्यका बारेमा सकारात्मक तथा नकारात्मक विचारहरू प्रकट भएको यत्रतत्र फेला पार्न सकिन्छ । म सानो छँदा मेरो घरमा पनि हजुरबा, हजुरआमाका मुखबाट भानुभक्तीय वधूशिक्षाका बारेमा चर्चापरिचर्चा भइरहन्थ्यो । जति बेला म उच्च शिक्षाको अध्ययनमा रहेँ, त्यति बेला स्वअध्ययनका क्रममा वधूशिक्षा कृतिको विस्तृत अध्ययन, विश्लेषण गर्न पाएँ र एउटा धारणा पनि बनाएँ - कुनै पनि कृतिको वस्तुपरक मूल्याङ्कन गर्नका लागि तत्कालीन समाज र परिवेशलाई राम्ररी बुझ्नै पर्दछ । कतिपय समालोचकहरूले भानुभक्तको वधूशिक्षा कृतिलाई नारीविरोधी कृतिको पगरी गुथाउने प्रयास गरेको पनि पाइन्छ । के त्यस्ता विचारहरू न्यायोचित ठहर्लान् ? तत्कालीन समाजको ख्याल नगरी आधुनिकता र उत्तर आधुनिकताको कोणबाट उक्त कृतिको आलोचना गर्नु कति उपयुक्त होला ? यस्ता प्रश्नले सधैँ मेरो मनमस्तिष्कमा घचघच्याइरहन्थ्यो । त्यसैले भानुभक्त आचार्यकृत वधूशिक्षा खण्डकाव्यको सैद्धान्तिक एवम् प्रायोगिक विश्लेषण गर्न तम्सिएँ । मेरो यो लघु अनुसन्धानात्मक विश्लेषण कति सार्थक र न्यायोचित भयो, त्यसबारे टिप्पणी गर्ने अधिकार मसँग छैन । तैपनि वस्तुपरक विश्लेषणलाई आधार बनाइएको प्रस्तुत शोधकार्य केही अवश्य भयो होला भन्ने लागेको छ ।

**वधूशिक्षा खण्डकाव्यको कृतिपरक अध्ययन** शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ

पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । यस कार्यमा मलाई सहयोग गर्नुहुने महानुभावहरू तथा संस्थालाई मेरो तर्फबाट कृतज्ञताज्ञापन गर्दछु । शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख एवम्  नेपाली केन्द्रीय विभाग परिवारप्रति पनि आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र मैले मेरा श्रद्धेय गुरु सहप्रा.डा. लक्ष्मणप्रसाद गौतमको निर्देशनमा तयार पारेको हुँ । उहाँले आफ्नो कार्य व्यस्तताका बीचबाट छुट्याउनुभएको समय मेरा लागि अत्यन्त मूल्यवान् सावित भएको छ । प्राज्ञिक निर्देश, अमूल्य सरसल्लाह एवम् उचित मार्गनिर्देशन गरी शोधपत्र तयार गर्न सहयोग गर्नुहुने मेरा शोधनिर्देशक गुरुप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस सन्दर्भमा सामग्री व्यवस्थापन गरी सहयोग गर्ने त्रि.वि.केन्द्रीय पुस्तकालयलाई सम्झन चाहन्छु । शोधपत्र तयार गर्दा ज-जसका सिर्जनात्मक र समालोचनात्मक कृतिहरू एवम् फुटकर लेखहरू परेका छन्, उहाँहरू पनि स्मरणीय हुनुहुन्छ ।

उच्च शिक्षाको महत्त्व बुझी निरन्तर रूपमा माया ममता, स्नेह एवम् आर्थिक सहयोग गर्ने पूजनीय पिता टेकराज अर्याल र माता स्व.शिवकला अर्यालप्रति सधैँ ऋणी रहनेछु । त्यस्तै आत्रेय मावली परिवारको सहयोगलाई पनि भुल्न सक्दिन ।

शोधपत्र तयार गर्दा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नुहुने श्रद्धेय गुरुवर्ग, साथीहरू गिरिराज न्यौपाने, देवी न्यौपाने, गोपीकृष्ण भण्डारीलगायत सहपाठी साथीहरू तथा मित्रहरूलाई सम्झन चाहन्छु ।

अन्तमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९/०३/२३

.........................

**युवराज अर्याल**

शैक्षिक सत्र : ०६५-०६७

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

# सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| अनु. | अनुवाद/अनुवादक |
| अप्र. | अप्रकाशित |
| एम्.ए. | मास्टर्स अफ आर्टस |
| कभाजीच | कवि भानुभक्ताचार्यको जीवन चरित्र |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| ते.स. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| न.सं. | नवौँ संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.सं. | पाँचौँ संस्करण |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| भारा | भानुभक्तको रामायण |
| भाल | भानुभक्तका लघुरचनाहरू |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सहप्रा. | सहप्राध्यापक |
| सा.प्र. | साझा प्रकाशन |
| ... | केही अंश छाडिएको |

# विषयसूची


पृष्ठ

**पहिलो परिच्छेद**
**शोधपरिचय** १-६
१.१ विषयपरिचय १
१.२ समस्याकथन २
१.३ शोधकार्यको उद्देश्य २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधकार्यको औचित्य, मह¤व र उपयोगिता ६
१.६ शोधकार्यको सीमाङ्कन ६
१.७ सामग्री सङ्कलन विधि तथा शोधविधि ६
१.८ शोधपत्रको रूपरेखा ६

**दोस्रो परिच्छेद**
**खण्डकाव्यको सैद्धान्तिक स्वरूप** ७-१७
२.१ पृष्ठभूमि ७
२.२ खण्डकाव्यको स्वरूप एवम् संरचना ८
२.३ खण्डकाव्यको व्युत्पत्ति र अर्थ ९
२.३.१ खण्डकाव्यसम्बन्धी पूर्वीय चिन्तन ९
२.३.२ नेपाली साहित्यमा खण्डकाव्यसम्बन्धी चिन्तन १०
२.४ खण्डकाव्यका त¤वहरू १२
२.४.१ आन्तरिक त¤व १४
२.४.१.१ कथावस्तु १४
२.४.१.२ विषयवस्तु/भाव/विचार १४
२.४.१.३ पात्रविधान १५
२.४.१.४ परिवेशविधान १५
२.४.१.५ दृष्टिविन्दु १५
२.४.२ बाह्य त¤व १६
२.४.२.१ भाषाशैली १६

२.४.२.२ विम्ब, प्रतीक र अलङ्कारविधान १६

२.४.२.३ लय वा छन्दविधान १७

२.५ निष्कर्ष १७

**तेस्रो परिच्छेद**

**भानुभक्त आचार्यको काव्ययात्रा र प्रवृत्तिहरू १८-३०**

३.१ विषयप्रवेश १८

३.२ सिर्जनशीलताको प्रेरणास्रोत र प्रभाव १९

३.३ भानुभक्तको काव्ययात्रा २०

३.३.१ फुटकर कविता २०

३.३.२ खण्डकाव्य २२

३.३.३ महाकाव्य २४

३.४ भानुभक्त आचार्यका काव्यप्रवृत्तिहरू २५

३.५ निष्कर्ष ३०

**चौथो परिच्छेद**

**वधूशिक्षा खण्डकाव्यको विश्लेषण ३१-६७**

४.१ विषयप्रवेश ३१

४.२ रचनाकाल र प्रकाशनकाल ३१

४.३ कृतिगत सन्दर्भ ३२

४.४ कृतिको संरचना र आयाम ३२

४.५ खण्डकाव्य त¤वका आधारमा वधूशिक्षा खण्डकाव्यको विश्लेषण ३३

४.५.१ कथावस्तु ३३

४.५.२ विषयवस्तु ३४

४.५.३ पात्रविधान ३६

४.५.४ परिवेशविधान ३७

४.५.५ उद्देश्य ३८

४.५.६ दृष्टिविन्दु ३८

४.५.७ भाषाशैली ३९

४.५.८ विम्ब, प्रतीक र अलङ्कारविधान ४०

४.५.९ लय वा छन्दविधान ४३
४.६ प्रवृत्तिगत आधारमा वधूशिक्षा खण्डकाव्यको विश्लेषण ४४
४.६.१ सामाजिक विषयवस्तुको प्रयोग ४४
४.६.२ नारी उपदेशको प्रधानता ४६
४.६.३ आदर्शवादी चेतना ४७
४.६.४ गार्हस्थ्य जीवनको चित्रण ४८
४.६.५ हिन्दू संस्कार र संस्कृतिको प्रभाव ४९
४.७ विभिन्न आलोचकहरूका दृष्टिमा वधूशिक्षा ५०
४.८ वधूशिक्षा खण्डकाव्यमा देखिएका पाठभेदहरूको अध्ययन ५४
४.९ निष्कर्ष ६६

**पाँचौं परिच्छेद**
**उपसंहार** **६८-७०**

**सन्दर्भसामग्री सूची ७१-७३**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

भानुभक्त आचार्य (वि.सं. १८७१-१९२५) लाई नेपाली साहित्यको प्राथमिक काल (सुरूदेखि १९४०) का केन्द्रीय प्रतिभा मानिन्छ । उनी प्राथमिक कालको भक्तिधाराको रामभक्ति उपधाराका विशिष्ट प्रतिभा हुन् । विं सं. १८९८ मा संस्कृत साहित्यको **अध्यात्म रामायण**को *बालकाण्ड*लाई अनुवाद गरी नेपाली साहित्यको क्षेत्रमा देखापरेका भानुभक्त आचार्यले मुख्यतः कविता विधाका क्षेत्रमा कलम चलाएको देखिन्छ । उनका **रामायण** नामक महाकाव्य, **भक्तमाला**, **प्रश्नोत्तरमाला** र **वधूशिक्षा** जस्ता खण्डकाव्य र दुई दर्जनभन्दा बढी मुक्तक तथा फुटकर कविताहरू प्रकाशित छन् ।

कवि भानुभक्त आचार्यका कविता कृतिहरूमा एकातर्फ हिन्दू पौराणिक जगत् र अर्कातर्फ समकालीन नेपाली समाज र त्यसको परिवेशको दोहोरो भूमिका रहेको छ । **रामायण** महाकाव्यमा हिन्दू पौराणिक वृत्तअन्तर्गतको रामकथाको वृत्त र समस्त हिन्दू पौराणिक मान्यताअन्तर्गतको स्वर्ग नर्क आदि विभिन्न दैवी जगत्को सन्दर्भ छ । प्रस्तुत महाकाव्यमा आचार्यले पौराणिक अतिरञ्जना र अवधारणालाई नेपालीकरण गरेका छन् । उनका तीनओटा खण्डकाव्यात्मक कृतिहरू **भक्तमाला**, **वधूशिक्षा** र **प्रश्नोत्तरमाला**को विषयवस्तुगत परिधिमा पनि न्यूनाधिक हिन्दू धार्मिक, आध्यात्मिक एवं पौराणिक अवधारणाको प्रभाव पर्नाका साथै नेपाली समाज र जनविश्वासको अनि अभिजात वर्गीय र पण्डित वर्गीय एवं जनस्तरीय विविध संचेतनाको छाप पनि परेकै छ । **वधूशिक्षा** खण्डकाव्यमा तद्युगीन पुरुषप्रधान दृष्टिकोणको प्रभुत्वभित्रै पनि लौकिक एवम् सामाजिक चेतना बढी सगबगाएको छ ।

भानुभक्त आचार्यका काव्यकृतिहरूमध्ये **वधूशिक्षा** मौलिक विषयवस्तुमा आधारित लघुतर खण्डकाव्य हो । प्रस्तुत काव्यको रचना आचार्यले आफ्ना मित्र तारापतिका घरमा वि.सं. १९१९ मा गरेको पाइन्छ । उनले तारापतिकी पत्नी र बुहारीको झगडाबाट अभिप्रेरित भएर नारीलाई कर्तव्याकर्तव्यको बोध गराउने उद्देश्यले यस कृतिको रचना गरेको देखिन्छ । प्रस्तावनाका तीन श्लोक र उपदेश खण्डका तेत्तीस श्लोक गरी जम्मा छत्तीस श्लोकको आयाममा विस्तारित **वधूशिक्षा** खण्डकाव्य अत्यन्त सूक्ष्म आख्यान भएको खण्डकाव्य हो । संस्कृत शास्त्रीय वर्णमात्रिक छन्दमा सिर्जित **वधूशिक्षा** खण्डकाव्यको कृतिगत विश्लेषण नभएको सन्दर्भमा यस कृतिको कृतिगत विश्लेषण गर्ने काम प्रस्तुत शोधपत्रमा भएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको प्राथमिक कालका केन्द्रीय प्रतिभा भानुभक्त आचार्यका कविता विधाको लघुतम रूपदेखि बृहत् रूपसम्मका काव्यकृतिहरू प्रकाशित छन् । मुक्तक तथा फुटकर कवितादेखि महाकाव्यसम्मका काव्यकृतिमा विशिष्ट पहिचान बनाउन सफल उनको **वधूशिक्षा** खण्डकाव्य नारीशिक्षा विषयमा आधारित एक प्रसिद्ध उपदेशप्रधान कृति हो । यस कृतिको बारेमा छिटपुट रूपमा अध्ययन भए पनि पूर्णतः कृतिमा आधारित भएर अध्ययन-विश्लेषण भएको छैन । त्यसैले **वधूशिक्षा** खण्डकाव्यको कृतिगत विश्लेषणमा केन्द्रित यस शोधकार्यको शीर्षकसँग निम्नलिखित समस्याहरू रहेका छन् :

१. विधात¤वका आधारमा **वधूशिक्षा** खण्डकाव्यको केकसरी विश्लेषण गर्न सकिन्छ ?
२. प्रवृत्तिगत आधारमा **वधूशिक्षा** खण्डकाव्य केकस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

भानुभक्त आचार्यकृत **वधूशिक्षा** खण्डकाव्यको कृतिगत विश्लेषणलाई मूल समस्या बनाइएको प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. विधात¤वका आधारमा **वधूशिक्षा** खण्डकाव्यको विश्लेषण गर्नु,
२. प्रवृत्तिगत आधारमा **वधूशिक्षा** खण्डकाव्यको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली कविताको इतिहासमा प्राथमिक कालका केन्द्रीय प्रतिभा भानुभक्त आचार्यद्वारा लिखित **वधूशिक्षा** खण्डकाव्यलाई केन्द्र बनाई वा प्रसङ्गवश रूपमा जेजति अध्ययनहरू भएका छन्, तिनको कालक्रमिक समीक्षा यस प्रकार छ :

मोतीराम भट्टले **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) नामक समालोचनात्मक कृतिमा भानुभक्त आचार्य काठमाडौँबाट आफ्नो घर तनहुँ जाने क्रममा मित्र तारापतिका घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारी झगडा गरेको घटनाबाट उत्प्रेरित भएर **वधूशिक्षा**को रचना गरेको प्रसङ्ग उल्लेख गरेका छन् । मोतीराम भट्टको यो अध्ययन भानुभक्तलाई चिनाउने क्रममै सीमित छ ।

बाबुराम आचार्यले **पुराना कवि र कविता** (२००३) नामक सम्पादित कवितासङ्ग्रहमा एक दिन भानुभक्तकी धर्मपत्नी उनको सामुन्नेमा हाँसेको र भानुभक्तले **वधूशिक्षा** लेखेको प्रसङ्ग उल्लेख गरेका छन् । आचार्यको यो अध्ययन कृतिको रचनासँग सम्बन्धित छ । **वधूशिक्षा**का बारेमा उनले मोटामोटी मात्र अध्ययन गरेका छन् ।

आनन्दसिंह थापाले **जाग्रत गोर्खा** (२०१२) पत्रिकामा प्रकाशित *आदिकवि भानुभक्त* शीर्षकको लेखमा आदर्श परिवार र आदर्श नारीको स्थापना गर्न भानुभक्तले **वधूशिक्षा** लेखेको सङ्क्षिप्त चर्चा गरेका छन् । थापाको यो अध्ययन तत्कालीन परिवेशमा नारीको स्थान र कर्तव्यको व्याख्यामा नै केन्द्रित रही सम्पूर्ण कृतिको विश्लेषणमा पुग्न सकेको छैन ।

यज्ञराज सत्यालले **रत्नश्री** (२०२२) पत्रिकामा प्रकाशित *नेपाली साहित्यको माध्यमिक कालका दुई प्रतिनिधि कवि* शीर्षकको लेखमा **वधूशिक्षा**मा वधूलाई शिक्षा दिएको कुरा उल्लेख गरेका छन् । उनको उक्त अध्ययन प्रसङ्गवशका रूपमा रही अल्पतामै सीमित छ ।

हृदयचन्द्रसिंह प्रधानले **भानुभक्त एक समीक्षा** (२०२३) नामक पुस्तकमा **वधूशिक्षा** नारी जातिको कल्याण चिन्तनलाई लिएर लेखिएको कृति हो तर सामाजिक व्याप्तिमा पुग्न नसकिकन पारिवारिक घेराभित्रै मात्र बाहिर भित्र हिँडडुल गरिरहेको देखिन्छ भनेर चर्चा गरेका छन् । प्रधानको यो अध्ययनमा आलोचकीय दृष्टि राखिएको छ ।

रामकृष्ण शर्माले **सप्त शारदीय** (२०२४) नामक समालोचनात्मक कृतिको *कवि भानुभक्तको विषयमा* शीर्षकको लेखमा भानुभक्तले मित्र तारापतिको घरमा लेखेको **वधूशिक्षा** र भानुभक्तले आफ्ना घरमा एक दिन पत्नीलाई सुनाएको केही श्लोक एउटै भएको अतिसङ्क्षिप्त प्रसङ्ग उल्लेख गरेका छन् । शर्माको यो अध्ययन कृतिलेखनसँग मात्र सम्बन्धित देखिन्छ ।

कृष्णप्रसाद भट्टराईले सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित **भानुभक्त स्मारक ग्रन्थ** (दो.सं. २०२६) मा **वधूशिक्षा** भानुभक्त आचार्यका मित्रका घरमा लेखिएको र रात्रिको समयमा झगडा र रगडा थियो, जहाँ जङ्गल वहाँ चण्डाल भन्ने उक्ति यहाँ थिएन, घर सम्पन्नै थियो भनी चर्चा गरेका छन् । उनको यो भनाइ तारापतिको घरको विषयमा मात्र केन्द्रित छ ।

राजनारायण प्रधानले इन्द्रबहादुर राईद्वारा सम्पादित **भानुभक्तका कृति : अध्ययनहरू** (२०२६) नामक समालोचनात्मक पुस्तकमा छत्तीस श्लोके **वधूशिक्षा** र सत्र श्लोके **वधूशिक्षा** दुवै भानुभक्तका हुन् कि होइनन् भन्ने सामान्य मत प्रस्तुत गरेका छन् । तुलनात्मक अध्ययनका दृष्टिले उनको अध्ययन मह¤वपूर्ण भए तापनि भानुभक्त तत्कालीन समाजका पक्षपोषक हुन् वा होइनन् भन्नेतर्फ दृष्टि पुऱ्याउन सकेका छैनन् ।

कमला साङ्कृत्यायनले **भानु** (२०२७) पत्रिकामा प्रकाशित *भानुभक्तका कृतिहरू* शीर्षकको लेखमा कविलाई प्रायः काठमाडौँ जान आउन पर्ने र वि.सं. १९१९ मा मित्र

तारापतिको घरमा बास बस्दा सासू-बुहारीको महाभारत सङ्ग्राममले कविको निद्रा हरायो र उसै राति **वधूशिक्षा**को रचना गरेको प्रसङ्ग उल्लेख गरकी छन् । सांकृत्यायनको यो अध्ययन कृति रचनाको प्रेरणासँग सम्बन्धित छ ।

हरिभक्त नेउपानेले **घाइते चिन्तन** (२०४२) पुस्तकमा *वधूशिक्षाको बाँसुरी* शीर्षकको लेखमा भानुभक्त कालीन परिवेशदेखि लिएर वर्तमान युगबोधसम्म पनि सुरिलो स्वरमा बाँसुरी तिरिरि गर्दै बजिरहेको वरवधूको पारस्परिक रोमाञ्चकारी कथा आत्मिक ध्वनिले प्रत्येक गृहस्थ जीवनका प्रकृति र पुरुषलाई घचघच्याइरहेकै छ भनी चर्चा गरेका छन् ।

व्रतराज आचार्यले **आदिकवि भानुभक्त : जीवनी र कविताको संपरीक्षण** (२०५८) पुस्तकमा वि.सं. १९१९ मा भानुभक्त आचार्य काठमाडौँबाट घर फर्कदा तारापतिको घरमा बास बसेको र त्यस रात तारापतिकी पत्नी र बुहारीका बीच दन्तबझान भएको प्रसङ्ग उल्लेख गरेका छन् । उनको अध्ययन पनि कृति विश्लेषणभन्दा जीवनीसँग बढी सम्बन्धित देखिन आउँछ ।

कविता लामाले **भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन** (सन् २००२) नामक समालोचनात्मक पुस्तकमा **वधूशिक्षा** सधवा स्त्री वा आदर्श बुहारीका निम्ति लेखिएको नीतिपरक उपदेशात्मक कृति मान्दै वधूशिक्षाले एकातिर प्रगतिशील विचारधारा अपनाएको छ भने अर्कातिर यसले रूढिवादी अन्धविश्वासी समाजको पक्षलाई पनि छर्लङ्ग देखाएको छ । कवि भानुभक्त एकातिर नारी सुधारक देखिन्छन् भने अर्कातिर उनी नारीविरोधी भई उभिएका छन् भन्ने धारणा सोदाहरण प्रस्तुत गरेकी छन् । उनको यो अध्ययन प्रसङ्गवश रूपमा कृतिलेखनसँग सम्बन्धित देखिए पनि मूलतः भाषावैज्ञानिक अध्ययनसँग सम्बन्धित छ ।

विश्वराज पाण्डेले भवानी घिमिरेद्वारा सम्पादित **आदिकवि भानुभक्त आचार्य** (२०६१) पुस्तकको *भानुभक्तको वधूशिक्षा र नेपाली नारी* शीर्षकमा **वधूशिक्षा** बुहारीलाई अर्ती, शिक्षा दिन लेखिएको कृति भएको चर्चा गरेका छन् । यो अध्ययन **वधूशिक्षा** कृति किन लेखियो र उद्देश्य के थियो भन्ने कुरामा मात्र केन्द्रित देखिन्छ ।

कृष्णराज अधिकारीले घनश्याम ढकालद्वारा सम्पादित **यथार्थवादी समालोचना** (२०६२) कृतिको *वधूशिक्षा कि धूसिक्री* शीर्षकमा नारीहरूलाई माल या धरौटी ठान्ने पुरुषकी दासी सम्झने अनि बच्चा जन्माउने र वासना पूर्तिका साधनका रूपमा मात्र स्वीकारेको र नारीको स्वतन्त्र अस्तित्वलाई स्वीकार्न नसकेको चर्चा गरेका छन् । अधिकारीको यो अध्ययन आजको सदर्भमा मह¤वपूर्ण छ तर भानुभक्त कालीन समाजलाई भुलेर आजको आँखाले मात्र तत्कालीन समाज र नारीलाई हेरेका छन् ।

भद्रवीर अधिकारीले **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान** (२०६२) शीर्षकको विद्यावारिधि शोध प्रबन्धको प्रकाशित पुस्तकाकार कृतिमा **वधूशिक्षा** काव्यका माध्यमबाट भानुभक्त आचार्यले बाह्य रूपमा आफ्ना मित्र र आन्तरिक रूपमा सनातन हिन्दू धर्मी समाजका सम्पूर्ण विवाहिता नारी जातिलाई ज्ञानबोध गराउने प्रसङ्ग उल्लेख गरेका छन् । उनले विधात¤वका आधारमा यस कृतिलाई सङ्क्षिप्तमा विश्लेषण गरेका छन् ।

मतिप्रसाद ढकालले **भानुभक्तका लघुरचनाहरू** (२०६४) पुस्तकमा भानुभक्त आचार्यद्वारा रचित हस्तलिखित **वधूशिक्षा** र मोतीराम भट्टद्वारा प्रकाशित **वधूशिक्षा**मा पाठभेदसम्बन्धी अध्ययन गरेका छन् । पाठभेदसम्बन्धी अध्ययनका दृष्टिले ढकालको अध्ययन निकै मह¤वपूर्ण छ तर ढकाल पाठभेदमै सीमित रही कृति विश्लेषणतर्फ उन्मुख भएका छैनन् ।

देवेन्द्र नेपालले **भानुभक्तसम्बन्धी अनुसन्धान परम्परा २०१०-२०२४** (२०६५) शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा **वधूशिक्षा** भानुभक्त आचार्यका मित्र तारापतिको घरमा सासू र बुहारीको झगडा भएको घटनाबाट रचिएको प्रसङ्ग उल्लेख गरेका छन् । यो अध्ययन अनुसन्धान परम्पराको विवरण दिनमै केन्द्रित छ ।

उल्लिखित अध्ययन अनुसन्धानमध्ये मोतीराम भट्ट र बाबुराम आचार्यले भानुभक्त आचार्यलाई चिनाउने क्रममा र आनन्दसिंह थापा, हृदयचन्द्रसिंह प्रधान तथा यज्ञराज सत्यालले बुहारीलाई शिक्षा दिएको कुरा चर्चा गरेका छन् । कृष्णप्रसाद भट्टराईले तत्कालीन अवस्थामा **वधूशिक्षा**को आवश्यकता भन्दै चर्चा गरेका छन् । राजनारायण प्रधानले भानुभक्तलाई चिनाउने क्रममा १७ श्लोके **वधूशिक्षा** र ३६ श्लोके **वधूशिक्षा**को तुलना तथा कमला सांकृत्यायनले कति रचनाको प्रेरणासम्बन्धी कुरा उल्लेख गरेकी छन् । हरिभक्त नेउपानेले भानुभक्त कालीन समाजदेखि हालसम्म **वधूशिक्षा**को बाँसुरी बजेको उल्लेख गरे तापनि कृतिगत विश्लेषणलाई ध्यान दिएका छैनन् । त्यस्तै व्रतराज आचार्य र देवेन्द्र नेपालको अध्ययन पनि कृति रचनाको प्रेरणातर्फ उन्मुख छ । कृष्णराज अधिकारीको अध्ययन मह¤वपूर्ण हुँदाहुँदै पनि आजको समाजतर्फ मात्र केन्द्रित छ । मतिप्रसाद ढकाल पाठभेदमै सीमित भएका छन् भने भद्रवीर अधिकारीको अध्ययन विशेष मह¤वपूर्ण छ । भद्रवीर अधिकारीले खोज, प्रकाशन, विषयवस्तु आदि विविध कोणबाट केलाउने प्रयास गरेका छन् । यी सबै अध्ययनतर्फ दृष्टि दिदा **वधूशिक्षा** काव्यको कृतिगत विश्लेषण नभएको सन्दर्भमा यस शोधपत्रमा उक्त कार्यलाई पूरा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, मह¤व र उपयोगिता

**वधूशिक्षा** भानुभक्त आचार्यकृत एक चर्चित लघुतर खण्डकाव्य हो । प्राथमिक कालीन कविताका क्षेत्रमा यसको मह¤वपूर्ण स्थान रहेको छ । हिन्दू धर्मानुसारको भानुभक्तीय समाजका केन्द्रीयतामा लेखिएको प्रस्तुत कृतिका बारेमा केही विद्वान्हरूले टिका टिप्पणी गरे तापनि कृतिगत विश्लेषण गरिएको छैन । यसै परिप्रेक्ष्यमा **वधूशिक्षा**को कृतिगत विश्लेषणमा केन्द्रित प्रस्तुत शोधकार्य स्वतन्त्र अध्येता, जिज्ञासु पाठक, समालोचक, अनुसन्धाता सबैका लागि सहयोगी हुने हुनाले औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

भानुभक्त आचार्य नेपाली साहित्यको प्राथमिक कालका केन्द्रीय कवि हुन् । उनले कविता विधाको लघुतम रूपदेखि बृहत् रूपसम्मका काव्यकृतिको रचना गरेका छन् । भानुभक्तद्वारा छब्बीस ओटा मुक्तक कविता, चौबीस ओटा फुटकर कविता, भक्तमाला, प्रश्नोत्तरमाला र वधूशिक्षा खण्डकाव्य तथा रामायण शीर्षकको महाकाव्यको रचना गरिए पनि प्रस्तुत शोधकार्य उनको **वधूशिक्षा** खण्डकाव्यको कृतिपरक अध्ययन-विश्लेषणसँग मात्र सम्बन्धित छ ।

## १.७ सामग्री सङ्कलन विधि तथा शोधविधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको यो शोधकार्य कविता विधाको खण्डकाव्य उपविधासँग सम्बन्धित भएकाले खण्डकाव्यको सैद्धान्तिक आधार लिँदै विश्लेषणात्मक शोधविधिको प्रयोग गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुसङ्गठित बनाउन निम्नलिखित परिच्छेद र शीर्षकमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय<br>
दोस्रो परिच्छेद : खण्डकाव्यको सैद्धान्तिक स्वरूप<br>
तेस्रो परिच्छेद : भानुभक्त आचार्यको काव्ययात्रा र प्रवृत्तिहरू<br>
चौथौ परिच्छेद : **वधूशिक्षा** खण्डकाव्यको विश्लेषण<br>
पाँचौँ परिच्छेद : उपसंहार<br>
सन्दर्भसामग्री सूची

## दोस्रो परिच्छेद

# खण्डकाव्यको सैद्धान्तिक स्वरूप

## २.१ पृष्ठभूमि

साहित्यका प्रमुख चार विधाहरू कविता, नाटक, आख्यान र निबन्धमध्ये कविता विधा सर्वप्राचीन र लोकप्रिय विधा हो । पूर्वीय साहित्यका **ऋग्वेद**, **रामायण** र **महाभारत** तथा पश्चिमी साहित्यका **इलियाड** र **ओडिसी**लाई प्राचीनतम काव्यात्मक कृति मानिन्छ । पहिलेदेखि अहिलेसम्म आफ्नो लोकप्रियता र विधागत अस्तित्वलाई कायम राख्न सफल कविता विधालाई पनि विभिन्न उपविधामा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । संरचनाका दृष्टिले कवितालाई प्रगीतात्मक, आख्यानात्मक र नाटकीय गरी तीन प्रकारमा बाँड्न सकिन्छ भने आयामका दृष्टिले लघुतम, लघु, मध्यम, बृहत् र बृहत्तर वा बृहत्तम गरी पाँच प्रकारमा बाँडेर अध्ययन गर्न सकिन्छ । कविताका यस्ता प्रकारहरूमध्ये खण्डकाव्य कविता विधाको मध्यम आयामको उपविधा हो । लघु कविताभन्दा माथिल्लो र बृहत् कविताभन्दा तल्लो मझौला रूप नै कविता विधाको उपविधाअन्तर्गत पर्ने काव्यरूप खण्डकाव्य हो ।

खण्डकाव्य पूर्वीय साहित्यको देन हो । पश्चिमी काव्य परम्परामा पनि मझौला आयामको कविता पाइन्छ तर त्यो पूर्वीय खण्डकाव्यभन्दा केही भिन्न प्रकृतिको मानिन्छ । पूर्वीय र पाश्चात्य मझौला काव्यको तुलनामा खण्डकाव्य परम्पराकै पृष्ठभूमिमा पाइलो राखेर क्रमशः आधुनिकता र नवीनतातिर उदीयमान रहँदै आएको उद्यानमा फक्रिएको सुगन्धित फूल हो भने लामो कविता दुरूस्त फूल झैँ देखिने तर सुगन्ध नआउने दृश्य संवेद्यता मात्र रहेको नवनिर्मित प्रयोगको रूप हो ।[1] यसबाट के बुझिन्छ भने पूर्वीय साहित्यको खण्डकाव्य र पश्चिमी साहित्यको लामो कविता आयामका दृष्टिले उस्तै भए पनि तिनको आन्तरिक स्वरूप भिन्न छ । पाश्चात्य कविता जगत्मा परम्परित रूपमा रहे पनि बीसौँ शताब्दीको प्रथम विश्वयुद्धपछिका प्रयोगवादी कविता क्षेत्रमा वढी प्रचलित र प्रतिष्ठापित हुन पुगेको अनि आधुनिक नेपाली कवितामा समेत प्रयोगवादी धारादेखि प्रचलनमा आएको कविताको खण्डकाव्यको नजिकको अर्को रूप लामो कविता हो ।[2] यसबाट पनि के स्पष्ट हुन्छ भने लामो कविता र खण्डकाव्य आयामगत रूपमा समान देखिए पनि यिनमा भिन्नता रहेको छ । यहाँ कविताको मझौला आयाममा संरचित हुने

---

१. गङ्गा शर्मा, **'भीमसेन थापा' खण्डकाव्यको कृतिपरक अध्ययन**, (अप्र.स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६६), पृ. ११ ।

२. महादेव अवस्थी, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श**, (काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस, २०६४), पृ. ४६ ।

खण्डकाव्यको सैद्धान्तिक पक्ष मात्र केलाउने उद्देश्य रहेको हुँदा खण्डकाव्यको सैद्धान्तिक पक्ष मात्र चर्चा गरिएको छ ।

खण्डकाव्य पूर्वीय साहित्यको उपज भएको हुनाले यसको संरचना त¤व र यससम्बन्धी सैद्धान्तिक धारणाहरू पनि पूर्वीय काव्यसिद्धान्तमा नै प्राप्त गर्न सकिन्छ । यसो भए तापनि खण्डकाव्यको वस्तु, पात्र, परिवेश आदि त¤व भएको हुनाले पाश्चात्य काव्यसिद्धान्तलाई पनि यथोचित न्याय गर्दै पूर्वीय तथा पाश्चात्य काव्यशास्त्रीय मान्यताका आधारमा खण्डकाव्यका त¤वलाई निर्धारण गर्नु उपयुक्त हुन्छ ।

## २.२ खण्डकाव्यको स्वरूप एवम् संरचना

खण्डकाव्य कविताको मझौला रूप हो । त्यसैले यसको स्वरूप न लघु न बृहत् हुन्छ । यसमा फुटकर कविताजस्तो भावको सूक्ष्म वा झिनो अभिव्यक्ति मात्र हुँदैन, आख्यानले युक्त भएको जीवन र जगत्को एउटा विशिष्ट पक्षलाई खण्डकाव्यमा प्रस्तुत गरिएको हुन्छ । बृहत् काव्यजस्तो जीवन जगतको विस्तार पनि यसमा हुँदैन । महादेव अवस्थीका अनुसार चतुष्पदी दुई श्लोकदेखि उन्नाइस श्लोक वा सो सरहको पंक्तिपुञ्जमा आधारित अनुच्छेदगत लमाइ भएको कविता लघु कविता हो भने एक हजारभन्दा बढी र चार हजार नौ सय उनान्सयसम्मको चतुष्पदी श्लोक सङ्ख्यागत लमाइ भएको कवितालाई बृहत् कविता वा महाकाव्य भनिन्छ ।[3] यहाँ फुटकर कविता र बृहत् कविताको आयामगत स्वरूप देखाइए पनि यसबाट खण्डकाव्यको विस्तार सीमा पनि निर्धारण गर्न सकिन्छ । यसबाट के स्पष्ट हुन्छ भने महाकाव्य काव्यीय सीमाको प्रारम्भ अर्थात् श्लोक सङ्ख्याका दृष्टिले एक हजार श्लोकमुनि र सामान्य फुटकर कविताको सीमाभन्दा माथिल्लो संरचना नै महाकाव्य हो भन्ने बुझ्न सकिन्छ । त्यसै गरी पूर्वीय साहित्यशास्त्री विश्वनाथका अनुसार सर्गविधानका दृष्टिले महाकाव्यमा आठभन्दा बढी सर्ग हुनु पर्ने धारणा “सर्गा अष्टाधिका इह”[4] भन्ने भनाइबाट प्रष्ट हुन आउँछ । यसबाट खण्डकाव्यको आयामगत स्वरूप आठ सर्गभन्दा बढी न्यून हुनुपर्ने बुझिन्छ । खण्डकाव्य प्रबन्धकाव्य भएकाले यसमा स्थूल वा सूक्ष्म कथावस्तु, मानव वा मानवेतर पात्र, बाह्य वा आन्तरिक परिवेशको चित्रणजस्ता पक्षहरू विद्यमान रहन्छन् । त्यसैले यसको स्वरूप आख्यानात्मक वा प्रबन्धात्मक हुन्छ भने संरचनागत दृष्टिले यो जीवन जगतको एक विशिष्ट पक्षलाई प्रस्तुत गर्ने काव्यको मध्यमस्तरीय आयाममा विस्तारित हुन्छ ।

---

३. ऐजन, पृ. ४६ ।

४. विश्वनाथ, **साहित्यदर्पण**, सम्पा., नगेन्द्र, (दिल्ली : गौतम बुक डिपो, सन् १९५८), पृ. ५५० ।

## २.३ खण्डकाव्यको व्युत्पत्ति र अर्थ

'खण्डकाव्य' नेपाली भाषाको तत्सम स्रोतको एक व्युत्पन्न शब्द हो । यो 'खण्ड' र 'काव्य' दुई शब्द मिली बनेको एक समासव्युत्पन्न शब्द हो । नेपाली भाषाका सामान्य सन्दर्भमा 'खण्डकाव्य' शब्दले 'खण्डचाहिँ काव्य' भन्ने कर्मधारय समासअनुसारको व्युत्पत्तिगत अर्थ बुझाए पनि संस्कृत भाषाका सुप्सुपा समाससम्बन्धी नियमअनुसार यो 'खण्डकाव्य' शब्द षष्ठी तत्पुरुष समास भई बनेको समस्त शब्द हो र यसको व्युत्पत्ति वा विग्रह हो - काव्यको खण्ड = खण्डकाव्य ।[५] यस व्युत्पत्तिका आधारमा कुनै काव्यको खण्ड नै खण्डकाव्य हो भन्ने अर्थ 'खण्डकाव्य' शब्दले बुझाउँछ ।

खण्डकाव्य प्रबन्ध काव्यको भेद भएको हुनाले प्रबन्ध काव्यको चर्चासँगै खण्डकाव्यको चर्चा भएको पाइन्छ । काव्यका विभिन्न उपभेद गरेर मझौला काव्यलाई परिभाषित गर्ने काम नवौँ शताब्दीका रुद्रटबाट भएको पाइन्छ ।[६] रुद्रटले देखाएको प्रबन्धकाव्यको लघु भेदले खण्डकाव्यको लक्षणलाई प्रष्ट पार्ने काम गरेको छ ।

### २.३.१ खण्डकाव्यसम्बन्धी पूर्वीय चिन्तन

पूर्वीय काव्यशास्त्रीय परम्परामा खण्डकाव्यसम्बन्धी चिन्तन धेरैपछि आएर मात्र देखापरेको हो । संस्कृत साहित्यमा खण्डकाव्यबारे चर्चा गर्ने प्रथम आचार्य विश्वनाथ ( इसाको चौधौँ शताब्दी) हुन् । यिनले काव्यको एक देशका रूपमा खण्डकाव्यलाई चिनाएका छन्-"खण्डकाव्य भवेत् काव्यस्यैकदेशानुसारी च" ।[७] उनीभन्दा पहिलेका आचार्यहरूले खण्डकाव्यको स्वरूपका बारेमा खासै चर्चा गरेको पाइँदैन । उनीभन्दा पहिले साहित्य/काव्य र त्यसका विभिन्न भेदका परिचय दिने कार्य भने संस्कृत साहित्यशास्त्रीहरूले गरेको देखिन्छ । त्यही परम्पराका सापेक्षतामा विश्वनाथको खण्डकाव्यसम्बन्धी मान्यताको विवेचना गर्नु उचित देखिन्छ ।

संस्कृत साहित्यशास्त्रमा काव्य/साहित्यबारे सैद्धान्तिक चिन्तन भरतमुनि (इसाको दास्रो शताब्दी) देखि सुरु भएको हो । त्यसैले भरतलाई नै पूर्वीय साहित्यशास्त्रका आदि आचार्य मानिन्छ ।[८] भरत र उनीभन्दा पछिका भामह र दण्डीले खण्डकाव्यबारे बेग्लै विवेचना नगरी साहित्यको विभाजन मात्र गरेका हुन् । छैटौँ शताब्दीका आचार्य भामहले काव्यलाई वृत्तबन्ध र अवृत्तबन्धमा विभाजन गरी महाकाव्य जस्ता पद्य काव्यलाई

---

५. महादेव अवस्थी, पूर्ववत्, पृ. ३८ ।

६. रुद्रट, **काव्यालङ्कार**, (दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५), पृ. ४१८ ।

७. विश्वनाथ, **साहित्यदर्पण**, सम्पा., नगेन्द्र, पूर्ववत्, पृ. ५५० ।

८. केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, दो.सं., (ललितपुर : साझा प्रकाशन, २०४८), पृ. ५ ।

वृत्तबन्धमा राखेका छन् ।[९] यद्यपि उनले खण्डकाव्यका बारेमा कुनै चर्चा गरेका छैनन् तर उनले विभाजन गरी देखाएका काव्यका भेदमध्ये वृत्तबन्धअन्तर्गत खण्डकाव्यलाई राख्न सकिन्छ । भामहपछिका साहित्यशास्त्री दण्डी (इसाको सातौँ शताब्दीको अन्त्य र आठौँ शताब्दीको सुरूतिर) हुन् । यिनले पनि काव्यबारे छुट्टै विवेचना नगरी भामहका काव्यलक्षण विभाजनलाई नै स्वीकारेका छन् ।[१०] आठौँ शताब्दीको उत्तरार्द्धका आचार्य रूद्रटले काव्यको चर्चा गर्दा महाकाव्यलाई काव्य र खण्डकाव्यलाई लघु काव्य भनी काव्यका प्रमुख भेदको चर्चा गरेका छन् ।[११] नवौँ शताब्दीका आनन्दवर्द्धन र दशौँ शताब्दीका अभिवन गुप्तले कवितालाई दस श्रेणीमा विभाजन गरे पनि खण्डकाव्यको छुट्टै परिभाषा गरेका छैनन् । चौधौँ शताब्दीको मध्यतिरका विश्वनाथले काव्यलाई यसरी विभाजन गरी वर्गीकरण गरेको पाइन्छ :

क) काव्य : कुनै एक कथालाई लिएर एकै विषयमा लेखिएको असमग्र पद्यकाव्य,

ख) खण्डकाव्य : काव्यका एक देशको अनुसरण गर्ने काव्य, जस्तै मेघदूत आदि,

ग) एकार्थकाव्य वा उपमहाकाव्य : खण्डकाव्य र महाकाव्यबीचको काव्य,

घ) महाकाव्य : सिङ्गो जीवनको व्याख्या गरिएको सर्गबन्ध विशिष्ट काव्य ।[१२]

यसरी काव्यको परिगणना गरी खण्डकाव्यको विशेष परिचय दिने प्रथम व्यक्ति विश्वनाथ नै हुन् । यिनीपछिका विद्वान्हरूले यिनकै अनुसरणमा खण्डकाव्यको मान्यतालाई अगाडि सार्दै आएका छन् । भाषा (संकृत-प्राकृत) र विभाषा (अपभ्रंश) का नियमले सर्गयुक्त एकार्थक तथा पञ्चसन्धिसहित पद्यात्मक रचना काव्य हो । एक देशको अनुसरण गरेर लेखिएको रचना खण्डकाव्य हो । शृङ्खलित इतिवृत्त नभएको परस्पर असम्बद्ध श्लोकहरूबाट निर्मित काव्य नै एकार्थ काव्य या कोषकाव्य हो भने महत् उद्देश्य, महत् चरित्र एवम् समग्र युगजीवनको चित्रण भएको, गरिमामय र उदात्त शैली भएको प्रबन्ध काव्य नै महाकाव्य हो ।[१३]

## २.३.२ नेपाली साहित्यमा खण्डकाव्यसम्बन्धी चिन्तन

नेपाली साहित्यमा खण्डकाव्यलेखन र यसका बारेमा व्याख्या विश्लेषण भएको पाइन्छ । काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बीचैबाट उठेर बीचैमा टुङ्गिएको सर्गबन्धन, सन्धिबन्धनहरू नभएको छोटो काव्यलाई खण्डकाव्य

---

[९] भामह, **काव्यालङ्कार**, (पटना : विहार राष्ट्रभाषा परिषद्, २०१९), पृ. ९-१० ।

[१०] नगेन्द्र, **भारतीय काव्यशास्त्रकी भूमिका**, ते.सं., (दिल्ली : नेसनल बुक पब्लिसिङ हाउस, सन् १९७६), पृ. ५ ।

[११] रूद्रट, **काव्यालङ्कार**, पूर्ववत्, पृ. ४१८ ।

[१२] विश्वनाथ, **साहित्यदर्पण**, सम्पा., नगेन्द्र, पूर्ववत्, पृ. ५५० ।

[१३] महादेव अवस्थी, पूर्ववत्, पृ. ४० ।

भन्दछन् ।[१४] खण्डकाव्यको चिनारी गराउँदै माधवप्रसाद घिमिरेद्वारा यसको स्वरूपलाई नदीसँग तुलना गरिएको छ । उनका अनुसार "यहाँ निर्झरले खोलालाई बोलाउँछ-ललित महाकाव्य बन्छन्, नदीले सागरलाई बोलाउँछ-बृहदाकार महाकाव्य बन्छन् ।"[१५] घिमिरेको यो परिभाषा रूपकात्मक रहेको छ । यहाँ फुटकर कवितालाई निर्झर अर्थात् झरनाका रूपमा र ललित महाकाव्यलाई नदीका रूपमा प्रस्तुत गर्दै नदी र झरनाका बीच तुलना गरिएको छ अर्थात् खोलाका रूपमा खण्डकाव्यलाई देखाउँदै यसको काव्यको चर्चा गर्दै निष्कर्षका रूपमा खण्डकाव्यको परिभाषा गरिएको छ । "खण्डकाव्य कविता विधाको त्यस्तो मझौलो आयामको उपविधागत भेद मन्न सकिन्छ, जसमा कुनै आद्ययान अँगालेर वा नअँगाली जीवन जगत्को एक अंश या भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त भाषिक लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ ।"[१६] यस परिभाषाअनुसार खण्डकाव्यमा आख्यान रहन वा नरहन पनि सक्छ र यसमा जीवनजगत्को कुनै एक अंश शृङ्खलित रूपमा रहन्छ ।

कुमारबहादुर जोशीका अनुसार "साहित्यकारले आफ्नो मनोभाव वा अनुभूतिलाई आख्यानीकरण गरेर अर्थात् आख्यानमा ढालेर जब अभिव्यक्ति दिन्छ त्यो अभिव्यक्ति लयात्मक भए खण्डकाव्य वा महाकाव्य हुन्छ ।"[१७] यस परिभाषाले साहित्यकारको वैयक्तिक अनुभवलाई प्रमुख स्रोतका रूपमा लिँदै आख्यान त¤वलाई मात्र जोड दिएकोले पूर्वीय काव्यशास्त्रीय सिद्धान्तका सापेक्ष नभएको हो कि भन्ने संशय पनि पैदा हुन सक्ने देखिन्छ । यस्तै समीक्षक केशवप्रसाद उपाध्यायका अनुसार "खण्डकाव्यमा जीवनको अंशविशेषको झलक प्रस्तुत गरिन्छ । यसमा एउटै सीमित कालखण्डमा वा अल्प अवधिमा घटित एउटै घटना, एउटै चरित्र र एउटै प्रभाव उपस्थापित हुन्छ । यसमा एउटै रसको अभिव्यक्ति एउटै छन्दमा गरिनु अपेक्षित ठहर्छ ।"[१८] सीमित कालखण्डमा घट्ने घटनालाई विषयवस्तु बनाई रचना गरिने खण्डकाव्य एउटै छन्दमा, एउटै रसलाई परिपाक तुल्याई क्रमबद्ध रूपमा अभिव्यक्त गरिनुपर्ने दृष्टिकोण यस परिभाषामा देखिन्छ ।

नेपाली खण्डकाव्य र महाकाव्यसम्बन्धी अध्ययन गरी निष्कर्ष दिने क्रममा महादेव अवस्थीले "खण्डकाव्य कविताका लघु वा फुटकर रूप र बृहत् वा महाकाव्यका बीचमा अवस्थित मझौला किसिमको आयाम भएको त्यस्तो रूप हो जसमा जीवनका अंश

---

१४. सोमनाथ शर्मा सिग्देल, **साहित्यप्रदीप**, ते.सं., (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८), पृ. ९२ ।
१५. माधवप्रसाद घिमिरे, सम्पा., **पच्चीस वर्षका नेपाली खण्डकाव्य**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०३९), पृ. ७ ।
१६. वासुदेव त्रिपाठी र अन्य, सम्पा., **नेपाली कविता** भाग ४, चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६५), पृ. ५६-५७ ।
१७. कुमारबहादुर जोशी, **कविता चर्चा**, (ललितपुर : साझा प्रकाशन, २०४०), पृ. ७ ।
१८. केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, दो.सं., (ललितपुर : साझा प्रकाशन, २०४०), पृ. २०३-४ ।

विशेषका आख्यानात्मक वा आख्यान निरपेक्ष भाषिक अभिव्यक्ति गरिएको हुन्छ ।"[१९] अवस्थीले खण्डकाव्यलाई आख्यानसहित वा सहित दुवै प्रकारको हुन सक्ने मझौला काव्यका रूपमा लिएका छन् ।

यी परिभाषाहरूबाट खण्डकाव्यको लक्षण निर्धारण भएको छ र यो कविता विधामा अन्य उपविधा फुटकर र बृहत् काव्यको सापेक्षतामा मध्यमस्तरीय काव्यका रूपमा स्थापित हुन पुगेको छ । यी सबै परिभाषाहरूलाई हेरेर खण्डकाव्यलाई यसरी परिभाषित गर्न सकिन्छ :

**जीवनको कुनै एक खण्डको प्रतिनिधित्व गर्ने खालको खास विषयवस्तुद्वारा एकान्वितिपूर्ण श्लोकबाट पूर्ण एक रसात्मक वा असमग्र रसात्मक एवं अन्य काव्यधर्मले युक्त काव्य नै खण्डकाव्य हो ।**

## २.४ खण्डकाव्यका त¤वहरू

खण्डकाव्यको संरचनामा निश्चित त¤वहरू हुन्छन् र तिनै त¤वको समुचित उपयोगबाट खण्डकाव्य निर्माण भएको हुन्छ । खण्डकाव्य प्रबन्ध काव्यको भेद भएकाले यसमा प्रबन्धात्मक गुणहरू विद्यमान रहन्छन् र यो लयात्मक ढाँचामा लेखिने हुँदा यसमा कविताका गुणहरू हुनुपर्छ भन्ने सन्दर्भमा वासुदेव त्रिपाठीद्वारा निम्नलिखित त¤वहरू उल्लेख गरिएको छ :

१) बद्ध लय वा मुक्त लय

२) भाषाशैली

३) जीवनको एक अंशको कथन गर्ने आख्यान, अन्तरआख्यान वा विकल्प विशेषमा निहित आख्यान आभास अन्तर्गतका

- क) कथानक वा अन्तर्कथा
- ख) पात्रविधान वा अन्तर्पात्रियता
- ग) देशकाल वा परिवेश
- घ) मझौलो आयामको कथनपद्धति तथा शिल्पसंरचना वा प्रयोगवादी संरचनाविहीन संरचना[२०]

मोहनहिमांशु थापाले खण्डकाव्यको सैद्धान्तिक चर्चा गर्ने क्रममा यसका त¤वहरूलाई यसरी निर्धारण गरेका छन् :

---

१९. महादेव अवस्थी, पूर्ववत्, पृ. ५६ ।

२०. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. ५६ ।

१) कथा

२) पात्र

३) भाषाशैली

४) वातावरण

५) जीवनदृष्टि[२१]

महादेव अवस्थीका विचारमा खण्डकाव्यका त¤वहरू यस प्रकार छन् :

१) शीर्षक

२) भाषाशैली

३) लयविधान

४) प्रबन्धविधान

५) सर्गयोजना

६) भावविधान (विषयवस्तुगत भावविधान)

७) उक्तिढाँचा

८) विम्बप्रतीक-विधान र अलङ्करणका प्रविधि

९) आयाम[२२]

उपर्युक्त विद्वान्हरूद्वारा निरूपित खण्डकाव्यका त¤वहरूलाई हेर्दा केही भिन्नता देखिए पनि तिनमा धेरै समानताहरू पाइन्छन् । खण्डकाव्य प्रबन्धकाव्य भएकाले यसमा प्रबन्धात्मक गुण रहेकै हुन्छन् । त्यसैले यहाँ विवेच्य काव्य विश्लेषणको सुगमतालाई समेत ध्यानमा राखेर खण्डकाव्यका त¤वहरू निर्धारण गरिएको छ । यसमा त¤वगत सूक्ष्म भेदलाई एउटै स्थूल रूपमा समावेश गर्नुका साथै आन्तरिक र बाह्य दुई किसिमले वर्गीकरण गरी यस प्रकार प्रस्तुत गरिन्छ :

१) आन्तरिक त¤व

क) कथावस्तु

ख) विषयवस्तु/भाव/विचार

ग) पात्रविधान

घ) परिवेशविधान

ङ) उद्देश्य

च) दृष्टिविन्दु

---

२१. मोहनहिमांशु थापा, **साहित्य परिचय**, चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. ६० ।

२२. महादेव अवस्थी, पूर्ववत्, पृ. ४८ ।

२) बाह्य त¤व

क) भाषाशैली

ख) विम्ब, प्रतीक र अलङ्कारविधान

ग) लय वा छन्दविधान

## २.४.१ आन्तरिक त¤व

### २.४.१.१ कथावस्तु

खण्डकाव्यमा कथावस्तु झिनो वा पुष्ट रूपमा आउन सक्छ । कथावस्तुका दृष्टिले नै खण्डकाव्यमा तीन ढाँचा उल्लेख गर्दै वासुदेव त्रिपाठीद्वारा खण्डकाव्यमा कथावस्तुको प्रबन्धन प्रस्तुत गरिएको छ । उनका अनुसार "पहिलो ढाँचा सूक्ष्म वा स्थूल आख्यानीकरणमा आधारित भएको पाइन्छ भने दोस्रो ढाँचामा कुनै स्थान, प्रसङ्ग, घटनाविशेष, व्यक्तिविशेष, भावविशेष वा विचारविशेष केन्द्रमा रहन्छन् । त्यसरी नै तेस्रो ढाँचामा ती खण्डकाव्यहरू पर्दछन् जसमा केही आख्यानपूर्वक वा कथांश बीचबीचमा रहन्छन् तर अवचेतन वा अमूर्त लेखनका कारण आख्यान विकासचाहिँ हुँदैन, जसलाई प्रयोगवादी धारमा प्रचलित लामा कविता भनिन्छ ।"[२३] यी तीनै प्रकारका ढाँचाहरूको मुख्य भिन्नता कथावस्तु सूक्ष्म, स्थूल र मुक्त अवस्थामा रहेर खण्डकाव्य लेखिन सक्छन् ।

### २.४.१.२ विषयवस्तु/भाव/विचार

विषयवस्तुसम्बन्धी चर्चाको थालनी पूर्वीय संस्कृत साहित्यबाट भएको हो । कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारत¤व तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ ।[२४] विषयवस्तुगत भावविधान पनि खण्डकाव्यको एक मुख्य त¤व हो । खण्डकाव्यमा चित्रण गरिएको जीवनजगत् सम्बन्धी विषयवस्तु प्रकृति, मानवसमाज, धर्मसंस्कृति, इतिहास, पुराण, राजनीति, अर्थनीति, शिक्षा, स्वास्थ्य आदि जस्ता अनेक पक्षमध्ये कुनै एक हुन सक्छ र जीवनको एक अंशलाई व्यक्त गर्ने हदसम्म त्यस्ता एकाधिक विषयलाई मिसाएर पनि खण्डकाव्यको विषयवस्तु बनाइएको हुन सक्दछ ।[२५] यस्तो काव्यसामग्रीलाई खण्डकाव्यमा आख्यानात्मक वा आख्यानविकल्पी संरचना, भाषाशैली, लय, सर्गयोजना आदिका माध्यमबाट व्यक्त गर्न खोजिएको सारभूत कुरो नै

---

[२३]. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. ५५-५६ ।

[२४]. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, (काठमाडौं : पैरवी प्रकाशन, २०६६), पृ. २४७ ।

[२५]. महादेव अवस्थी, पूर्ववत्, पृ. ५० ।

त्यसको केन्द्रीय कथ्य वा सारवस्तु हो । त्यो केन्द्रीय कथ्य वा सारवस्तु कुनै खास भाव वा विचार हुने गर्दछ ।

### २.४.१.३ पात्रविधान

कथानकलाई गतिशील बनाउने कार्य पात्रद्वारा गरिन्छ । कथानकका सम्पूर्ण घटना र कार्य पात्रमा निहित हुन्छन् । पात्र त्यो माध्यम हो जसका आधारमा कुनै घटनाको कल्पना गरी यथार्थ प्रस्तुतीकरणको प्रयास गरिन्छ ।[२६] कथानकलाई गति प्रदान गर्नुको सट्टा समाजका विविध क्षेत्रको प्रतिनिधित्व समेत गरेको हुन्छ । काव्यमा पात्रहरू मुख्य, सहायक, गौण, स्त्री, पुरुष, अनुकूल, प्रतिकूल, गतिशील, गतिहीन, व्यक्तिगत, वर्गगत, प्रत्यक्ष, अप्रत्यक्ष, बद्ध, मुक्त आदि विविधखाले हुन्छन् । अनावश्यक पात्र खण्डकाव्यमा हुनु हुँदैन ।

### २.४.१.४ परिवेशविधान

पात्रद्वारा भोगिएको जीवनजगत्को केन्द्रविन्दु नै परिवेश हो । पात्रका क्रियाप्रतिक्रिया घट्ने पृष्ठभूमि नै परिवेश हो । परिवेशले देश, काल र वातावरणको समष्टि नै परिवेश हो ।[२७] पात्रको मनस्थितिलाई परिवेशले प्रभाव पार्दछ । काव्यमा कथानक र पात्रले अपेक्षा गरेअनुरूप नै परिवेशको चित्रण गरिनुपर्छ । उच्च गुणस्तरीय खण्डकाव्य बन्नका लागि परिवेशको सुगठित योजन हुनु आवश्यक छ । खण्डकाव्यमा आवश्यकता र महत्व हेरी परिवेशको उपयोग गरिन्छ । परिवेशलाई स्थानगत, कालगत आदिका रूपमा पनि हेर्न सकिन्छ ।

### २.४.१.५ दृष्टिविन्दु

काव्यमा कवि रहने स्थानलाई दृष्टिविन्दु भनिन्छ । कवितालाई पाठकसामु उपस्थापन गर्ने पद्धति वा कथनभूमि नै दृष्टिविन्दु हो ।[२८] दृष्टिविन्दु मुख्यतः दुई किसिमका हुन्छन् - आन्तरिक वा प्रथम पुरुष र बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु । कवि स्वयम्ले आफू म वा हामी मात्र बनेर वा कुनै पुरुषको पात्रसंयोजन गरेर काव्यलाई प्रस्तुत गर्न सक्छ । कवि स्वयम् आफू उपस्थित भएर वा हामी पात्रको प्रयोग गरेर काव्यरचना गर्छ भने त्यो आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु हो । काव्यमा तेस्रो पात्रको उपस्थिति हुनुले

---

[२६]. केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. १४ ।

[२७]. लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. २४८ ।

[२८]. ऐजन, पृ. २४९ ।

काव्य बाह्य वा तृतीय पुरुष दृष्टिविन्दुमा रचिएको भन्ने बुझिन्छ । प्रथम पुरुष दृष्टिविन्दुलाई कविउक्ति र तृतीय पुरुष दृष्टिविन्दुलाई कविनिबद्ध उक्ति पनि भन्ने गरिन्छ ।

### २.४.२ बाह्य त¤व

### २.४.२.१ भाषाशैली

कृति अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो । लेखकले कृति सुहाउँदो भाषा प्रयोग गरेको हुनुपर्छ । भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भन्ने गन्छि र खण्डकाव्यका सन्दर्भमा भाषाको सौन्दर्य एकातर्फ खण्डकाव्य कृतिका लयविधानका श्रुतिमधुरताका अपेक्षासँग जोडिएको हुन्छ भने अर्कातर्फ सम्बन्धित विषयवस्तु र त्यसका भावात्मक एवम् वैचारिक अर्थगत संरचना अनि कथन पद्धतिको वाहक पनि हुने गर्दछ । काव्यको भाषा सरल र सम्प्रेषणीय हुनुपर्छ, नत्र पात्र र कथनबीच अस्वभाविकता सिर्जना हुन जान्छ । पूर्वीय साहित्यशास्त्रमा चर्चित रीति एवम् शब्दालङ्कार त¤वका र रीतिगत एवम् गुणगत त¤वका वर्ण संरचना र शब्दसङ्घटना जस्ता पक्ष पनि खण्डकाव्यको भाषाशैलीभित्रै पर्दछन् ।[२९] साहित्य आफैँमा एक भाषिक कला भएकोले यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ । त्यसैले साहित्यकै एक लयात्मक विधास्वरूप कविता र त्यसको मध्यम आयामको उपविधास्वरूप खण्डकाव्यमा पनि भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ ।

### २.४.२.२ विम्ब, प्रतीक र अलङ्कारविधान

खण्डकाव्यको संरचक त¤वहरूमा विम्ब र प्रतीकहरू पनि पर्दछन् । यी पनि भाषाका विशिष्ट पक्ष हुन् । सर्जकको मानसपटलमा रहेको मानसिक तस्बिरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषा नै विम्ब हो ।[३०] यस विम्बसम्बन्धी विचारबाट यो भाषाकै विशेष रूप हो भन्ने बुझिन्छ । पूर्वीय संस्कृत साहित्यशास्त्रमा बताइएका अर्थालङ्कारको प्रयोगलाई नै अर्को शब्दमा विम्बविधान भन्ने गरिन्छ । यसरी खण्डकाव्यमा कथन गरिएका मुख्य भावविचारकै सहचर छाया जस्तो भई आउने अर्को अर्थलाई विम्ब भनिन्छ ।

कुनै अनुपस्थित वस्तुलाई बुझाउन उभ्याइने उपस्थित वस्तु नै प्रतीक हो । खण्डकाव्यमा कथन गरिएको अर्थभन्दा कथन नगरिएको व्यञ्जनधर्मी अर्थको बोध हुनुमा त्यसै खण्डकाव्यमा प्रयुक्त शब्द, अर्थ वा दुवैका माध्यमबाट अभिहित अर्थ बढी प्रभावकारी

---

२९. महादेव अवस्थी, पूर्ववत्, पृ. ४८ ।

३०. लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण**, (ललितपुर : सा.प्र., २०६०), पृ. १ ।

रूपमा झल्कनु वा प्रकट हुनु न प्रतीकविधान हो ।[३१] प्रतीकले खण्डकाव्यको गुणस्तर र मूल्यलाई बढाउँछ । खण्डकाव्यका सन्दर्भमा भने प्रतीक प्रयोग एकै ठाउँमा मात्र नरहेर कृतिव्यापी पनि हुन सक्छ । खण्डकाव्यमा कतिपय पात्रहरू प्रतीकात्मक हुन्छन् भने कथन र शीर्षक प्रतीकात्मक रहेका खण्डकाव्य पनि पाइन्छन् ।

काव्यमा प्रयुक्त अलङ्कार शब्दले काव्यको आभूषण वा गहनालाई बुझाउँछ । काव्यमा अलङ्कारको विशिष्ट भूमिका हुन्छ । काव्यको शोभा गराउने धर्मलाई अलङ्कार भनिन्छ ।[३२] अलङ्कार काव्यको आभूषण हो जसले काव्यमा गहनाको काम गरेको हुन्छ । खण्डकाव्यमा अर्थालङ्कार र शब्दालङ्कार गरी दुई किसिमका अलङ्कारको प्रयोग गरिन्छ । कृतिको कथानकसँग आउने भावलाई गूढ र गम्भीर बनाउन अलङ्कारले मह¤वपूर्ण भूमिका खेल्दछ ।

### २.४.२.३ लय वा छन्दविधान

कविताको मुख्य त¤व लय हो । गीतिचेतनाको अभावमा कवितात्मक अभिव्यक्ति जीवित र सार्थक हुँदैन । भाषाशैलीको पंक्ति, पंक्तिपुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक, ध्वनिगत आह्लाद नै लय हो ।[३३] यसबाट के स्पष्ट हुन्छ भने लय कविता विधाका सार्थ त्यसका एक उपविधाका रूपमा रहने खण्डकाव्यको पनि एक मुख्य त¤व हो । कवितामा प्रयोग गरिने सौन्दर्यपूर्ण भाषका वर्णगत र पंक्तिगत एवम् अनुच्छेदगत बनोटबाटै लय उत्पन्न हुने र समृद्ध हुने गर्दछ । कवितामा निश्चित वण, मात्रा, अक्षरको विन्यास, अनुपास आदिको योजनावद्ध रखाइ नै छन्द वा लय हो । खण्डकाव्यमा वार्णिक, मात्रिक, झ्याउरे मुक्त जस्ता आदि लयको प्रयोग भएको पाइन्छ ।

## २.५ निष्कर्ष

खण्डकाव्यको सिद्धान्तलाई हेर्दा यसको आफ्नै स्वरूप एवम् संरचना तथा मौलिक गुण रहेको छ । यो कविता विधाअन्तर्गत पर्ने एउटा उपविधा हो । पूर्वीय काव्यपरम्परामा जन्मिएको खण्डकाव्यमा पूर्वीय काव्यमान्यताअनुरूपकै छन्द वा लय, अलङ्कार, वस्तु, रस आदि काव्यात्मक गुण रहन्छन् । पूर्वीय काव्यशास्त्रको नियमअनुसार समग्र काव्यत¤व, काव्यगुण खण्डकाव्यमा रहन्छन् भन्ने छैन तथापि काव्य मान्यताअनुरूप काव्यत¤व रहेकै हुन्छन् । उपर्युक्त त¤वहरूको संयोजनले खण्डकाव्य सन्तुलित बन्न पुग्दछ भने न्यून वा

---

३१. महादेव अवस्थी, पूर्ववत्, पृ. ५१ ।

३२. दण्डी, **काव्यादर्श**, व्याख्या रामचन्द्र मिश्र, ते.सं., (वाराणसी : चौखम्बा विद्याभवन, सन् १९८४), पृ. ७४ ।

३३. वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्, पृ. १९ ।

अधिकले खण्डकाव्यको सन्तुलन विगार्दछ । समुचित विश्वसनीय परिवेश आदिको संयोजनले खण्डकाव्यलाई परिपुष्ट बनाउँछ । उपर्युक्त त¤वहरूका आधारमा कुनै पनि खण्डकाव्यको कृतिगत विश्लेषण गर्न सकिन्छ ।

## तेस्रो परिच्छेद
# भानुभक्त आचार्यको काव्ययात्रा र प्रवृत्तिहरू

### ३.१ विषयप्रवेश

भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ साल आषाढ २९ गते आइतबारका दिन नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चलमा पर्ने तनहुँ जिल्लाको चुँदी रम्घा भन्ने गाउँमा पिता धनञ्जय आचार्य र माता धर्मावतीदेवी आचार्यको कोखबाट भएको हो । भानुभक्तका बाबु सरकारी जागिरे भएकाले उनको बाल्यावस्था बाजे श्रीकृष्ण आचार्यका साथमा बितेको देखिन्छ । श्रीकृष्ण आचार्य तनहुँका एक सम्पन्नशाली व्यक्ति भएकाले भानुभक्तको बाल्यकाल सुखद् रूपमा व्यतित भएको पाइन्छ । साथै तत्कालीन समय र प्रचलनअनुसार आठ वर्षको उमेरमा उनको ब्रतवन्ध भएको जानकारी पाइन्छ ।

भानुभक्त आचार्यको अक्षरारम्भ वि.सं. १८७५ माघ शुक्ल पञ्चमीबाट भएको हो ।[१] भानुभक्त तीक्ष्ण बुद्धिका भएकाले आफ्ना बाजे श्रीकृष्ण आचार्यले दैनिक पाठ गरेका स्तोत्र तथा श्लोकहरू कण्ठस्थ गर्थे । आरम्भिक  शिक्षाका रूपमा घरमै दुर्गाकवच, सप्तसती, रूद्री, वेद, व्यावहारिक ज्योतिष्का मुहूर्तमार्तण्डादि ग्रन्थ, अमरकोश, रघुवंश र मध्यकौमुदी जस्ता संस्कृतका ग्रन्थहरू पढेका थिए ।[२]

भानुभक्तको पहिलो विवाह एघार वर्षको उमेरमा भएको थियो । पछि तिनको मृत्यु हुन गएकाले पुनः तेह्र वर्षको उमेरमा दोस्रो विवाह तनहुँ मान्हौँका विद्याधर खनालकी छोरी चन्द्रकलासँग भएको हो । तिनै चन्द्रकलाबाट भानुभक्तका छोरा रमानाथ आचार्य र छोरी लक्ष्मीको जन्म भयो ।[३] बाजे श्रीकृष्ण आचार्य आफ्नो जीवनको उत्तरार्धमा काशीवास जाँदा आफ्ना नाति भानुभक्तलाई पनि सँगै लगेका थिए । काशीमा गएपछि भानुभक्तले आफ्ना बाजेसँग प्रशस्त ज्ञान हासिल गरे । नेपालबाट विद्या आर्जनका लागि काशी जाने परम्परा र बाध्यता दुवै भएको तत्कालीन समयका भानुभक्तले त्यहाँको वातावरणबाट पनि प्रेरणा प्राप्त गरे ।

वि.सं. १९२५ मा भानुभक्त आचार्य काठमाडौँबाट घर तनहुँ जने क्रममा बाटैमा ज्वरोले ग्रस्त पार्‍यो । काठमाडौँमा हुँदा मित्र सुब्बा धर्मदत्तले **रामायण** उत्तरकाण्डको

---

१. ब्रतराज आचार्य, **आदिकवि भानुभक्त : जीवनी र कविताको संपरीक्षण**, (तनहुँ : भानुजन्मस्थल विकास समिति, २०५८), पृ. १५ ।

२. नरनाथ आचार्य, **आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन चरित्र**, दो.सं., (काठमाडौँ : स्वयम्, २०३६), पृ. २१ ।

३. भद्रवीर अधिकारी, **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**, (काठमाडौँ : श्रीमती कुन्तादेवी र जुनादेवी अधिकारी, २०६२), पृ. ४० ।

रामगीता अनुवाद गर्ने आग्रह गरेकाले विरामी अवस्थामा सुतीसुती कहिले आफैँले र कहिले छोरा रमानाथलाई लेख्न लगाउँदै रामगीता अनुवाद गरी सिध्याए । यस पटकको बिरामले उनलाई छोडेन, ज्वरोले झन् झन् च्याप्दै गयो । शारीरिक शिथिलता देखिन थाल्यो । वि.सं. १९२५ आश्विन शुक्ल पञ्चमीको दिन मर्स्याङ्दी नदीको सेतीघाटबाट केही माथि गाईथुने घाटमा अर्धजलमा सुताएको अवस्थामा मुखमा सुवर्ण , तुलसीजल आदि राखिदिएपछि कविले यस संसारबाट बिदा लिए ।[४]

## ३.२ सिर्जनशीलताको प्रेरणास्रोत र प्रभाव

भानुभक्त आचार्यले कविता लेख्ने प्रेरणा मूलतः आफ्ना बाजे श्रीकृष्ण आचार्यसँग प्राप्त गरेका थिए । भानुभक्तलाई आफ्नो घरको र गाउँघरको ग्रामीण समाजको धार्मिक, सांस्कृतिक वातावरणले बालक कालदेखि नै प्रभाव पारेको देखिन्छ । उनका परिवारका सबै सदस्य रामभक्त थिए ।[५] तर जब घाँसीसँग उनको भेट भयो घाँसीबाट आफ्नो कीर्ति राख्ने कुरा सुनी उनले पनि आफ्नो नाम अमर राख्ने विचारमा रामको जीवनगाथालाई लिएर संस्कृतको **अध्यात्म रामायण**लाई नेपालीमा रूपान्तरण गरे । संस्कृतका स्तुति र मन्त्रहरूको उच्चारण तथा नेपाली भाषाका लोकपद्यले र दोहोरी अन्ताक्षरी सिलोहरूको परम्पराले पनि उनको बाल्यकालीन हृदयलाई छोइसकेको थियो ।[६] कविताप्रतिको मोह भानुभक्तलाई जन्मजात रूपमा नै प्राप्त भएको थियो किनभने काशीमा बाजे श्रीकृष्ण आचार्यको मृत्युपछि भएको विद्वत् सम्मेलनमा उनले आफ्नो परिचय दिँदा यसरी दिएका थिए :

पाहाड्को अति बेस्देश तनहुँमा श्रीकृष्ण ब्राह्मण थिया,
तिन्को नाति म भानुभक्त भनि हुम् यो जानि चिन्हीलिया ।[७]

यसबाट पनि के अवगत् गर्न सकिन्छ भने कविताप्रतिको यो प्रेरणा भानुभक्तलाई जन्मजात रूपमा प्राप्त भएको मान्नुपर्छ ।

यसरी पारिवारिक, सामाजिक एवम् स्वदेश तथ विदेश (काशी) को वातावरण नै भानुभक्त आचार्यको काव्य प्रेरणाका स्रोत हुन् ।

---

४. व्रतराज आचार्य, **आदिकवि भानुभक्त : जीवनी र कविताको संपरीक्षण**, पूर्ववत्, पृ. २३ ।
५. अनन्त प्रधान, **नेपाली साहित्यमा भानुभक्तको योगदान**, (अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०३४), पृ. ५ ।
६. भद्रवीर अधिकारी, पूर्ववत्, पृ. ४१-४२ ।
७. ऐजन ।

## ३.३ भानुभक्त आचार्यको काव्ययात्रा

भानुभक्त आचार्यका दुई दर्जनभन्दा बढी फुटकर कविता, तीनओटा खण्डकाव्य र एकओटा महाकाव्य प्रकाशित छन् । उनले सानै उमेरदेखि कविता रचना गर्न थालेको जानकारी पाइन्छ । १२ वर्षका भएपछि एक ज्योतिषीका घरमा गई ज्योतिष पढ्न थालेको जानकारी मिल्छ । उनले आफ्ना जन्मपत्रिकाको सारांश नेपाली भाषाका १/२ पद्यमा बाँसका पातमा पहिलो कविता लेखी आफ्ना पिता धनञ्जय आचार्यलाई दिएका थिए ।[८] बाजे श्रीकृष्ण आचार्यको मृत्युपछि काशीमा भएको पण्डितहरूको सभामा भानुभक्त पनि उपस्थित थिए । त्यहाँ उनले गरेको प्रश्नबाट आश्चर्य चकित हुँदै उनको परिचय खोजिएको र १९ वर्षका भानुभक्तले तत्काल १ श्लोक रची आफ्नो परिचय दिएको श्लोक नै काशीमा नेपाली भाषामा लेखिएको र सार्वजनिक भएको पहिलो कविता हो । यसरी आफ्नो १ श्लोके कवितामार्फत् सार्वजनिक रूपमा देखापरेका आचार्यले वि.सं. १८९८ सालमा **रामायण**को बालकाण्ड नेपालीमा अनुवाद गरेका हुन् ।[९] मोतीराम भट्टले यसलाई वि.सं. १९४१ मा प्रकाशन गराएका थिए भने समग्र **रामायण** वि.सं. १९४४ सालमा मोतीराम भट्टले नै प्रकाशन गराएका थिए ।

नेपाली भाषा साहित्यका अथक साधक एवम् नेपाली भाषा साहित्यको मानकीकरणमा योगदान पुऱ्याउने भानुभक्तको काव्ययात्रालाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

### ३.३.१ फुटकर कविता

भानुभक्त आचार्यका दुई दर्जनभन्दा बढी फुटकर कविता रहेका छन् । केहीमा विवाद देखिए पनि उनका २६ ओटा मुक्तक कविता र १४ ओटा फुटकर कविता रहेका छन् । ती कविताहरूको रचनाक्रम र समयक्रम यस प्रकार रहेको छ :[१०]

| **मुक्तक कविताहरू** | रचनाकाल |
|---|---|
| १) केश् कञ्चेट कुहुनू कपाल र कलेजो... | १८८४ तिर |
| २) मास भृङ्गी वेल दूभो... | १८८४ तिर |
| ३) मानुङ्को सिर गाउँ उत्तम ठुलो... | १८८४ तिर |
| ४) पाहाड्को अति बेस देश् तनहुँमा... | १८८९ तिर |
| ५) असल मुङ्ग्रे केरा कित महिहवस्... | १८९२ तिर |
| ६) गजाधर सोतीकी घरबुढि अलक्षिनकि... | १९०१ ,, |

---

८. बाबुराम आचार्य, **पुराना कवि र कविता**, न.सं., (ललितपुर : साझा प्रकाशन, २०६२), पृ. ८० ।

९. ऐजन, पृ. ८१ ।

१०. भद्रवीर अधिकारी, पूर्ववत्, पृ. ५८-५९ ।

७) रोज् रोज् दर्शन पाउँछू चरणको... १९११ ,,
८) जागिर् छैन धनी म छैन घरको... १९११ ,,
९) आयेँथ्याँ मनका कुरा चरणमा... १९११ ,,
१०) स्वस्तिश्री पखरा अदालतमहाँ... १९१३ ,,
११) क्याले भुल्छौ जगत्मा नरहरू... १९१३ ,,
१२) क्वै उठ्छन् त सबेरमा ति धनकै... १९१३ ,,
१३) बिर्के टोपी पठाऊ भनी खबर हुँदा... १९१५ ,,
१४) भाषा श्लोक भनु ता अवश्य अरूता... १९१५ ,,
१५) जसद्वारा जसले जाहाँ जसरी जो गर्छन्... १९१५ ,,
१६) न पोथी पात्रा छन् न कलम मस्यानि छ... १९१६ ,,
१७) तिन्सात् एग्घार पन्ध्रै कउडि खडि भया... १९१७ ,,
१८) तान्यो एग्घारबाटै पनि उडि बहुतै... १९१७ ,,
१९) क्या लड्छन् बटई र तित्रि चखुरा साँडे... १९१७ ,,
२०) पढ्नू गुन्नू खेल्न माया नगर्नू... १९१७ ,,
२१) विन्ति एक म गर्दछू सुन प्रिये... १९१९ ,,
२२) भानुभक्त भनी प्रसिद्ध नरमा... १९१९ ,,
२३) विद्वान् जन्ले लोहलाइ... १९२० ,,
२४) लुच्चा हुन् यस भाटका सब कुरा... १९२१ ,,
२५) बिन्ति डिट्ठा विचारीसित म कति गरू... १९२४ ,,
२६) न मृत्यू टर्न्या हो यसरि झगडामा... १९२४ ,,

## फुटकर कविताहरू

१) ति शालीवाहनका समय... १८८४ तिर
२) ढीटा छन् सब कुरा पूरा छोरा धेर्... १८८४ ,,
३) भर्जन्म घाँसतिर... १८९१ ,,
४) यति दिनपछि मैले... १८९१ तिर
५) चपला अबला... १९११ ,,
६) चालिस् वर्ष भयाँ म पुत्र पनि एक... १९११ ,,
७) शरिर छ अति कच्चा अन्नजल्ले रह्याको... १९११ ,,
८) साँचा हुन् जति लेखिया सब कुरा... १९१३ ,,
९) अघिल्ला जन्मैका पनि शरिरमा... १९१५ ,,
१०) यत्ती छन् सब देवता... १९१५ ,,
११) खर् अक्षर् पर भै... १९१५ ,,

१२) पाँच तोला घिउ गाईको र खसिको... १९१७ ,,

१३) कतै खरानी छरि भुस्... १९१७ ,,

१४) ख्वामित् यस् गिरिधारिले अति पिऱ्यो... १९२१ ,,

### ३.३.२ खण्डकाव्य

भानुभक्त आचार्यका **भक्तमाला**, **प्रश्नोत्तरमाला** र **वधूशिक्षा** गरी तीनओटा खण्डकाव्य रहेका छन् ।

**भक्तमाला**

**भक्तमाला** भानुभक्त आचार्यको खण्डकाव्यस्तरको मौलिक कृति हो । **भक्तमाला**को रचना समय किटान गरेर भन्न सकिने अवस्था छैन । मोतीराम भट्टले **भक्तमाला**को रचना समय वि.सं. १९१० देखि १९१९ भित्र भएको जानकारी दिएका छन् भने नरनाथ आचार्यले १९२१-२२ सालतिरको रचना भनी जानकारी दिएका छन् । **भक्तमाला**को रचना समय यकिन नभए पनि यसको प्रकाशन वि.सं. १९४१ सालमा भएको हो । मोतीराम भट्टको सक्रियतामा वि.सं. १९४१ मा **भक्तमाला**सहित **रामायण** बालकाण्ड र **प्रश्नोत्तरमाला** प्रकाशित भएको देखिन्छ । **भक्तमाला**का तीनथरी लेखोट पाइन्छ । यी १५ श्लोके, २२ श्लोके र ४१ श्लोके **भक्तमाला**मध्ये २२ श्लोके **भक्तमाला** प्रकाशित भएको देखिन्छ । १५ श्लोके **भक्तमाला**लाई थप्दै २२ र २२ बाट ४१ श्लोक पुऱ्याएको र पछि ४१ लाई काँटछाँट गरी २२ श्लोक कायम गरेको देखिन्छ ।

पूर्वीय साहित्य सिद्धान्तका आधारमा २२ श्लोकको आयाममा संरचित रही लघुतर खण्डकाव्यका रूपमा रहेको **भक्तमाला** आध्यात्मिक तथा दार्शनिक दृष्टिले निकै महत्वपूर्ण रचना मानिन्छ । **भक्तमाला** वैराग्य रसले परिपूर्ण भक्तिरसको बाहुल्य रहेको मौलिक रचना हो ।[११] यस काव्यका माध्यमबाट कविले संसारी मोहमा भुलेर मात्र जीवन बर्बाद नपारौँ भनी आम नेपाली जनता र समाजलई चेतनाबोध गराएका छन् । जनसमाजलाई चेतना र कर्तव्यबोध गराई जीवनलाई परिमार्जित गर्ने ज्ञानवर्द्धक सन्देश यस काव्यका माध्यमबाट व्यक्त भएको छ । संसारको विषयवासनाको बन्धनको पीडालाई बुझेर आफ्नो जीवनलाई मुक्तिदायक बनाउने अभिलाषा दिएका छन् ।[१२] मानिसले सांसारिक मोह र मायाजालमा मात्र भुलेर जीवन बिताउनु हुँदैन त्यसमा पनि जन्मदै ईश्वरचिन्तन गर्नेछु भनी गरेको

[११]. अगमसिंह गिरी, **भानुभक्तका कृति : अध्ययनहरू**, सम्पा., इन्द्रबहादुर राई, (दार्जिलिङ : नेपाली साहित्य सम्मेलन, २०२६), पृ. ८७ ।

[१२]. भद्रवीर अधिकारी, पूर्ववत्, पृ. २१२ ।

कबोल भुलेमा पछुताउनु पर्ने हुन्छ भन्ने सन्देश आचार्यले **भक्तमाला** काव्यमा प्रस्तुत गरेको देखिन्छ ।

**भक्तमाला** काव्यको स्वरूप फुटकर कविताको श्लोक संख्याभन्दा केही धेरै र खण्डकाव्यमा अपेक्षित श्लोक संख्याभन्दा कम भएकाले यो लघुतर खण्डकाव्य हो । शास्त्रीय शिखरिणी छन्दमा रचिएको मौलिक काव्य **भक्तमाला** आध्यात्मिक तथा दार्शनिक दृष्टिले निकै महत्वपूर्ण छ ।

**प्रश्नोत्तरमाला**

**प्रश्नोत्तरमाला** भानुभक्त आचार्यको खण्डकाव्यस्तरको अनूदित रचना हो । प्रश्नोत्तरको रचना गर्दा स्रोतका रूपमा शङ्कराचार्यकृत **मणिरत्नमाला** भन्ने संस्कृत भाषाको पद्य ग्रन्थको आधार लिएको पाइन्छ ।[१३] प्रश्नोत्तरको रचनासमय मोतीराम भट्टले घाँसीको प्रेरणा पाएपछि हो भन्ने जानकारी दिएका छन् । प्रश्नोत्तरको प्रकाशन मोतीराम भट्टकै सक्रियतामा वि.सं. १९४१ मा भएको देखिन्छ । प्रस्तुत कृतिमा ४८ श्लोकहरू रहेका छन् । आचार्यले प्रस्तुत काव्यका माध्यमबाट जनसमाजलाई ज्ञान र चेतना दिई मानव कर्तव्यको बोध गराउने उद्देश्य राखेको पाइन्छ । साथै कविले यस काव्यमा सर्वसाधारण अथवा समस्त मानवले इहलौकिक र पारलौकिक गति पाउन सकून् भन्ने धारणा राखेका छन् ।

४८ श्लोकको आयाममा विस्तारित **प्रश्नोत्तरमाला** खण्डकाव्य प्रश्न र उत्तरको रूपमा रहेको छ । प्रस्तुत काव्यमा कविले आफ्नो धर्म र जीवन दर्शनसम्बन्धी दृष्टिकोणहरूलाई अभिव्यक्त गरेका छन् । मानिसका दस इन्द्रिय नै सबभन्दा ठूला शत्रु हन् । तिनीहरूलाई जितेर आफ्ना वशमा राख्न सके ती दश इन्द्रियहरू मानिसका मित्र पनि हुन्छन् । घरगृहस्थीप्रति धेरै तृष्णा राख्ने मानिस दरिद्र हो । सन्तोषी मानिस नै सबभन्दा धनी हो । बिना उद्योग समय खेर फाल्ने व्यक्ति जिउँदै मरेको मानिस ठहर्छ । निराशा मृततुल्य छ । ममता नै पाशा हो । अपयश नै मृत्यु हो । हितकारी उपदेश दिने व्यक्ति गुरू हो । शुद्धमन  सबभन्दा ठूलो तीर्थ हो । परोपकारी मानिस धन्य हो । सृष्टिको तत्वरहस्य बुझ्ने मानिस नै सबभन्दा पूज्य हो । मौकामा बोल्न नसक्ने मानिस लाटो हो । असल चरित्र नै सबभन्दा उत्तम कुरो हो । विद्या नै सबको गहना हो । विद्याले आमाले सरह सबैलाई सुख दिन्छ । आयु र यौवन बिजुलीतुल्य क्षणिक र चञ्चल छन् । सत्पात्रमा परेको दान नै सबभन्दा ठूलो दान हो ।

यसरी यस काव्यको माध्यमबाट कवि भानुभक्त आचार्यले मानवजीवनलाई सरल, सरस र सुबोध प्रश्नोत्तरात्मक उक्तिसंयोजनको माध्यमले अत्यन्त महत्वपूर्ण कर्तव्यको बाटो

[१३]. ऐजन, पृ. २१७ ।

देखाएको छ । प्रस्तुत काव्यमा आध्यात्मिक जीवनदर्शन, विद्याको महत्त्व, धर्म तथा नैतिक विषयवस्तु रहेको छ । उपजाति, इन्द्रवज्रा र वसन्ततिलका छन्दमा रचना गरिएको प्रस्तुत काव्यमा आनुप्रासिक मिठाससमेत रहेको छ । प्रश्नोत्तर खण्डकाव्य नैतिक शिक्षा सम्बन्धी ग्रन्थ मात्र नभएर कर्म क्षेत्रको पहिचान र प्रेरणाको स्रोतका रूपमा रहेको पाउन सकिन्छ ।

### वधूशिक्षा

**वधूशिक्षा** भानुभक्त आचार्यको मौलिक खण्डकाव्य हो । वि.सं. १९१९ मा भानुभक्त आचार्य मुद्दामामिलासम्बन्धी काममा घर जाने क्रममा मित्र तारापतिका घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारीले गरेको झगडाबाट अभिप्रेतिर भएर **वधूशिक्षा** खण्डकाव्यको रचना गरिएको कुरा कविकै जीवनीगत सन्दर्भबाट थाहा हुन्छ । नेपाली भाषामा १७ श्लोके र ३६ श्लोके गरी दुईओटा **वधूशिक्षा** फेला परेका छन् । यीमध्ये कुनचाहिँ भानुभक्तको हो ? भन्ने प्रश्न उब्जिन सक्ने भए पनि प्रयुक्त भाषाशैली, छन्दको पूर्ण परिपालन, प्रस्तुतीकरण आदिलाई आधार बनाउँदा ३६ श्लोके **वधूशिक्षा** नै भानुभक्तको कृति हो भन्न गाह्रो पर्दैन । त्यति मात्र होइन १७ श्लोके **वधूशिक्षा**को पाण्डुलिपिको हस्ताक्षर कवि भानुभक्तको हस्ताक्षरसँग मेल खाँदैन भन्ने जानकारी कवि भानुभक्त आचार्यका कुलका व्रतराज आचार्यबाट पाइएको छ ।[१४] यस कृतिका बारेमा चौथो परिच्छेदमा विस्तृत विश्लेषण गरिएको छ ।

### ३.३.३ महाकाव्य

भानुभक्तले रचना गरेको एक मात्र महाकाव्य **रामायण** हो । **रामायण**को बालकाण्ड वि.सं. १८९८ मा रचना  गरेको देखिन्छ । त्यसपछि भानुभक्त कुमारी चोकमा रहँदा अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्डको रचना गरेका थिए भने युद्धकाण्ड र उत्तरकाण्ड यसभन्दा पछि रचना गरेको जानकारी पाइन्छ । **रामायण**को बालकाण्ड मोतीराम भट्टले वि.सं. १९४१ मा छपाएका थिए भने समग्र **रामायण** वि.सं. १९४४ सालमा मोतीरामले नै छपाएका थिए । **रामायण** महाकाव्यको प्रकाशन मोतीरामभन्दा अगाडि वि.सं. १९४२ मा डमरूबल्लभ आदिले प्रकाशित गरेको जानकारी पाइन्छ । संस्कृतको अध्यात्म **रामायण**लाई नेपाली भाषामा रूपान्तरण गरी भानुभक्तले एक पूर्ण प्रबन्धकाव्यका रूपमा **रामायण** रचना गरेका छन् । प्रस्तुत महाकाव्यमा नेपालीपन र मौलिकता थपेर भानुभक्तले नेपालीहरूको प्रिय काव्य बनाएका छन् । भगवान् श्रीरामको आदर्श चरित्रमा आधारित प्रस्तुत काव्य नेपाली भाषाको पहिलो मानक महाकाव्य हो र यो काव्य पूर्वीय मान्यतामा आधारित देखिन्छ ।

---

[१४]. ऐजन, २२८ ।

भानुभक्त आचार्यको **रामायण** महाकाव्यले तत्कालीन युगीन विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरेको छ । नैतिक आदर्श र औपदेशिकताका माध्यमबाट आदर्श समाजको स्थापनाको चाहना यस काव्यमा अभिव्यक्त भएको छ । आध्यात्मिकता, नैतिक चेतना, आदर्शवादी प्रवृत्ति र अध्यात्मवादी दर्शनको प्रयोग गर्नुका साथै सामाजिक सुधारको भावना, लोककल्याणकारी दृष्टिकोण अनि तत्कालीन सामाजिक परिवेशअनुरूपको आदर्शको अङ्गीकार यस काव्यका प्रमुख विशेषता हुन् । रावणजस्तो अत्याचारी, हीन र दुष्चरित्रलाई त्यागेर रामको जस्तो आदर्श जीवन स्थापना गर्नु यस काव्यको मूल मान्यता हो । प्रस्तुत काव्यमा सामाजिक चेतना र सौन्दर्यवादी रस ग्राह्यताका साथै शिल्प चेतनाको सन्तुलित संयोजन पनि पाइन्छ । यस काव्यको कथावस्तु भावानुवाद भए पनि पूर्णतया नेपालीपन दिनुका साथै चरित्रचित्रण, परिवेशचित्रण, प्रकृतिचित्रण र विम्ब प्रयोगमा पनि नेपालीपन झल्किएको छ । रूचिपूर्ण कथावस्तु र सुन्दर शैली तथा भावानुकूलको छन्दप्रयोग यस काव्यमा प्रयोग भएको देखिन्छ । कर्तव्यको पालना र आदर्शलाई मूल मन्त्र बनाई एकातिर करूण भाव पनि अभिव्यक्त भएको पाइन्छ । अध्यात्म **रामायण**को आड लिई यस काव्यमा आचार्यले भक्तिभाव र शान्तरसलाई केन्द्रीय रसका रूपमा र अन्य सबै रसहरूलाई समेत अङ्ग रसका रूपमा नेपाली जनसमाजको चाहना, भावना र आवश्यकताअनुसार स्थान दिएका छन् ।

## ३.४ भानुभक्त आचार्यका काव्यप्रवृत्तिहरू

भानुभक्त आचार्य नेपाली साहित्यको इतिहासमा प्राथमिक कालका केन्द्रीय कवि मानिन्छन् । प्राथमिक नेपाली कविताका मुख्यतः दुई धारा वीरधारा र भक्तिधारामध्ये भक्तिधारामा श्रीरामचन्द्रलाई केन्द्र बनाएर कलम चलाउने भानुभक्त आचार्यका **रामायण** (१९४४) महाकाव्य, **प्रश्नोत्तरमाला** (१९४१), **भक्तमाला** (१९४१) र **वधूशिक्षा** (१९४१) जस्ता लघुतर खण्डकाव्य र मुक्तक तथा फुटकर कविताहरू प्रकाशित छन् । मौलिक र अनूदित जुन रूपमा भए पनि आफू बाँचेको युग, सामाजिक संस्कृति, रीतिस्थिति, राजनीतिक घटनाक्रम र त्यसले निम्त्याएको ऊहापोह-निराशा आदिलाई भानुभक्तले आफ्ना रचनामा अन्ततः महत्वका साथ अभिव्यक्त गरेको पाइन्छ । आदर्शवादी दृष्टिकोण, आध्यात्मिक चेतना, नीतिशिक्षा, जातीय छन्द तथा चित्ताकर्षक भाषा भानुभक्त आचार्यका विशिष्टता हुन् । मुक्तक तथा फुटकर कविताकृतिदेखि महाकाव्यसम्मका सम्पूर्ण कृतिमा भानुभक्तीय समाज र परिवेशको प्रभाव र प्रतिविम्ब पाइन्छ । यस प्रकार नेपाली साहित्यको इतिहासमा कविता विधाको लघुतम रूपदेखि बृहत् रूपसम्मका काव्यकृतिको रचना गर्न सफल र सक्षम आदिकवि भानुभक्त आचार्यका काव्यप्रवृत्तिलाई सङ्क्षिप्तमा तल चर्चा गरिन्छ ।

आदिकवि भानुभक्त आचार्य नेपाली कविताको प्राथमिक कालअन्तर्गत भक्तिधाराका कवि हुन् । मर्यादा पुरुषोत्तम श्रीरामको जीवनगाथालाई मुख्य कथ्यस्रोत बनाइएका भानुभक्तका काव्यकृतिहरूमा आध्यात्मिकताको महिमागान गरिएको छ । हिन्दू धर्मअनुसारको ईश्वरभक्ति र श्रद्धा प्रकट गरिएका उनका अधिकांश रचनामा मनुष्यजीवनलाई सच्चरित्र, सत्मार्ग र आदर्शको बाटोमा हिँड्न अभिप्रेरित गरिएको पाइन्छ । **रामायण**, **भक्तमाला**मा ईश्वरभक्ति तथा **प्रश्नोत्तरमाला**मा व्यावहारिक नैतिक शिक्षा दिइएको छ भने **वधूशिक्षा**मा नारी आदर्शका लागि नीतिशिक्षा एवम् उपदेश दिइएको छ । भानुभक्त एक युग सचेत कवि भएकाले तत्कालीन नेपालको राजनीतिक घटना र त्यसबाट हुन गएको सुगौली सन्धिका कारण नेपाली जनताले बेहोर्नुपरेको भौतिक तथा मानसिक क्षतिलाई बिर्सन पनि उनले भक्तिभावयुक्त काव्यकृतिहरूको सिर्जना गरेको देखिन्छ । भक्तिभाव वा अध्यात्मका माध्यमबाट आदर्श मानव तथा समाजको स्थापना गर्न चाहनु भानुभक्त आचार्यको प्रमुख काव्यप्रवृत्ति हो ।

भानुभक्त आचार्य मौलिक तथा अनुवाद दुवै कलाले युक्त सचेत कवि हुन् । उनले कतिपय कृतिमा मौलिकताको पहिचान दिएका छन् भने कतिपय कृतिमा अनुवाद कलाको सक्षमता पनि देखाएका छन् । **भक्तमाला** र **वधूशिक्षा** जस्ता खण्डकाव्य तथा मुक्तक र फुटकर कविताहरू उनका मौलिक रचना हुन् भने प्रश्नोत्तर खण्डकाव्य र **रामायण** महाकाव्य पर्याप्त मौलिकता झल्किने किसिमले भावानुवाद गरिएका कृति हुन् ।[१५] उनको भावानुवाद कला छायानुवाद नभई भावानुवादका रूपमा देखापर्छ । संस्कृतको मणिरत्नमाला कृतिको भावानुवादका रूपमा प्रश्नोत्तर देखापर्छ भने संस्कृतकै अध्यात्म **रामायण**को भावानुवादका रूपमा **रामायण** देखापर्छ । तर यी दुवै कृतिमा भानुभक्तको शैलीगत प्रस्तुति, सौन्दर्यचेतना, सामाजिक दृष्टि, युगबोध, शिल्पविधान, सरल अभिव्यक्ति र सबल अभिव्यञ्जनाको अद्भुत सङ्गम देख्न पाइन्छ अर्थात् अनूदित कृतिलाई पनि भानुभक्तले नेपाली संस्कृति र भाषाशैलीमा अनुकूलन गरेका छन् । त्यसैले पूर्णतः मौलिक र अंशतः अनूदितभित्र मौलिक काव्यकृतिका सिर्जन भानुभक्त आचार्यको एक काव्यात्मक प्रवृत्ति हो ।

भानुभक्त आचार्य नेपाली साहित्यका प्रथम मानव महाकाव्यकार हुन् । उदयानन्द अर्ज्यालको पृथ्वीन्द्रोदय (वि.सं. १८७० तिर)[१६] महाकाव्य फेला परेको हुँदा भानुभक्तको **रामायण** पहिलो महाकाव्य नभए पनि पहिलो सशक्त र मानक महाकाव्यचाहिँ अवश्य हो । पृथ्वीन्द्रोद्रय महाकाव्य साहस्री श्लोक सङ्ख्या नभएकोले अल्प महाकाव्यका रूपमा नै रहेको छ । त्यसैले साहस्री श्लोकयुक्त (जम्मा १३१९ श्लोक) **रामायण** महाकाव्य नेपाली साहित्यको

१५. भद्रवीर अधिकारी, पूर्ववत्, पृ. ३३७ ।

१६. दयाराम श्रेष्ठ, सम्पा., **वीरकालीन कविता**, ते.सं., (काठमाडौं : साझा प्रकाशन, २०५७), पृ. २५ ।

पहिलो मानक महाकाव्य र यसका यसका स्रष्टा भानुभक्त आचार्य पहिलो मानक महाकाव्यकार ठहरिन्छन् ।

विषयवस्तुगत विविधता भानुभक्त आचार्यका कविताकृतिको एक उल्लेखनीय विशेषता हो । उनले आफ्ना कविताकृतिहरूमा पुराण, समाज, प्रशासन, प्रकृति, विकृति-विसङ्गति, रतिराग आदिलाई विषयबद्ध गरेका छन् । **रामायण** महाकाव्यमा पुराणपसिद्ध श्रीरामचन्द्रको जीवनगाथालाई मुख्य विषयवस्तु बनाइएको छ भने **वधूशिक्षा**मा छोरी बुहारीको दुस्थितिका साथै उनीहरूको कर्तव्याकर्तव्यको रेखाङ्कन छ । **भक्तमाला** र प्रश्नोत्तर जस्ता खण्डकाव्यमा आध्यात्मिकता तथा दार्शनिकतालाई प्रस्तुत गरिएको छ । *बिन्ती डिट्ठा बिचारीसित म कति गरूँ...*जस्ता मुक्तक तथा फुटकर कवितामा प्रशासनिक क्षेत्रमा हुने गरेका ढिलासुस्ती आदिलाई विषयवस्तु बनाइएको पाइन्छ भने *यति दिनपछि मैले..., चपला अबलाहरू...* जस्ता फुटकर कवितामा प्रकृतिचित्रण देख्न सकिन्छ । खास गरी उनका स्फुट रचनाहरूमा हास्यव्यङ्ग्यात्मकता र विकृति, विङ्गतिको चित्रण गरिएको पाइन्छ । तसर्थ विविध विषयवस्तुलाई आत्मसात् गर्न सक्नु भानुभक्तको एक काव्यात्मक प्रवृत्ति हो ।

आध्यात्मिक नैतिक चेतना र आदर्शवादी प्रवृत्तिका साथै अध्यात्मवादी दर्शनको प्रबलता भानुभक्त आचार्यको एक मह¤वपूर्ण काव्यप्रवृत्ति हो । ईश्वरभक्ति र विषयवासनाबाट मुक्ति तथा मर्त्यलोकको मानवजुनीको सुधार र आदर्शवादिता जस्ता धार्मिक-आध्यात्मिक मूल्यालाई सशक्त रूपमा अभिव्यञ्जित गरिएको छ भने मानव जीवनको सफलतालाई नैतिक शिक्षाका माध्यमबाट अर्थ्याइएको छ । आध्यात्मिक दर्शनमा पनि अद्वेत वेदान्त दर्शनको प्रभाव र जीव, ब्रह्म, चैतन्य जस्ता त¤वहरूको निरूपण तथा अन्तः व्याख्या गरिएको छ । नेपाली जातीय संकृतिप्रतिको मोह र सद्भाव उनको काव्यलेखनीमा देखापर्न आउँछ । विभिन्न सन्दर्भका माध्यमबाट आदर्श व्यक्ति, समाज र राज्यको स्थापना उनका काव्यकृतिको अभीष्ट नै हो । **रामायण** र **भक्तमाला**मा अध्यात्मवादी दार्शनिकता र **वधूशिक्षा**मा नारी आदर्शका लागि औपदेशिकता अत्यन्त सघन रूपमा अभिव्यक्त भएको पाइन्छ ।

संरचनाका दृष्टिले भानुभक्त आचार्यका कृतिहरू प्रगीतात्मक र आख्यानात्मक देखिन्छन् भने स्वरूपका दृष्टिले लघुतमदेखि बृहत् रूपसम्म विस्तारित हुन आउँछन् । उनका मुक्तक तथा फुटकर कविताहरू र प्रश्नोत्तर तथा **भक्तमाला** प्रगीतात्मक संरचनामा आबद्ध छन् भने **रामायण**मा स्पष्ट पुष्ट आख्यान र **वधूशिक्षा**मा सूक्ष्म आख्यानलाई अँगालिएको छ । कविता विधाको लघुतम रूप मुक्तकदेखि बृहत् रूप महाकाव्यसम्मका काव्यकृतिको सिर्जनकौशल कवि भानुभक्तको सामर्थ्य हो । आयामका दृष्टिले उनको **रामायण** महाकाव्य साहस्री श्लोकयुक्त मानक महाकाव्यका रूपमा देखापर्छ भने प्रश्नोत्तर,

**भक्तमाला** र **वधूशिक्षा** क्रमशः ४८ श्लोक, २२ श्लोक र ३६ श्लोकका आयाममा विस्तारित लघुतर खण्डकाव्य ठहरिन आउँछन् । यस प्रकार भानुभक्त आचार्यलाई स्फुट कवि, लघुतर खण्डकाव्यकार र मानक महाकाव्यकारका रूपमा चिन्न सकिन्छ ।

आदिकवि भानुभक्त आचार्यले आफ्ना सबै काव्यकृतिमा शास्त्रीय छन्दयुक्त बद्ध लयढाँचाको प्रयोग गेका छन् । मूलतः शार्दूलविक्रीडित छन्दका प्रयोक्ता भानुभक्तले शिखरिणी, मालिनी, वसन्ततिलका, उपजाति, इन्द्रवज्रा, उपेन्द्रवज्रा, स्रग्धरा, शालिनी, तोटक, अनुष्टुप, स्वागता र द्रुतविलम्बित गरी तेह्रओटा छन्दको स्वाभाविक प्रयोग गरेको देखिन्छ । संस्कृत शास्त्रीय वर्णमात्रिक छन्दमा पनि नेपाली लोक भाषालाई अत्यन्त सरल र सहज रूपमा नेपाली जनजिभ्रोमा भिज्न सक्ने गरी चित्ताकर्षक र रसमय बनाउन सक्नु भानुभक्त आचार्यको एक काव्यप्रवृत्ति हो ।

भानुभक्त आचार्य रससिद्ध कवि हुन् । विविध सञ्चारी भाव, विभाव र अनुभावको संश्लिष्टका रूपमा स्थायी भावको उद्‌बोधन र रसको परिपाक उनका काव्यकृतिमा सञ्चारित भएको पाइन्छ । नवै रसको प्रयोग गरेका भानुभक्तका प्रश्नोत्तर एवम् **भक्तमाला**मा भक्तिभावपूर्ण शान्त रस तथा **वधूशिक्षा**मा उपदेशात्मक शान्त रसलाई अङ्गी रस बनाइएको छ । खास गरी उनको आख्यानात्मक महाकाव्य **रामायण**मा वीर, करूण, शृङ्गार, रौद्र, भयानक आदि अङ्ग रसका साथै अङ्गी रसका रूपमा रामभक्तिमय भक्तिरसले अनुप्राणित शान्त रसको प्रतिष्ठापन भएको छ । अन्य फुटकर रचनाहरूमा रौद्र, हास्य, शृङ्गार आदि रसको आधिक्य छ । यसबाट भानुभक्त आचार्य मुख्यतः शान्तरसप्रधान रससिद्धका कविका रूपमा चिनिन्छन् ।

भानुभक्त आचार्यले आफ्ना काव्यकृतिको प्रस्तुतीकरणमा प्रथम पुरुष/कविवक्तृप्रौढोक्ति तथा तृतीय पुरुष/कविनिबद्धवक्तृप्रौढोक्ति दुवै थरी उक्तिढाँचाको प्रयोग गरे तापनि प्रथम पुरुषात्मक कथन ढाँचाको आधिक्य पाइन्छ । उनका सम्पूर्ण स्फुट रचनाहरू तथा खण्डकाव्यहरूमा कविवक्तृप्रौढोक्ति कथन ढाँचालाई अँगालिएको छ भने उनको सर्वोच्च प्राप्ति **रामायण**मा चाहिँ कविवक्तृप्रौढोक्ति तथा कविनिबद्धवक्तृप्रौढोक्ति कथन ढाँचाको एकल तथा मिश्रित उक्ति ढाँचालाई अँगालिएको पाइन्छ । निष्कर्षमा भन्नुपर्दा प्रथम पुरुषात्मक कविवक्तृप्रौढोक्ति उक्ति ढाँचामा काव्यकृतिको प्रस्तुति भानुभक्त आचार्यको एक काव्यप्रवृत्ति हो ।

शैलीगत सिद्धि भानुभक्त आचार्यको कवित्वको एक उल्लेखनीय पक्ष हो । उनको शैलीगत वैशिष्ट्य शब्दचयन वा शब्दयोजनादेखि पंक्तिका बीचको समानान्तर हुँदै सिङ्गो श्लोकरचना र समुच्चा कृतिसंरचनासम्म प्रसारित रहेको छ । यस परिप्रेक्ष्यमा उनको काव्यभाषाअन्तर्गत संस्कृत तत्सम स्रोतका शब्दको एक तृतीयांशसम्मको उपस्थिति र

फाटफुट रूपमा अरबी, फारसी आदि आगन्तुक शब्दको प्रवेश भई मुख्यतः तत्भव झर्रा नेपाली शब्दहरूको नै अधिक भूमिका रहेको पाइन्छ । यसले गर्दा उनको भाषाशैली अत्यन्त सहज, सरल र बोधगम्य हुन गएको छ । विशेषतः अनुप्रासीय शब्दालङ्कार र रूपक, उपमा, समासोक्ति, दृष्टान्त, स्मरण, प्रश्न आदि अर्थालङ्कारमार्फत् उनको कवित्व चहकिन पुगेको छ । प्रसङ्गानुसार ओज गुण रहे पनि मुख्यतः माधुर्य र प्रसाद गुण अनि वैदर्भी र गौडी रीति प्रमुख रही प्रभावोत्पादक बनाउन पुगेको देखिन्छ । गेय र श्रव्य प्रचुर श्रुतिमाधुर्य नेपाली लोक भाषाको प्रवाह उनका कविताकृतिको प्रथम र केन्द्रीय आकर्षण हो ।

नैतिक आदर्श र औपदेशिकता तथा समाजसुधार र लोककल्याण भानुभक्त आचार्यका कविताकृतिमा अन्तर्निहित केन्द्रीय विचार हो । उनका काव्यकृतिमा संसारबाट मुक्ति पाउन भक्तिभावतिर लाग्नुपर्ने तथा मनुष्यजीवन सफल र सुखी बनाउन नैतिक आदर्शमा रहनुपर्ने र कर्म गर्नाले खुसी हुन सकिने सात्विक विचारलाई प्रकट गरिएको छ । अध्यात्मवाद र वेदान्तदर्शनका माध्यमबाट समाजसुधार गर्न सकिने र त्यसबाट लोककल्याण हुने कुरालाई उनका काव्यकृतिमा अत्यन्त प्रमुखताका साथ अभिव्यक्त गरिएको पाइन्छ ।

समग्रतः भानुभक्त आचार्य अद्भुत काव्यप्रतिभा भएका मौलिकतावादी कवि हुन् । उनले सरल, सरस, चोखो र चित्ताकर्षक नेपाली लोकभाषाको प्रयोग गरेर नेपाली कविता विधालाई मानक उचाइमा पुऱ्याएका छन् । उनी सामाजिक आवश्यकतालाई बुझेर सार्थक अभिव्यक्ति दिन समर्थ कवि ठहर्दछन् । **रामायण**द्वारा नेपाली समाजलाई भावनात्मक एकताको सूत्रमा बाँध्नु उनको महत्तम उपलब्धि हो । आदिकवि भानभक्त आचार्य नेपाली साहित्यका एक कालजयी, सार्वकालिक र ऐतिहासिक कवि हुन् ।

भानुभक्त आचार्यका उपर्युक्त काव्यप्रवृत्तिहरूलाई बुँदागत रूपमा यस प्रकार देखाउन सकिन्छ :

१) नेपाली कविताको प्राथमिक कालका भक्तिधारा मात्र नभएर समग्र प्राथमिक कालकै केन्द्रीय कवि प्रतिभा,
२) आध्यात्मिक नैतिक चेतना र अदर्शवादी प्रवृत्तिका साथै अध्यात्मवादी दर्शनको प्रबलता,
३) मौलिक तथा अनूदित दुवै कलामा सशक्त काव्यकृतिको सिर्जन,
४) कविता विधाको लघुतम रूप मुक्तकदेखि बृहत् रूप महाकाव्यसम्मका सबै उपविधागत स्वरूपमा काव्यकृतिको सिर्जना,
५) नेपाली साहित्यका प्रथम मानक महाकाव्कार,
६) पुराण, समाज, प्रशासन आदि विविध विषयवस्तुको प्रयोग,
७) आध्यात्मिक दर्शनमा अद्वेत वेदान्त दर्शनको प्रभाव र जीव, ब्रह्म, चैतन्यजस्ता त¤वहरूको निरूपण,

८) सामाजिक सुधारको भावना र लोककल्याणकारी दृष्टिकोणका साथै तत्कालीन सामाजिक परिवेशअनुरूपको आदर्शको अङ्गीकार,

९) **रामायण** र **भक्तमाला**मा दार्शनिकता, **वधूशिक्षा**मा नारी आदर्शका लागि औपदेशिकता र फुटकर कवितामा सटीक हास्यव्यङ्ग्यात्मक वैचारिकताको प्रतिपादन,

१०) कतिपय फुटकर रचनामा आक्रोशपूर्ण व्यङ्ग्यका साथै युगचेतना, समाजचेतना र प्रशासनिक ढिलासुस्तीप्रति व्यङ्ग्य,

११) देशप्रेम, स्थानवर्णन, राष्ट्रियता र प्रकृतिचित्रणमा समेत सबलता,

१२) शान्तरसप्रधान कविप्रतिभा

१३) मुख्यतः प्रथम पुरुषात्मक कविवक्तृप्रौढोक्ति कथनढाँचाको अवलम्बन,

१४) विविध शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोग, सरल, सहज भाषाशैलीको प्रयोगका साथै धेरै ठाउँमा प्रभावपूर्ण अलङ्कारको प्रयोग, आदि ।

## ३.५ निष्कर्ष

भानुभक्त आचार्य (वि.सं. १८७१-१९२५) नेपाली कविताको इतिहासमा प्राथमिक कालका केन्द्रीय कवि प्रतिभा हुन् । गण्डकी अञ्चलअन्तर्गत तनहुँ जिल्लाको चुँदी रम्घा भन्ने गाउँमा पिता धनञ्जय आचार्य र माता धर्मावतीदेवीका कोखबाट जन्मिएका कवि भानुभक्त आचार्यको काव्यलेखनको आरम्भिक प्रेरणा आफ्नै बाजे श्रीकृष्ण आचार्य थिए । बाजे श्रीकृष्ण आचार्यको काशीबास छँदा मृत्यु भएपछि जमघट पण्डितसभामा १९ वर्षका भानुभक्तले आफ्नो परिचय दिन रचना गरेको १ श्लोके कविता नै उनको प्रथम कविता भए पनि वि.सं. १८९८ मा संस्कृतको अध्यात्म रामायणको बालकाण्ड अनुवाद गरी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । औपचारिक रूपमा १८९८ बाट सुरू भएको काव्ययात्रामा भानुभक्त आचार्यका दुई दर्जनभन्दा बढी फुटकर कविता, **भक्तमाला**, **प्रश्नोत्तरमाला** र **वधूशिक्षा** गरी तीन खण्डकाव्य र **रामायण** महाकाव्य प्रकाशित छन् । मुख्यतः अध्यात्मवादलाई अँगालेर काव्यको सिर्जना गर्ने भानुभक्त एक आदर्शवादी कवि हुन् । उनको काव्यलेखनमा मौलिक तथा अनूदित दुवै कलाले प्रश्रय पाएको छ । पुराण, समाज, प्रशासन आदि विविध विषयवस्तुको प्रयोग गरिएका भानुभक्तका काव्यकृतिमा सामाजिक सुधारको भावना र लोककल्याणकारी दृष्टिकोणका साथै तत्कालीन सामाजिक परिवेशअनुरूपको आदर्शको अङ्गीकार गरिएको छ । भानुभक्तका काव्यकृतिमा शान्तरसको प्रधानता र मुख्यतः कविवक्तृप्रौढोक्ति कथनढाँचाको अवलम्बन भएको देख्न सकिन्छ । विविध संस्कृत शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोग, सरल, सहज भाषाशैलीको प्रयोगका साथै प्रभावपूर्ण अलङ्कारको प्रयोग पनि उनका काव्यकृतिगत विशेषता हुन् ।

# चौथो परिच्छेद
# वधूशिक्षा खण्डकाव्यको विश्लेषण

## ४.१ विषयप्रवेश

भानुभक्त आचार्य नेपाली साहित्यको प्राथमिक कालका विशिष्ट र केन्द्रीय कविप्रतिभा हुन् । उनका प्रकाशित काव्यकृतिहरूमध्ये **वधूशिक्षा** एक चर्चित खण्डकाव्य हो । जम्मा ३६ श्लोकको आयाममा विस्तारित प्रस्तुत खण्डकाव्यमा गृहस्थ जीवनमा नारीले गर्नुपर्ने कर्तव्यबोध र उपदेशलाई मुख्य विषयवस्तु बनाइएको छ । भानुभक्त वि.सं. १९१९ मा मुद्दामामिलासम्बन्धी काममा काठमाडौँबाट घर जाने क्रममा मित्र तारापतिका घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारीका बीचको झगडाबाट अभिप्रेरित भएर **वधूशिक्षा** खण्डकाव्यको रचना भएको देखिन्छ । यस परिच्छेदमा स्वरूपका दृष्टिले लघुतर खण्डकाव्यका रूपमा रहेको **वधूशिक्षा** खण्डकाव्यलाई विधातत्व र प्रवृत्तिका आधारमा विश्लेषण गरिन्छ ।

## ४.२ रचनाकाल र प्रकाशनकाल

आदिकवि भानुभक्त आचार्यकृत **वधूशिक्षा** खण्डकाव्य एक चर्चित र मौलिक कृति हो । नेपाली कविताको इतिहासमा **वधूशिक्षा** नामक दुईओटा कृति उपलब्ध छन्-एउटा कवि भानुभक्त आचार्यले लेखेको मानी मोतीराम भट्टले छपाएको र अर्को सत्कविले लेखेको र बालकृष्ण पोखरेलले छपाएको ।[1] पहिलो **वधूशिक्षा** जम्मा ३६ श्लोकमा विस्तारित छ भने दोस्रो **वधूशिक्षा**को पुछारमा रचनाकार सत्कवि भनी लेखिएको तथा रचनाकाल १९१३ साल मानिएकोले पहिलो **वधूशिक्षा** नै भानुभक्तको कृति ठहर्छ । वि.सं. १९१९ मा भानुभक्त आचार्य मुद्दामामिला सम्बन्धी काममा काठमाडौँबाट आफ्नो घर तनहुँ जाने क्रममा मित्र तारापति उपाध्यायका घरमा एक रात बास बसेको र तारापतिकी पत्नी र बुहारी झगडा गरेको प्रसङ्गलाई अभिव्यञ्जित गरिएको तथा अन्त्यानुप्रासीयता, शब्दसंयोजन, छन्दमिलान र परिपालन, शैलीगत माधुर्य आदि गुणले युक्त भएकाले ३६ श्लोके **वधूशिक्षा** नै आदिकवि भानुभक्तको कृति भएको र यसको रचनाकाल पनि १९१९ नै भएको कुरा प्रमाणित हुन्छ ।

कवि भानुभक्त आचार्यद्वारा रचित **वधूशिक्षा** खण्डकाव्यात्मक कृतिका खोजकर्ता र प्रकाशक भानुभक्त आचार्यका प्रथम समालोचक र जीवनीकर्ता युवाकवि मोतीराम भट्ट हुन् । भट्टले **वधूशिक्षा** खण्डकाव्यलाई पहिलोपटक कवि भानुभक्ताचार्यको जीवनचरित्र (१९४८) नामक समालोचनात्मक कृतिमा समाविष्ट गरेका छन् । त्यसैले यस कृतिको

---

१. इन्द्रबहादुर राई, सम्पा., **भानुभक्तका कृति : अध्ययनहरू**, (दार्जिलिङ : नेपाली साहित्य सम्मेलन, २०२६), पृ. ९७ ।

प्रकाशनकाल वि.सं. १९४८ नै हो । पछि यस खण्डकाव्यलाई साझा प्रकाशनले रामायण महाकाव्यको पछिल्लो भागमा प्रकाशित गर्दै आएको पाइन्छ ।

## ४.३ कृतिगत सन्दर्भ

वि.सं. १९१९ मा भानुभक्त आचार्य मुद्दामामिला सम्बन्धी काममा काठमाडौँबाट आफ्नो घर जाने क्रममा मित्र तारापति उपाध्यायका घरमा एक रात बास बस्दा तारापतिकी पत्नी र बुहारी झगडा गरेको घटनाबाट अभिप्रेरित भएर प्रस्तुत कृतिको रचना गरेका हुन् । **वधूशिक्षा** खण्डकाव्यात्मक कृतिलाई मोतीराम भट्टले कवि भानुभक्ताचार्यको जीवन चरित्र (१९४८) शीर्षकका समीक्षात्मक कृतिमा प्रकाशित गरेका छन् । भानुभक्त कालीन समाजमा दासप्रथा, सतीप्रथा, बहुविवाह, अनमेल विवाह जस्ता अनेक प्रथा र संस्कारले जरा गाडेको थियो ।[२] स्त्रीजातिलाई स्वतन्त्र रूपमा हाँस्न, बोल्न र हिँडडुल गर्न पनि बन्देज थियो । सारा घरको कामको जिम्मेवारी बुहारीले लिनुपर्थ्यो । पति, सासू, ससुरा, जेठाजु, देवर, आमाजू, नन्दादिको सेवा सश्रूषा, अतिथि सेवा-सत्कार पनि बुहारीले नै गर्नुपर्थ्यो । नारीजाति सबै पुरुषद्वारा सञ्चालित हुन्थे भने त्यसमाथि बुहारीको अवस्था त झन् दयनीय थियो । मान्यजनलाई आदर सत्कार गर्नुपर्ने भएको समाजमा बुहारीले सासूको आज्ञा उलङ्घन गरी मुख फर्काउनु त तत्कालीन नेपालका शासक राणहरूका विरूद्ध सर्वसाधारण जनताले आवाज उठाउनु जस्तै हुन्थ्यो । यस्तो सामाजिक संकारमा हुर्के बढेका भानुभक्त आचार्य एक रात मित्र तारापतिका घरमा बास बस्दा राति सासू-बुहारीको झगडा सुनेपछि सासूसँग बस्ने बुहारी र विवाहपछि बुहारी बन्ने छोरीहरूका लागि उपदेश दिने उद्देश्यले **वधूशिक्षा** कृतिको रचना गर्न पुगेको देखिन्छ ।

## ४.४ कृतिको संरचना र आयाम

**वधूशिक्षा** खण्डकाव्यलाई प्रस्तावना र उपदेश गरी दुई भागमा विभक्त गरिएको छ । प्रस्तुत खण्डकाव्य प्रस्तावनाका तीन श्लोक र उपदेश खण्डका तेत्तीस श्लोकका जम्मा छत्तीस श्लोकको आयाममा विस्तारित छ । खण्डकाव्यमा दिइएका प्रस्तावना र उपदेश खण्ड सर्गविधानको अवधारणाबाट सिर्जना गरेको नभएकोले यो सर्गरहित खण्डकाव्य हो भन्न सकिन्छ ।

कुनै पनि कविताकृतिको मुख्य आयाम भन्नु त्यस कृतिको लमाइ नै हो । गहिरिएर हेर्दाचाहिँ श्रोताका हृदयमा पर्ने र त्यस कविताकृतिमा अन्तर्निहित रहने श्रव्य छन्दगत/लयगत पंक्तिको संरचनाको चौडाइ एवम् कथ्य विषयवस्तु तथा भावविम्बको स्वरूप र प्रभावको चौडाइ-लमाइसहितको गहिराइलाई कवितात्मक आयाम मान्नुपर्छ ।

---

२. भद्रवीर अधिकारी, **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**, पूर्ववत्, पृ. ८ ।

सामान्यतः एक सय श्लोक वा सोभन्दा बढी श्लोक र महाकाव्यमा अपेक्षित हुनेभन्दा कम श्लोक भएको कविताको मझौलो रूपलाई खण्डकाव्य भनिन्छ । रूपाकृतिगत लमाइका हिसाबले खण्डकाव्यलाई पनि तीन श्रेणीमा बाँड्नु उपयुक्त देखापर्छ- (क) लघुतर खण्डकाव्य (२०-४९ श्लोकका), (ख) लघुकाव्य (५०-९९ श्लोकका) र (ग) खण्डकाव्य/कोशकाव्य ( १००-९९९ श्लोकका) ।[३] यसका आधारमा छत्तीस श्लोकको आयाममा विस्तारित सूक्ष्म आख्यानयुक्त **वधूशिक्षा** काव्य लघुतर खण्डकाव्य हो भन्न सकिन्छ ।

## ४.५ खण्डकाव्य तत्वका आधारमा वधूशिक्षा खण्डकाव्यको विश्लेषण

खण्डकाव्य कविता विधाको एक उपविधा हो । फुटकर कविताभन्दा माथिल्लो तथा महाकाव्यभन्दा तल्लो कविताको आयामिक संरचनामा आबद्ध कवितारूपलाई खण्डकाव्य भनिन्छ । कविता विधाको निर्माणमा आवश्यक पर्ने संरचक त¤वहरू नै खण्डकाव्यका संरचक त¤व हुन् । यिनै संरचक त¤वका आधारमा खण्डकाव्यको सैद्धान्तिक विश्लेषण गर्न सकिन्छ । त्यसैले यहाँ खण्डकाव्य त¤वका आधारमा वधूशिक्षा खण्डकाव्यको विश्लेषण गरिएको छ ।

### ४.५.१ कथावस्तु

भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्य क्षीण कथावस्तुमा आधारित खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यको कथावस्तुको स्रोत मौलिक देखापर्छ । पाश्चात्य काव्यशास्त्री अरिस्टोटलले बताएका कथावस्तुका तीन प्रमुख स्रोत (दन्त्यकथा, कल्पना र इतिहास) का दृष्टिले हेर्दा **वधूशिक्षा** खण्डकाव्य कविकल्पनाका रूपमा देखिन्छ । वि.सं. १९१९ मा भानुभक्त आचार्य मुद्दामामिला सम्बन्धी काममा काठमाडौँबाट आफ्नो घर तनहुँ जाने क्रममा मित्र तारापति उपाध्यायका घरमा एक रात बास बस्दा तारापतिकी पत्नी र बुहारी झगडा गरेको घटनाबाट अभिप्रेरित भएर प्रस्तुत कृतिको रचना गरेका हुन् । प्रस्तावनाका तीन श्लोक र उपदेश खण्डका तेत्तीस श्लोक गरी जम्मा छत्तीस श्लोकको आयाममा विस्तारित प्रस्तुत खण्डकाव्यको कथावस्तु मित्र तारपतिका घरको झगडा देखेर मित्रलाई सम्बोधन गर्दै सम्झाएबाट थालिई नारीलाई उपदेश दिएको तथा कर्तव्याकर्तव्यको शिक्षा दिएको घटनामा पुगी विकसित भएको छ । प्रस्तावनाको पहिलो श्लोक *एक थोक् भन्छु नमान्नु मनमा हे मित्र तारापति...* देखि तेस्रो श्लोक *हुन त त म अतिथि... काहाँ पछाडी* सम्मको श्लोबाट यस काव्यको आदि भागको निर्माण भएको छ । उपदेश खण्डको पहिलो श्लोक *प्रातःकाल महाँ उठेर...* देखि उन्तीसौँ श्लोक *आज्ञा माफिक अङ्ग पाउहरूमा...ई बात सूनुन् भनी* सम्मको श्लोक शृङ्खलाबाट प्रस्तुत काव्यको मध्य भाग बनेको देखिन्छ । तीसौँ श्लोक *जति गरि दिनमा काम् ...* देखि तेत्तीसौँ श्लोक *स्त्रीको धर्म पतिव्रता...साँचो*

[३]. वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता** भाग ४, चौ.सं., (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. ५९ ।

*कुरामा भुली* सम्मका श्लोकहरूबाट यस काव्यको अन्तिम भाग निर्माण भएको छ । झिनो कथावस्तु अँगालिएको प्रस्तुत काव्यको मुख्य पक्ष नारीलाई आदर्शमा रहन दिइएको उपदेश नै हो । खण्डकाव्यको आसम्भमा नै सासू-बुहारीको झगडालाई प्रस्तुत गरिएकाले सूच्य रूपमा बाह्य द्वन्द्वलाई देखाउन खोजिए पनि उक्त झगडा/घटना हार र जीतको अवस्थामा नपुगेकाले अर्थात् नदेखाइएकाले कथावस्तु सुखान्त बनेर रहेको छ । उपदेशका लागि रचिएको प्रस्तुत खण्डकाव्यको कथावस्तुमा त्यति सशक्तता पाउन सकिदैन तैपनि समग्र कथाक्रमलाई यस प्रकार देखाउन सकिन्छ :

१) प्रस्तावना खण्डका तीन श्लोक(आरम्भ)

२) उपदेश खण्डका पहिलो-उन्तीसौँ श्लोक (मध्य)

३) उपदेश खण्डका तीसौँ-तेत्तीसौँ/अन्तिम श्लोक (अन्त्य)

### ४.५.२ विषयवस्तु

**वधूशिक्षा** खण्डकाव्य मौलिक विषयवस्तुमा सृजित खण्डकाव्य हो । एक दिन कवि भानुभक्त आचार्य मित्र तारापतिको घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारी बाझेको घटनालाई मुख्य प्रेरक कथ्य बनाई नारीहरूलाई शिक्षा तथा उपदेश दिइएको कुरालाई प्रस्तुत खण्डकाव्यले आफ्नो मुख्य विषयवस्तु बनाएको छ । हिन्दू धर्म र परम्पराअनुसार मर्यादित पारिवारिक सम्बन्ध भएको समाज निर्माणका लागि सम्पूर्ण नारीहरू कर्तव्यपरायण र धर्मानुरागी बन्नुपर्ने औपदेशिक विषयवस्तु प्रस्तुत खण्डकाव्यको केन्द्रीय विषय हो । विशेषतः **वधूशिक्षा** सामाजिक परोपकरको उद्देश्यबाट रचिएको काव्य भएकाले यस कृतिका माध्यमबाट भानुभक्त आचार्यले अभिधार्थमा आफ्ना मित्र तारापतिकी पत्नी र बुहारीलाई र व्यञ्जनार्थमा सनातन हिन्दू धर्मावलम्बी सम्पूर्ण समाजका विवाहित नारी जातिलाई व्यावहारिक कर्तव्यको बोध गराउने र इहलोक र परलोकलाई सुखमय बनाउने किसिमको शिक्षा दिने उद्देश्यले रचना गरेको पाइन्छ ।[४] यस कृतिमा कविले व्यावहारिक नारी शिक्षा दिने गरी बुहारीशिक्षा अत्यन्त रोचक ढङ्गले प्रस्तुत गरेका छन् । यहा निर्देश गरिएको **वधूशिक्षा** तत्कालीन समाजका लागि ठीकै भए पनि वर्तमान नारी समुदायका दृष्टिमा यहाँ प्रकट गरिएका कतिपय विचार विवादास्पद पनि हुन सक्लान् । यथार्थमा यो परम्परागत नीति शिक्षामा आधारित एउटा व्यवहारकाव्य हो ।

कवि भानुभक्त आचार्यले मित्र तारापतिकी पत्नी र बुहारी साह्रै झगडालु भएको कुरालाई अत्यन्त विनम्र भावमा खण्डकाव्यको पहिलो श्लोकमा यसरी व्यक्त गरेका छन् :

---

४. भद्रवीर अधिकारी, पूर्ववत्, पृ. २३२ ।

एक् थोक् भन्छु नमान दुक्ख मनमा हे मित्र तारापती ।
तिम्रा ई जति छन् जहानहरु ता लड्न्या रह्याछन् अती ॥
सून्याँ दन्तबभ्कान आज घरको कर्कर् गऱ्याको उसै ।
भर्रात् जाग्रन भ्कैँ भयो मकन ता लागेन आँखा कसै ॥

(प्रस्तावना खण्ड, श्लोक १)

त्यसपछि दोस्रो श्लोकमा तारापतिको घर बढिया भएको र घरमा कुनै चिजको कमी नभएको तर पत्नी-बुहारी र छोरीहरूको तालिम गर्न नसकेको र सो तालिम गर्न सहायता पुगोस् भनेर यस कृतिको रचना गरेको तथा तेस्रो श्लोकमा सच्चा मित्र ठानेर उपदेश दिएको प्रसङ्ग छ ।

**वधूशिक्षा** खण्डकाव्यको मुख्य पाठस्वरूप उपदेश खण्डमा कविले नारीहरूले आफ्नो घर व्यवहारमा के गर्नुपर्छ र कसरी रहनुपर्छ भन्ने विषयमा दिनचर्याको निर्देशनका साथ विस्तृत ज्ञानउपदेश दिएका छन् । विवाहिता नारीको निम्ति पतिभन्दा ठूलो अरू हुन सक्दैन भन्ने विचारलाई यस प्रकार अभिव्यक्त गरिएको छ :

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ।
सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ति पतीमा धरून् ॥
भक्तीले पति ईश्वरै भनि बुभ्कून् पाऊ तलैमा परून् ।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ॥

(उपदेश खण्ड, श्लोक १)

त्यस्तै बिहान उठेर स्नान गर्नु, सासूका पाउमा पर्नु, आफूले गर्नुपर्ने कामका बारेमा सासूसँग सोध्नु, घरका मान्नेजनलाई ढोकभेट गर्नु, चाकर्लाई मीठा वचनले काममा लगाउनु, पतिका लागि स्नानसामग्री तथा पूजासामग्री तयार पार्नु, जोगीलाई भिक्षा दिन ढिलो नगर्नु, घर सधैँ बढारी लिपपोत गर्नु, सिन्दुर-टीका लगाउनु वा निधार कहिल्यै खाली नराख्नु, घरका परिवारलाई ख्वाईप्याई गर्नु, खाली समयमा आवश्यक सामग्री बनाउनु, पाहुनाको सम्मान गर्नु, कहिल्यै भ्कुटो नबोल्नु, खाने चिज ढाकछोप गरेर राख्नु र विग्रन नदिनु, साँभ्कमा बत्ती बाल्नु, स्त्रीको ठूलो धर्म नै प्रतिव्रता भएकाले भक्तिपूर्वक पतिभक्तिमा लाग्नु भन्ने जस्ता उपदेशलाई अभिव्यक्त गरिएको छ । सौताको रिस नगर्नु, बिनाकाम अर्काका घरमा नजानु, फुर्सदमा त्यसै हाँसेर दिन नबिताउनु भन्ने जस्ता कुराप्रति पनि सजग गराइएको छ ।

उपर्युक्त नारीशिक्षाका विभिन्न बुँदा पुरुषप्रधान परम्परागत हिन्दू समाजका नारीमान्यता र तत्कालीन नेपाली समाजका सन्दर्भमा निकै भ्कीनामसिना र विस्तृत एवम्

पर्याप्त उपयोगी देखिन्छन् । तर नरनारीका बीच समानताका आधुनिक मान्यताका कसीमा तीमध्येका कतिपय बुँदा आलोच्य हुनु पनि अस्वाभाविकचाहिँ होइन । जे भए पनि नारी औपदेशिक सन्दर्भहरूको सजीव प्रस्तुति यस खण्डकाव्यमा देख्न सकिन्छ ।

### ४.५.३ पात्रविधान

भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्य पात्रविधानका दृष्टिले त्यति सशक्त कृति मान्न सकिन्न । कवि (कविनिबद्ध म पात्र) ले पात्रमा हस्तक्षेप गरेर उनीहरूको बारेमा आफ्नो तर्फबाट वर्णन-विश्लेषण गरेका छन् । यहाँ प्रयुक्त सबै पात्रहरू कार्यव्यापार गर्न असमर्थ छन् अर्थात् सबै पात्रहरू सूच्य रूपमा र कहीँ कतै सम्बोधनात्मक रूपमा उपस्थित भएका छन् । यति हुँदाहुँदै पनि तारापतिकी बुहारीलाई प्रमुख पात्रका रूपमा, तारापतिकी पत्नी र तारापतिलाई सहायक पात्रका रूपमा र नोकर, चाकर, अतिथि, रोगी, बृद्ध, जोगी आदिलाई गौण चरित्रका रूपमा प्रस्तुत गरिएको छ । म पात्र कथावाचक भएर उपस्थित भएको देखिन्छ । त्यस्तै मानवेत्तर दैवी मात्र ईश्वर र मानवेत्तर मात्र पशु पनि वर्णनका क्रममा आएका छन् । **वधूशिक्षा** खण्डकाव्य मूलतः औपदेशिक काव्य भएकाले तारापतिकी बुहारीका केन्द्रीयतामा रहेको पाइन्छ । त्यसैले प्रमुख तथा सहायक पात्रको मात्र चर्चा गर्नु उपयुक्त देखिन्छ ।

#### तारापतिकी बुहारी

खण्डकाव्यभरि कतै पनि नाम उल्लेख नगरिएकी तारापतिकी बुहारी **वधूशिक्षा** खण्डकाव्यकी प्रमुख र केन्द्रीय पात्र हुन् । खण्डकाव्यको शीर्षकविधानमा पनि नारीलाई प्रमुखतामा राखेर **वधूशिक्षा** जुराउनुले पनि नारी नै प्रस्तुत खण्डकाव्यको प्रमुख पात्र भएको जानकारी मिल्छ भने अध्ययन-पठनबाट ती प्रमुख पात्र तारापतिकी बुहारी नै हुन् भन्ने निष्कर्षित हुन्छ । पूरै खण्डकाव्य यिनै पात्रलाई उपदेश दिनमा खर्चिएको छ । उनी यस खण्डकाव्यमा प्रमुख पात्र भएर पनि असत् पात्रका रूपमा चित्रित छन् । सम्मानित व्यक्ति सासूसँग बाझाबाझ गर्नुले उनको असत् चरित्रलाई पुष्टि गर्छ । त्यस्तै वर्गगत, नेपथ्य, नारी, प्रतिकूल, स्थिर, बहिर्मुखी, बद्ध पात्रका रूपमा पनि उनलाई लिन सकिन्छ ।

#### तारापतिकी पत्नी

तारापतिकी पत्नी **वधूशिक्षा** खण्डकाव्यकी सहायक पात्र हुन् । यिनको पनि खण्डकाव्यमा कतै नामोल्लेख छैन । खण्डकाव्यमा यिनलाई सासूको रूपमा उभ्याइएको छ । बुहारीलाई सिकाउनुको सट्टा बाझ्नमा नै व्यस्त तारापतिकी पत्नी असत् पात्रका रूपमा चित्रित छन् । लिङ्गका आधारमा स्त्रीलिङ्गी, प्रवृत्तिका आधारमा प्रतिकूल, स्वभावको रूपमा गतिहीन/स्थिर, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा नेपथ्य, आबद्धताका

आधारमा मुक्त पात्रका रूपमा उनलाई लिन सकिन्छ । बुहारीसँग झगडा गर्नुले उनी बहिमुर्खी स्वभावकी पात्र हुन् भन्न सकिन्छ ।

### तारापति

तारापति **वधूशिक्षा** खण्डकाव्यका सहायक पात्र हुन् । घरको मुली भएर पनि घर-परिवार सम्हाल्न नसक्ने तथा निरीह पात्रका रूपमा तारापतिलाई लिन सकिन्छ । लिङ्गका आधारमा पुलिङ्ग, प्रवृत्तिका आधारमा अनुकूल, जीवनचेतानाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय (सम्बोधनात्मक रूपमा उपस्थित), आबद्धताका आधारमा मुक्त पात्रका रूपमा उनलाई लिन सकिन्छ ।

### म पात्र

म पात्र **वधूशिक्षा** खण्डकाव्यको कथावाचक पात्र हो । खण्डकाव्यको सुरूदेखि अन्त्यसम्म एकछत्र रूपमा ऊ कथावाचक भएर रहेको छ । अर्काको घरमा दिनहुँजसो हुने सामान्य भनाभनलाई ठूलै घटना बनाई त्यसको बारेमा लेख्न/भन्ने म पात्र बहिमुर्खी पात्रका रूपमा देखापर्छ । परम्परागत हिन्दू सांस्कारिक समाजलाई राम्ररी बुझेको र सोहीअनुसार नारीलाई राख्न चाहने म पात्र एक आदर्शवादी पात्र हो । मञ्चीय, स्थिर, वर्गीय पात्रका रूपमा पनि उसलाई लिन सकिन्छ ।

**वधूशिक्षा** खण्डकाव्यमा प्रसङ्गवश आएका अन्य सबै पात्रहरू गौण पात्रका रूपमा देखिन्छन् ।

**वधूशिक्षा** खण्डकाव्यका सबै पात्रहरू सूच्यात्मक रूपमा प्रस्तुत भएका छन् । कार्यव्यापारका दृष्टिले उनीहरूको खासै भूमिका छैन । कविको ध्येय पनि उपदेश दिनु भएकाले पात्रलाई कार्यव्यापारमा सक्रिय र संलग्न गराइएको छैन । कविप्रौढोक्ति उक्तिढाँचामा एकोहोरो उपदेशको व्याख्यान भएको **वधूशिक्षा** खण्डकाव्य पात्रविधानका दृष्टिले सशक्त देख्न सकिदैन ।

### ४.५.४ परिवेशविधान

**वधूशिक्षा** खण्डकाव्यको परिवेशविधान स्पष्ट छैन तथापि यस काव्यमा परिवेशचित्रण हुँदै नभएको भने होइन । यस खण्डकाव्यको परिवेश कवि भानुभक्त आचार्यको जीवनीको प्रसङ्गबाट मिलान गर्न सकिन्छ । वि.सं. १९१९ मा कवि भानुभक्त मुद्दामामिलासम्बन्धी काममा काठमाडौँबाट आफ्नो घर जाने क्रममा मित्र तारापतिको घरमा बास बसेको र सासू-बुहारीको झगडा देखेको घटनाबाट अभिप्रेरित भएर प्रस्तुत खण्डकाव्यको रचना भएको कुराले वि.सं. १९१९ साल नै यस खण्डकाव्यको कालगत परिवेश हो भन्न सकिन्छ ।

हिन्दू धर्मानुसारको समाज तथा समय यस खण्डकाव्यम प्रयोग भएको विषयवस्तुको कालगत पीठिका हो । १९१९ का एक दिनको करिब ३/४ घण्टाको समयावधिको चित्रण यस काव्यमा भएको पाइन्छ ।

**वधूशिक्षा** खण्डकाव्यमा स्थानगत परिवेशअन्तर्गत तारापतिका घरको चित्रण गरिएको पाइन्छ । मित्र तारापतिका घरको घटना खण्डकाव्यमा उल्लेखित छ ।

तारापतिका घरमा सासू-बुहारीका बीचमा भएको बाझाबाझ वा झगडा नै **वधूशिक्षा** खण्डकाव्यको वातावरणगत परिवेश हो । काव्यमा वर्णित प्रसङ्गलाई हेर्दा **वधूशिक्षा**को परिवेश वि.सं. १९१९ तिरको राणाकालीन कट्टर हिन्दूधर्मअनुसारको भानुभक्तीय समाज र समय रहेका् ध्वनित हुन्छ ।

## ४.५.५ उद्देश्य

भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्यको मुख्य उद्देश्य नारीलाई कर्तव्याकर्तव्यको बोध गराई उपद्शका माध्इमबाट आदर्श समाजका् स्थापन गर्नु देखिन्छ । कविले प्रस्तुत खण्डकाव्यका माध्यमबाट बाह्य रूपमा आफ्ना मित्र तारापतिकी पत्नी र छोरीबुहारीलाई र आन्तरिक रूपमा सनातन हिन्दूधर्मी समाजका सम्पूर्ण विवाहिता नारी जातिलाई व्यावहारिक कर्तव्यको ज्ञान वा बोध गराउने र उनीहरूको इहलोक र परलोकलाई सुखमय बनाउने किसिमको शिक्षा दिने उद्देश्य लिई रचना गरिएको पाइन्छ ।[५] कविले मित्र तारापतिका घरमा बास बस्दा सासू-बुहारीको दन्तबझान सुनेर **वधूशिक्षा** खण्डकाव्यको रचना गरेका थिए । तारापतिलाई सम्बोधन गरेर लेखिएको श्लोक *साह्रै झोँक उठ्यो मलाइ र **वधूशिक्षा** बनायाँ पनी/यस्ले पत्नि, बुहारि, छोरिहरूको तालिम् गरौला भनी* ले यो कृति रच्ने प्रेरणा र यसको कथ्य एवम् उद्देश्यमाथि राम्ररी प्रकाश पारेको छ ।[६] सार्थ कवि भानुभक्त आचार्य हिन्दू धर्म र परम्पराअनुसार मर्यादित पारिवारिक सम्बन्ध भएको समाजको चाहना तथा नारीसमाज कर्तव्यपरायण र धर्मानुरागी बनोस् भन्ने भावनाले निकै प्रेरित भएकाले पनि तदनुरूप सामाजिक परोपकारको उद्देश्यबाट प्रस्तुत कृतिको रचना हुन गएको देखिन्छ । यो खण्डकाव्य नारीउपदेशको पुञ्ज बन्न गएको छ । यहाँ निर्देश गरिएको वधूशिक्षा तत्कालीन समाजका लागि ठीकै भए पनि वर्तमान नारीसमुदायको दृष्टिमा यहाँ प्रकट गरिएका कतिपय विचार विवादास्पद पनि हुन सक्लान् । आधुनिक अझ उत्तरआधुनिक युगमा भानुभक्तीय नारीसमाजको कर्तव्याकर्तव्यको रेखाङ्कन धुमिल प्रायः भएको देखिन्छ । यथार्थमा यो परम्परागत नीतिशिक्षामा आधारित एउटा व्यवहारकाव्य हो ।

---

५. भद्रवीर अधिकारी, पूर्ववत्, पृ. २३२ ।

६. चूडापणि बन्धु, सम्पा., **नेपाली साहित्यको इतिहास** भाग १, (काठमाडौं : ने.रा.प्र.प्र., २०६०), पृ. २०२ ।

### ४.५.६ दृष्टिविन्दु

कविवक्तृप्रौढोक्ति उक्तिढाँचामा म पात्रले तारापतिप्रति सम्बोधित एकालापीय कथन पद्धतिलाई अवलम्बन गरिएको **वधूशिक्षा** खण्डकाव्य प्रथम पुरुष दृष्टिविन्दुमा प्रस्तुत छ । खण्डकाव्यको आरम्भदेखि अन्त्यसम्म म पात्र नै वक्ता पात्रका रूपमा उपस्थित भएको देख्न सकिन्छ । खण्डकाव्यमा प्रयुक्त सबै पात्रहरू मौन छन्, उनीहरू न त संवाद गर्छन् न त कार्यव्यापार नै । म पात्रका माध्यमबाट नै सबै पात्रहरू आगमन र बहिर्गमन गरिन्छन् । तारापतिकी बुहारी केन्द्रीय/प्रमुख पात्र तथा तारापतिकी पत्नी र तारापति सहायक पात्र भए पनि कथावस्तु/विषयवस्तुको प्रस्तुतीकरणमा उनीहरूको कुनै संलग्नता छैन । पूरै खण्डकाव्यभरि म पात्र नै कथावाचक भएर रहेको छ । त्यसैले प्रथम पुरुष वा परिधीय आन्तरिक दृष्टिविन्दुलाई अवलम्बन गरी लेखिएको **वधूशिक्षा** खण्डकाव्य दृष्टिविन्दुका कोणबाट हेर्दा एउटा सरल काव्य हो ।

### ४.५.७ भाषाशैली

कवि भानुभक्त आचार्य शिष्ट-लेख्य नेपाली काव्यभाषाका निर्माता अग्रज कवित्वका रूपमा परिचित छन् । उनले आफ्नो काव्ययात्राका क्रममा छन्दोवद्ध पद्यलेखनसहित भाषाशैलीगत कौशल प्राप्त गरेको देखिन्छ र यो उनको सिद्धि पनि हो । संस्कृत भाषाको प्रचुरता रहेको समयमा नेपली लोक भाषालाई अवलम्बन गरेर काव्यलेखन तथा प्रस्तुतीकरण कवि भानुभक्तको सर्वोच्चता हो । सरल, सरस एवम् चित्ताकर्षक भाषाशैली उनका काव्यकृतिको पहिचान हो । यी सबै विशेषता कवि भानुभक्तको **वधूशिक्षा** खण्डकाव्यमा पनि अन्तर्निहित छन् । संस्कृत भाषाका अध्येता र पण्डित पुत्र भएर पनि उनले नेपाली लोक भाषालाई उचाइमा पुऱ्याउने काम गरेका छन् ।

भाषाशैलीका दृष्टिले कवि भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्य सफल मानिन्छ । मित्र तारापतिका घरमा बास बस्दा सासू-बुहारीको झगडाबाट उत्प्ररित भएर रातका लगभग ३/४ घण्टाको समयावधिमा आशुरचनाका रूपमा प्रस्तुत खण्डकाव्यको सिर्जना भए पनि सरल र तद्भवप्रधान नेपाली भाषाको श्रुतिरम्यता कहीँ कतै पनि खजमजिन पुगेको छैन । तद्भवप्रधान नेपाली लोकजीवनमा प्रचलित कज्य भाषाका शब्दको अधिकता र आन्तरिक अनुप्रासयुक्त र अन्त्यानुप्रासका दृष्टिले कसिलो हुनु तथा प्राञ्जल, प्रसाद गुणयुक्त र माधुर्यपूर्ण हुनु **वधूशिक्षा** खण्डकाव्यको भाषाशैलीगत सबलताको प्रमाण हो । सरल शब्दशय्याको कुशल संयोजनले भाषामा लयात्मकता र साङ्गीतिकता सिर्जना भएको छ । यसका भाषिक वर्णयोजनामा भेटिने अनुप्रासीय माधुर्य, प्रायः दुई-तीन अक्षरे शब्दप्रयोगमा झल्किने शैलीगत छरितोपना र प्रवाहमयता, समासरहित छोटा-छोटा

शब्दहरूको चातुर्यपूर्ण शैलीगत सघनता र काव्यमय आलङ्कारिक भाषाशैलीले गर्दा मध्यमप्रयुक्तिगत बन्न गएको छ ।

### ४.५.८ विम्ब, प्रतीक र अलङ्कारविधान

भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्य विम्ब, प्रतीक र अलङ्कारविधानका दृष्टिले सरल र सफल काव्य हो । भानुभक्त आचार्य विम्बप्रतीकका निम्ति र अलङ्कारका निम्ति कविता रच्ने कवि नभई हार्दिक भावहरूको स्वाभाविक प्रकाशनका निम्ति कविता रच्ने कवि भएकाले **वधूशिक्षा** काव्यमा पनि उनले भावलहरकै सहजात प्रतीत हुने र कथ्य अर्थलाई पारदर्शी रूपमा झल्काउने थरीथरीका विम्बहरूको स्वाभाविक र सुन्दर प्रयोग गरेको भेटिन्छ । यो काव्य मूलतः नैतिक औपदेशिक काव्यका रूपमा रहेकाले खास गरी हिन्दू सांस्कृतिक लोक विम्बलाई आत्मसात् गरिएको छ । धार्मिक, सामाजिक, कर्तव्यमूलक आदि विम्बको यथेष्ट प्रयोग पनि पाइन्छ । लोकसांस्कृतिक, धार्मिक विम्बको प्रयोग गर्ने क्रममा कवि लेख्छन् :

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ।
सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ति पतीमा धरून् ॥
भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ तलैमा परून् ।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ॥ (श्लोक १)

यस श्लोकमा कविले नारीलाई उपदेश दिने क्रममा हिन्दू सांस्कारिक नेपाली लोक समाजमा प्रचलित बिहानको समयमा नारीहरू उठ्ने र ईश्वरको ध्यान गर्ने तथा पतिलाई नै ईश्वर सम्झेर पतिभक्तिमा लागून भन्ने उपदेश दिइएको छ ।

नारीलाई कर्तव्याकर्तव्यको बोध गराउने क्रममा कवि लेख्छन् :

हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन् ।
वेश्या लौ न हउन् तथापि घरको काम् ती सबै नास्तछन् ॥
एक्लै हाँस्न हुँदैन कोहि नभई अर्को सँगी भो जसै ।
हाँस्तैमा दिन जान्छ येहि रितले सब् काम बित्छन् तसै ॥ (श्लोक १९)

यस श्लोकमा कविले नारीहरू फुर्सदमा त्यसै बसेर हाँसेर दिन बिताउनु हुँदैन, यदि त्यसरी कुनै साथीबिना एक्लै कोही हाँस्छन् भने त्यस्ता नारीहरूले कामको नाश गर्नुका साथै वेश्या नै ठहरिन्छन् भन्ने सचेतनामूलक औपदेशिक विम्बलाई सघन रूपमा प्रस्तुत गरिएको छ ।

कुनै एउटा वस्तुका बारेमा प्रकाश पार्न उभ्याइने अर्को वस्तुलाई प्रतीक भनिन्छ । काव्यमा प्रयुक्त भाव वा विचारलाई अझ प्रखर र पेचिलो बनाउनका लागि यसको प्रयोग गरिन्छ । कतिपय काव्यहरूमा शीर्षक तथा पात्रहरू स्वयम् पनि प्रतीकात्मक रहने गरेको पाइन्छ । **वधूशिक्षा** खण्डकाव्य औपदेशिकताका केन्द्रीयतामा लेखिएको सरल काव्य भएकोले प्रतीकात्मक खण्डकाव्य मान्न सकिँदैन । प्रस्तुत खण्डकाव्यमा प्रयुक्त भाव/विचार वा विषयवस्तुलाई उपदेशका रूपमा अभिव्यक्त गरिएको छ । तैपनि घरको मुली भएर पनि स्वास्नी तथा बुहारीलाई कर्तव्यको बोध गराउन नसक्ने निरीह व्यक्तिका रूपमा तारापति, आआफ्नो कर्तव्य भुलेर घरमा किचलो गर्ने वा बाझाबाझ गर्ने नारीका रूपमा सासू-बुहारीलाई, प्रतीकात्मक अभिव्यञ्जक आधारका रूपमा उपयोग गरिएको देखिन्छ । त्यति मात्र नभई मुद्दामामिलामा अनेक हैरानी खेपेका कविले तत्कालीन राणाशासनलाई पतिका रूपमा र नेपाली जनतालाई पत्नी/बुहारीका रूपमा पनि उभ्याउन सकिन्छ । पुरुषले चाकरी-चाप्लुसी नगरी प्रशासक राणाहरू प्रसन्न नरहने हुँदा पुरुषहरूको भाट हुनुपर्ने घरबाहिरको स्थितिलाई सङ्केत गर्न घरभित्रको नारीचाप्लुसी प्रतीकात्मक रूपमा अत्याचारीको पोल खोल्नका निमित्त पनि **वधूशिक्षा** लेखिएको हुनसक्छ ।[७]

अलङ्कार काव्यको सौन्दर्यबर्धक तत्व हो । **वधूशिक्षा** अलङ्कारका लागि लेखिएको काव्य नभए तापनि सहज तथा स्वाभाविक रूपमा यसमा थुप्रै अलङ्कारहरूको प्रयोग भएको छ । काव्यमा आएका विभिन्न अलङ्कारहरूले प्रस्तुत खण्डकाव्यलाई सजाउने काम गरेका छन् । काव्यमा प्रयुक्त अलङ्कारलाई यसरी प्रस्तुत गरिन्छ :

**(क) शब्दालङ्कार**

**वधूशिक्षा** खण्डकाव्य शब्दालङ्कारका दृष्टिले उल्लेखनीय कृति हो । यस काव्यमा मुख्यतः अनुप्रास शब्दालङ्कारको समुचित प्रयोग गरिएको छ । आद्यानुप्रासको नमुना यस प्रकार छ :

भन्छन् शास्त्र  पती र सासु ससुरा जेठाज्यु मान्नू भनी ।
भन्छन् तापनि जो पती छ उ सरी हूँदैन कोही पनी ॥
दृष्टान्तै पनि मिल्छ सासु ससुरा जेठाजु बित्ता सती ।
को जान्छन् पति पो बित्या पनि भन्या जानू छ सँगै सती ॥ (श्लोक १८)

यहाँ अघिल्ला दुई पंक्तिको आदि भागमा 'भन्छन्' शब्दको पूर्ण आनुप्रासिक संयोजनले आद्यानुप्रासीय शब्दालङ्कारको प्रयोग भएको छ ।

---

७. खेम दाहाल, *भानुभक्त आचार्यका खण्डकाव्य तथा फुटकर रचनामा अनुशासनको चेतना एवम् व्यङ्ग्योक्ति*, **गरिमा**, (वर्ष १२, अङ्क ७, पूर्णाङ्क १३९, २०५१ असार), पृ. ४९ ।

त्यस्तै काव्यका सम्पूर्ण छत्तीस श्लोकभरिमा अन्त्यानुप्रासको अत्यन्त कुशल संयोजन गरिएको छ। अन्त्यानुप्रासका दृष्टिले **वधूशिक्षा** खण्डकाव्यलाई उत्कृष्ट मान्न सकिन्छ।

खण्डकाव्यमा प्रयुक्त वृत्यनुप्रासको नमुना यस प्रकार छ :

सौताको रिस गर्नु पाप छ बहुत् एकै दुवैका पती।
मर्दामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती॥
यस्तो जानि नमानि केहि मनमा मिल्नू बहूतै गरी।
टाल्टुल् गर्नु फुट्यो टुट्यो घर भन्या सीप्लाइ जाहेर गरी॥ (श्लोक १३)

यहाँ त, न, ट तथा य जस्ता व्यञ्जनको अनेक पटक आवृत्ति भएकोले वृत्यनुप्रास शब्दालङ्कारको प्रयोग भएको छ।

**(ख) अर्थालङ्कार**

**वधूशिक्षा** खण्डकाव्यमा रूपक, काव्यलिङ्ग, स्वभावोक्ति जस्ता अलङ्कारको पनि प्रयोग हुन गएको देखिन्छ। रूपक अलङ्कारको नमुना यस प्रकार छ :

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून्।
सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ति पतीमा धरून्॥
भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ तलैमा परून्।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून्॥ (श्लोक १)

सामान्यतया रूपसाम्य वा कार्यसाम्यले गर्दा उपमेयको निषेध नगरी उपमेय र उपमानका बीच अभेदमूलक आरोप गरिएमा रूपक अलङ्कार हुन्छ। यहाँ ईश्वरलाई पतिमा अभेद आरोप गरिएकोले रूपक अलङ्कारको प्रयोग भएको छ।

त्यस्तै काव्यलिङ्ग अर्थालङ्कारको प्रयोग भएको नमुना यस प्रकार छ :

जो इच्छा पतिको छ सो बुझि उसै माफिक् सभै काम् गरून्।
जुन् स्थान् हो चिजको उ चीज् उहि लगी राख्न्या स्वभाव् यो गरून्॥
स्त्रीको खालि निधार् कदापि नरहोस् खाली निधार् भै जती।
गर्छन् कर्म फल हुँदैन तिनको टीको लगाया जती॥ (श्लोक ६)

कुनै पदार्थ वा वाक्यार्थ कुनै कुरो सिद्ध गर्ने हेतु वा कारण भएमा काव्यलिङ्ग अलङ्कार हुन्छ। यस श्लोकमा नारीहरूले निधारको टीकालाई कर्मफलको हेतुसँग जोडेकाले काव्यलिङ्ग अर्थालङ्कारको प्रयोग भएको छ।

स्वभावोक्ति अलङ्कारको नमुना यस प्रकार छ :

साँचो बोल्नु नबोल्नु बात कहिल्यै झूटो भन्याको रती ।
आखिर् मर्नु छ पाउनू छ पर फल् त्राहाँ गर्‍याको जती ॥
यस्तो ज्ञान् मनमा लिईकन रहुन् सासु ससूरा पती ।
जे भन्छन् उहि गर्नु छैन अरु ता संसार तर्न्या गती ॥ (श्लोक १७)

कुनै पनि कुराको यथार्थपरक प्रस्तुति गरेका स्वभावोक्ति अलङ्कार हुन्छ । यस श्लोकमा साँचो बोल्नु, झुटो नबोल्नु, अन्तिममा मान्छेको मृत्यु हुनु जस्ता यथार्थ कुरालाई प्रस्तुत गरेकाले स्वभावोक्ति अर्थालङ्कारको प्रयोग हुन गएको देखिन्छ ।

### ४.५.९ लय वा छन्दविधान

**वधूशिक्षा** खण्डकाव्य संस्कृत  शास्त्रीय वर्णमात्रिक छन्दमा आवद्ध छ । आफ्ना सम्पूर्ण कवितामा बद्ध लयढाँचाको प्रयोग गर्ने कवि भानुभक्तले **वधूशिक्षा** खण्डकाव्यमा शार्दूलविक्रीडित, मालिनी र वसन्ततिलका जस्ता तीनओटा वर्णमात्रिक छन्दको प्रयोग गरेका छन् । प्रस्तावनाका १, २ र मूल उपदेश खण्डका १ देखि १०, १२ देखि २४, २६, २८, २९, ३२, ३३ गरी तीसओटा श्लोकहरू शार्दूलविक्रीडित छन्दमा रचिएका छन् भने प्रस्तावनाका ३, मूल उपदेश खण्डका २५, २७, ३०, ३१ गरी पाँचओटा श्लोकहरू मालिनी छन्दमा रचिएका छन् । त्यसै गरी मूल उपदेश खण्डको ११ औँ श्लोक वसन्ततिलका छन्दमा रचिएको छ । यी छन्दहरू प्रस्तुत खण्डकाव्यमा सहज र स्वाभाविक रूपमा प्रयोग भएका छन् । अन्त्यानुप्रास तथा अन्तरअनुप्रासको प्रयोगद्वारा लयात्मकता पैदा गरी श्रुतिरम्यता प्रदान गर्न कवि भानुभक्त सफल देखिन्छन् । कवि भानुभक्त तत्काल सहज स्फुरित आशुकविता बनाउँदा पनि शैलीका साथै छन्दलाई आफ्नो इच्छानुसार प्रयोग गर्न सक्दथे भन्ने कुरा यस खण्डकाव्यमा उनले लयगत र भावगत आवश्यकताअनुसार शब्द खेलाउन र रोज्न सकेबाट स्पष्ट हुन्छ ।

यस खण्डकाव्यमा प्रयुक्त उपर्युक्त तीन छन्दका गणसंरचनालाई सोदाहरण यस प्रकार देखाइन्छ :

(१) शार्दूलविक्रीडित : बाह्रौ अक्षर र अन्तिम उन्नाइसौँ अक्षरमा विश्राम हुने म स ज स त त गण तथा अन्त्यमा एक दीर्घ मात्रा भएको १९ अक्षरे छन्दलाई शार्दूलविक्रीडित छन्द भनिन्छ । यस छन्दको लक्षणलाई गणसंरचनामा यस प्रकार देखाउन सकिन्छ :

| उदा.(श्लोक १ ) | प्रातःका | ल महाँ | उठेर | पहिले | ध्यान् ईश्व | रैको ग | रून् |
|---|---|---|---|---|---|---|---|
| गण सङ्केत | SSS<br>म | IIS<br>स | ISI<br>ज | IIS<br>स | SSI<br>त | SSI<br>त | S<br>गु |
| अक्षर | ३ | ३ | ३ | ३ | ३ | ३ | १ |

(२) मालिनी : आठौँ अक्षर र अन्तिम पन्ध्रौँ अक्षरमा विश्राम हुने न न म य य गण भएको १५ अक्षरे छन्दलाई मालिनी छन्द भनिन्छ । प्रस्तुत छन्दको गणसंरचना यस्तो हुन्छ :

| उदा.(श्लोक ३ ) | हुन त | म अति | थी हुम् यस् | विनू क्या | छ खाँचो |
|---|---|---|---|---|---|
| गण सङ्केत | III<br>न | III<br>न | SSS<br>म | ISS<br>य | ISS<br>य |
| अक्षर | ३ | ३ | ३ | ३ | ३ |

(३) वसन्ततिलका : आठौँ अक्षर तथा अन्तिम चौधौँ अक्षरमा विश्राम हुने त भ ज ज गण तथा अन्त्यमा दुई दीर्घ मात्रा भएको १४ अक्षरे छन्दलाई वसन्ततिलका छन्द भनिन्छ । यस छन्दको गणसंरचनालाई उदाहरणका रूपमा यस प्रकार देखाउन सकिन्छ :

| उदा.(श्लोक ११ ) | पूजा व्र | तादिह | रूका ज | ति तीथि | पर्छन् |
|---|---|---|---|---|---|
| गण सङ्केत | SSI<br>त | SII<br>भ | ISI<br>ज | ISI<br>ज | SS<br>गु गु |
| अक्षर | ३ | ३ | ३ | ३ | २ |

## ४.६ प्रवृत्तिगत आधारमा वधूशिक्षा खण्डकाव्यको विश्लेषण

वधूशिक्षा खण्डकाव्यलाई विधात¤वका अतिरिक्त प्रवृत्तिगत आधारमा पनि विश्लेषण गर्न सकिन्छ । सामाजिक विषयवस्तुको प्रयोग, नारी उपदेशको प्रधानता, आदर्शवादी चेतना, गार्हस्थ्य जीवनको चित्रण, हिन्दू संस्कार र संस्कृतिको प्रभाव जस्ता प्रवृत्तिहरू यस काव्यमा दृष्टिगोचर हुन आउँछन् । त्यसैले उपर्युक्त प्रवृत्तिका आधारमा वधूशिक्षा खण्डकाव्यको विश्लेषण गरिएको छ ।

### ४.६.१ सामाजिक विषयवस्तुको प्रयोग

विविध विषयवस्तुको प्रयोग गरेर काव्यको रचना गर्न सकिन्छ । सामाजिक, ऐतिहासिक, सांस्कृतिक, मनोवैज्ञानिक, राजनीतिक, वैज्ञानिक, वैचारिक आदि विविध विषयहरू काव्यमा प्रयुक्त हुन्छन् । समाजमा प्रचलित रीतिस्थिति, संकार, आर्थिक अवस्था, सामाजिक अवस्था, सुखदुःख, अन्याय, अत्याचार, प्रेम, विछोड जस्ता पक्षहरूलाई आधार बनाएर लेखिएका काव्यलाई सामाजिक विषयवस्तुमा आधारित काव्य भनिन्छ । यस्ता सामाजिक काव्यमा व्यक्ति, परिवार तथा सामाजिक समस्यालाई यथार्थ रूपमा प्रस्तुत गर्ने,

सामाजिक आदर्शका रूपमा चित्रण गर्ने, मानवीय भावनाको कोमल प्रस्तुति दिने, नैतिक शिक्षा दिने जस्ता उद्देश्य रहेका हुन्छन् । भानुभक्त आचार्यको **वधूशिक्षा** लघुतर खण्डकाव्य पनि सामाजिक विषयवस्तुमा आधारित काव्य हो ।

वि.सं. १९१९ सालमा कवि भानुभक्त आचार्य मुद्दामामिलासम्बन्धी काममा काठमाडौँबाट आफ्नो घर तनहुँ जाने क्रममा मित्र तारापतिका घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारी बीचको झगडाबाट अभिप्रेरित भएर प्रस्तुत खण्डकाव्यको रचना भएको देखिन्छ । तारापतिका घरको पारिवारिक घटनालाई मुख्य विषयवस्तु बनाएर लेखिएको **वधूशिक्षा** खण्डकाव्य नेपाली समाजमा केन्द्रित हुन पुगेको छ । नेपाली लोक समाजका मर्यादाहरू केकस्ता छन् ? नारीका पारिवारिक एवम् सामाजिक कर्तव्यहरू केके हुन् ? भन्ने कुरालाई प्रस्तुत खण्डकाव्यमा औपदेशिकताका माध्यमबाट राम्ररी व्याख्या गरिएको पाइन्छ । अझ भन्ने हो भने सामाजिक विषयवस्तुभित्र नारीसँग सम्बन्धित पारिवारिक कर्तव्याकर्तव्यमूलक विषयवस्तुको प्रयोग **वधूशिक्षा** खण्डकाव्यमा देख्न सकिन्छ । प्रस्तुत खण्डकाव्य यथार्थमूलक सामाजिक विषयवस्तुभन्दा आदर्शवादी र औपदेशिक सामाजिक विषयवस्तुको केन्द्रमा उभिएको छ ।

बिहानै उठेर ईश्वरको ध्यान् गर्नु, ईश्वर नै पति हुन् भन्ने मान्नु, नुहाईधुवाई गरी घरको काममा लाग्नु, घरका मान्यजनलाई ढोगभेट गर्नु, चाकरलाई मीठा वचनले काममा लगाउनु, घरमा जोगी भिक्षा माग्न आए ढिलो नगरी भिक्षा दिनु, घर बढार्नु तथा लिपपोत गर्नु, विवाहित स्त्रीले सिन्दूर-टीका लगाउनु, सबै परिवारलाई खुवाउनु, चिजवस्तु भण्डारमा मिलाएर राख्नु, फुर्सदको समयमा बत्ती, टपरी, दूना, सिन्का आदि बनाउनु, घर फुटेमा टालटुल गर्नु, घरमा आएका पाहुनाको आदर-सत्कार गर्नु, साँचो बोल्नु, कहिल्यै झुटो नबोल्नु, फुर्सदमा त्यसै हाँसेर दिन नबिताउनु, खाने चिजलाई ढाकछोप गरी राख्नु, साँझमा बत्ती बाल्नु जस्ता समाजमा प्रचलित क्रियाकलापहरू **वधूशिक्षा** खण्डकाव्यमा आएका छन् । यी विषयहरू नेपाली समाजमा प्रचलित विषय नै भएकाले प्रस्तुत काव्य सामाजिक काव्य भएको पुष्टि हुन्छ । पूरै काव्य सासू, बुहारीले गर्नुपर्ने पारिवारिक तथा सामाजिक क्रियाकलापको सेरोफेरोमा केन्द्रित हुन पुगेको छ । एउटी नारीले घरपरिवार र समाजप्रति ककेस्ता भूमिका निर्वाह गर्नुपर्छ, त्यसको औपदेशिक वर्णन **वधूशिक्षा** खण्डकाव्यमा देख्न सकिन्छ । समाजमा स्थापित हुँदै आएको घरपरिवार, सासू, ससुरा, छोरा, छोरी, बुहारी, जेठाजु, देवर, नन्द, पाहुना, छिमेक आदिले पनि समाजिकताको झल्को दिन्छन् ।

निष्कर्षमा भन्दा **वधूशिक्षा** खण्डकाव्य औपदेशिक सामाजिक विषयवस्तुलाई ग्रहण गरी लेखिएको काव्य हो ।

### ४.६.२ नारी उपदेशको प्रधानता

काव्यको रचना कुनै न कुनै उद्देश्य लिई गरिएको हुन्छ । यथार्थताको प्रकटीकरण, विकृति, विसङ्गतिको उद्घाटन, नीति शिक्षा, उपदेश, व्यङ्ग्य आदि पक्षको प्रस्तुतिलाई काव्यले उद्देश्य बनाएका हुन्छन् । यस दृष्टिबाट हेर्दा भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्य औपदेशिकताका लागि लेखिएको काव्य देखिन आउँछ ।

भानुभक्त आचार्यकृत **वधूशिक्षा** खण्डकाव्य पूर्णतः नारी औपदेशिक खण्डकाव्य हो । तारापतिकी पत्नी र बुहारी बीचको झगडा यस खण्डकाव्यको पृष्ठभूमि हो । हिन्दू धर्म र संस्कारमा हुर्केका कवि भानुभक्तले त्यस्तो रडाको आफ्नो घरमा कहिल्यै देखेका थिएनन् । त्यसैले उनले यो कुरा मन पराएनन् र **वधूशिक्षा** कृति लेख्न पुगे । हाम्रो हिन्दू संस्कारमा नारी भन्नु नै घरपरिवारको अर्को नाम हो । त्यस कारण घरपरिवारको जिम्मेवारी बोकेका नारीका लागि उपदेश दिने **वधूशिक्षा** उपयोगी सिद्ध हुन्छ । हुन त आधुनिक नारीका लागि यसमा प्रयुक्त केही विचारहरू काम लाग्छन् भनेर भन्न सकिन्न तापनि काम लाग्ने कुरा पनि निकै मात्रामा छन् भन्न कर लाग्छ । **वधूशिक्षा** कृतिमा नारीलाई बुहार्तनमा जोतेर कजाइयो भन्ने आरोप पनि लगाएको पाइन्छ । तर त्यसो नभई नारी कर्तव्यको बोध गराइएको मात्र हो जस्तो प्रतीत हुन्छ । अनि आजको युगले स्त्रीको भारी अझ थपिदिएको छ, घटाएको छैन । स्त्रीको आमा हुने बोझ, नानीको पालन-पोषण गर्ने दायित्व र घर सम्हाल्ने नारी सुलभ् कुशलताको अनिवार्यतामा केही घटेको छैन, अझ हस्पिटल, स्कुल र अन्य यस्ता प्रतिष्ठान वा संस्थान आदिमा डाक्टर, नर्स, शिक्षिका, सेविका इत्यादि भई गरिने सेवा र व्यस्तता, नोकरी चाकरीको व्यग्रता र व्याकुलता आदिले गर्दा झन् भार बढेर गएको छ । नत अघिको नत अहिलेको भार स्त्री कजाउन लादिएको हो । तर अधिकार भरिँदा कर्तव्य चुलिएर यस्तो भएको मात्र हो । यसैले भानुभक्तको शिक्षा पनि केवल कर्तव्याकर्तव्यको स्मरण दिलाउनु थियो । यही कर्तव्यको ज्ञान नहुँदा तारापतिका घर-जहान काम छोडी लड्न पुगे । कामको घचारोमा कुटिल विचार र झैझगडा जिउनै पाउँदैन । असल बधू नै असल आमा बन्न सक्छे, असल आमा नै असल सासू बन्न सक्छे, असल सासू नै असल संरक्षिका बन्न सक्छे भन्ने कुरा आज सबैलाई थाहा नै छ ।

यस प्रकार नेपाली नारीलाई नियन्त्रण र कजाउन नभई कर्तव्याकर्तव्यको बोध गराउने उद्देश्यले रचिएको **वधूशिक्षा** खण्डकाव्य नारी उपदेशको प्रधानता भएको काव्य हो भन्न सकिन्छ ।

### ४.६.३ आदर्शवादी चेतना

भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्य आदर्शवादी चेतनाले युक्त खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यमा तारापतिका घरमा भएको झगडाको यथार्थ वर्णनभन्दा नारीले गर्नुपर्ने कर्तव्याकर्तव्यको बोध गराई उपदेश दिइएको छ । नारी उपदेशका माध्यमबाट सुखमय र हिन्दू संस्कारअनुसारको मर्यादित तथा आदर्श समाजको परिकल्पना गरिएको छ । हरेक व्यक्ति आदर्शमा रहँदा उसको जीवन सुखमय र खुसीले सम्पन्न हुन जान्छ । यदि व्यक्तिले आफ्नो कर्तव्य र आदर्श भुलेर मनपरि गर्न थाल्यो भने त्यहाँ जथाभावी हुन गई सबै मूल्य, मान्यताहरू भताभुङ्ग हुन पुग्छन् । परिवार तथा समाज अस्तव्यस्त बन्न पुग्छ, कसैले कसैको मर्यादा राख्दैन । यही कुरा पनि तारापतिका घरमा देखिन खोजेको हो । त्यसैले कवि भानुभक्त आचार्यले **वधूशिक्षा** जस्तो खण्डकाव्यको रचना गरेर घरपरिवारको मुख्य जिम्मेवारी वहन गर्ने नारीलाई आदर्शमा रहन उपदेशहरू दिएका छन् ।

**वधूशिक्षा** आदर्शवादी चेतनाले ओतप्रोत खण्डकाव्य हो । यसका प्रत्येक श्लोक आदर्शवादी मान्यताहरू प्रस्तुत भएका छन् । केही श्लोकका नमुनाहरू यस प्रकार छन् :

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ।
सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ति पतीमा धरून् ॥
भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ तलैमा परून् ।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ॥ (श्लोक १)

यस श्लोकमा विवाहित नारीलाई बिहान उठेर ईश्वर भक्तिमा लाग्न र त्यस्तो ईश्वर भक्ति अन्ततः पति भक्ति नै हो भनेर पतिको सेवाटहलमा रहने र घरको काममा लाग्ने आदर्श भावना व्यक्त भएको छ ।

सौताको रिस गर्नु पाप छ बहुत् एकै दुवैका पती ।
मर्दामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती ॥
यस्तो जानि नमानि केहि मनमा मिल्नू बहूतै गरी ।
टाल्टुल् गर्नु फुट्यो टुट्यो घर भन्या सीप्लाइ जाहेर गरी ॥ (श्लोक १३)

यस श्लोकमा एउटै लोग्नेका स्वास्नी भएको हुँदा सौताहरू पनि मिलेर बस्नुपर्ने अत्यन्त आदर्श विचारलाई अभिव्यक्त गरिएको छ भने अर्कातिर तत्कालीन भानुभक्तीय समाजमा प्रचलित इतिहाससँग सम्बद्ध सतीप्रथालाई पनि आदर्शका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

प्राण्का नाथ पतिका अगाडि गइ जो फर्माउँछन् सो गरोस् ।
भन्छन् ल्यान तमाखु खान्छु भनि ता चाँडै तमाखू भरोस् ॥

किस्मिस् दाख बदाम मिश्रि नरिवल् जो चीज् छ सो सो दिई ।
पाऊ मल्न तयार भै अघि सरोस् तेल्को कटौरा लिई ॥ (श्लोक २८)

यस श्लोकमा विवाहित स्त्रीका सर्वपूज्य र प्रिय व्यक्ति पति नै भएकाले पतिले तमाखु नै मागे पनि दिनू भन्ने आदर्श भावना अभिव्यक्त भएको छ ।

### ४.६.४ गार्हस्थ्य जीवनको चित्रण

भानुभक्त आचार्यको **वधूशिक्षा** गार्हस्थ्य जीवनको चित्रण गरिएको काव्य हो । यस खण्डकाव्यको पृष्ठभूमि तथा मूल पाठमा प्रस्तुत सबै उपदेशहरू मानिसको घर गृहस्थीसँग जोडिएका छन् । परिवारका सदस्यहरूबीच सद्भाव र आदर हुनुपर्ने तथा कहिलेकाहीँ ठाकठुक पनि हुने कुरालाई प्रस्तुत खण्डकाव्यले आफ्नो अन्तर्वस्तु बनाएको छ ।

**वधूशिक्षा** खण्डकाव्य नारी उपदेशको केन्द्रीयतामा रचिएको काव्य भएकाले यस कृतिमा नारीले गार्हस्थ्य जीवनमा गनुपर्ने क्रियाकलापलाई देखाइएको छ । यस काव्यमा नारीले गर्नुपर्ने कर्तव्य र अकर्तव्यको बोध गराउँदै पूरै परिवारलाई रिझाउनु पर्ने हाम्रो नेपाली समाजको सत्य पक्षको चित्रण गर्न खोजिएको छ । चाकरलाई मीठा वचनले काममा लगाउनु, घर बढारेर सफा राख्नु, लिपपोत गर्नु, घरमा भएका चिजहरूलाई यथास्थानमा मिलाएर राख्नु, बुहारीबाट परिवारका सबै सदस्यलाई खाना खुवाउनु, जुठा भाँडा माझ्नु, बत्ती, टपरी, दूना, सिन्का बनाएर राख्नु, साँझमा बत्ती बाल्नु, कसिङ्गर बढार्नु, खाने चिजलाई ढाकछोप गरेर राख्नु आदि औपदेशिक वर्णनले गार्हस्थ्य जीवनको झल्को दिन्छन् । गार्हस्थ्य जीवनलाई विम्बात्मक रूपमा देखाइएका केही श्लोकहरू यस प्रकार छन् :

घर सब् झारि बढारि लिप्नु दिनदिन् नित्यै पवित्रै रहोस् ।
चाकर् सब् चलिया गया कहिँ भन्या आफै तयारी रहोस् ॥
स्वामीका चरणारविन्द युगको जल् भक्तिले पान् गरून् ।
निर्मल् देह गराउनाकन उ जल् केही शरीर्मा छरून् ॥ (श्लोक ५)

यस श्लोकका अघिल्ला दुई पङ्क्तिमा बुहारीले गृहस्थीसँग सम्बन्धित घर बढारकुढार गर्ने तथा लिपपोत गर्ने कुरा व्यक्त गरिएको छ भने काममा सघाउने चाकरहरू विरामी पर्न गएमा मानवीयताका हिसाबले ती कामहरू पनि गर्नुपर्ने विचार अभिव्यक्त गरिएको पाइन्छ ।

अल्सी दूर गरेर नारिहरुले थान्को र मान्को गरी ।
काम्काम्मा परिवार लायर विचार् गर्दै रहुन् दिन् भरी ॥
धागा बत्ति बनाइ काति टपरी दूना बहोता पनी ।
सिन्का साफ चिरेर राखनु अनी चाहिन्छ काम्मा भनी ॥ (श्लोक १०)

यस श्लोकमा कत्ति पनि अल्छी नगरेर नारीहरूले घरमा दिनहुँ बाल्नका लागि बत्ती काल्नुपर्ने तथा कहिलेकाहिँ हुने भोज भतेरका लागि चाहिने टपरी, दूना, बोहोता जस्ता सामग्री पनि बनाएर राख्नुपर्ने गार्हस्थिक जीवनसँग सम्बन्धित कुराहरूलाई अत्यन्त विम्बात्मक रूपमा प्रकट गरिएको छ ।

खान्या चीज् जति छन् सबै नजरले हेरेर ढाक्छोप् गरून् ।
जो चीज् हुन्छ सुकाउँन्या तिनकनै ल्याएर घाम्मा धरून् ॥
खान्या चीज कुहेर फाल्नु नपरोस् दीनू कि खानू बरू ।
येती जान्नु अवश्य धेर् अब बखान् कुन् कुन् कुराको गरूँ ॥ (श्लोक २१)

उपर्युक्त श्लोकमा खाने चिजलाई ढाकछोप गरेर राख्ने, सुकाएर राख्नुपर्ने चिजलाई घाममा सुकाउनुपर्ने तथा खाने चिज कि आफैँले खाई सिध्याउनु कि अरूलाई बाँडिदिनु तर नकुहाउनु भन्ने जस्ता दैनिक जीवनचर्याका कुरालाई अभिव्यक्त गरिएको छ ।

### ४.६.५ हिन्दू संकार र संस्कृतिको प्रभाव

भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्यमा हिन्दू धार्मिक संस्कार र संस्कृतिको स्पष्ट प्रभाव परेको पाइन्छ । कवि भानुभक्त स्वयम् पनि कट्टर हिन्दू धर्मावलम्बी ब्राह्मण समाजमा हुर्के-बढेकाले पनि यसको प्रभाव पर्न गएको देखिन्छ । एक दिन कवि भानुभक्त मित्र तारापतिको घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारी बीच भएको झगडा उनलाई मन परेन । उक्त कार्य हिन्दू सांस्कारिक मूल्य र मान्यता विपरीत थियो । त्यसैले हिन्दू संस्कार र संस्कृतिलाई पूर्णतः परिपालन गरिएको आदर्श समाजको निर्माण गर्नका लागि उनले वधूशिक्षा जस्तो काव्यको रचना गरेको देखिन्छ । यस काव्यमा आएका औपदेशिक विचारहरू हिन्दू संस्कारअनुरुपका देखापर्छन् । हिन्दू धर्मले मान्ने गरेका ईश्वरभक्ति, पतिभक्ति आदिलाई अत्यन्त महत्ता प्रदान गरिएको छ । यस्तो प्रवृतिलाई अभिव्यक्त गरिएका केही श्लोकका नमुना यस प्रकार छन् :

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ।
सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ति पतीमा धरून् ॥
भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ तलैमा परून् ।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ॥ (श्लोक १)

यस श्लोकमा हिन्दू धर्ममा मान्ने गरिएका ईश्वरभक्ति र पतिभक्तिलाई अत्यन्त मह¤व दिइएको छ ।

घर सब् झारि बढारि लिप्नु दिनदिन् नित्यै पवित्रै रहोस् ।
चाकर् सब् चलिया गया कहिँ भन्या आफै तयारी रहोस् ॥
स्वामीका चरणारविन्द युगको जल् भक्तिले पान् गरून् ।
निर्मल् देह गराउनाकन उ जल् केही शरीर्मा छरून् ॥ (श्लोक ५)

यस श्लोकका पछिल्ला दुई पाउमा नारीले आफ्ना पतिका चरण धोएर जलपान गर्नुपर्ने तथा शरीर शुद्ध वा चोखो बनाउन उक्त जल शरीरमा छिट्ने जस्तो परम्परागत हिन्दू संस्कारलाई अभिव्यक्त गरिएको छ ।

जो इच्छा पतिको छ सो बुझि उसै माफिक् सबै काम् गरून् ।
जुन् स्थान् हो चिजको उ चीज् उहि लगी राख्न्या स्वभाव् यो गरून् ॥
स्त्रीको खालि निधार् कदापि नरहोस् खाली निधार् भै जती ।
गर्छन् कर्म फल हुँदैन तिनको टीको लगाया जती ॥ (श्लोक ६)

यस श्लोकमा विवाहित स्त्रीले सिन्दूर-टीका लगाउनुपर्ने र खाली निधार भएमा उनीहरूले गरेको कर्मको फल प्राप्त नहुने विचार प्रकट गरिएको छ । यो नेपाली समाजमा अत्यन्त प्रचलित हिन्दू संस्कार हो । यदि मुस्लिम धर्मको प्रभाव भइदिएको भए विवाहित नारीहरूले बुर्का लगाउनुपर्ने विचार प्रकट गरिन्थ्यो ।

प्राणीनाम् जति आउँछन् घरमहाँ दर्जा छ तिन्को जती ।
सो जानेर उसै बमोजिम गरोस् मर्ज्याद् नचूकोस् रती ॥
पाउन् पापि कठोर चोरहरुले सोही बमोजिम् जवाफ् ।
राखोस् इष्ट कुटुम्ब मित्रहरुमा अमृत् सरीको रवाफ् ॥ (श्लोक १६)

हिन्दू सांस्कारिक समाजमा पाहुनालाई देवतासमान मान्ने चलन छ । यस श्लोकमा पनि घरमा आएका पाहुनालाई मानमर्यादा गर्नमा कत्ति चुक्न हुँदैन भन्ने विचारलाई अभिव्यक्त गरिएको छ ।

निष्कर्षमा, **वधूशिक्षा** खण्डकाव्यमा हिन्दू संस्कार र संस्कृतिको स्पष्ट प्रभाव पाइन्छ ।

## ४.७ विभिन्न आलोचकहरूका दृष्टिमा वधूशिक्षा

भानुभक्त आचार्यको **वधूशिक्षा** लघुतर खण्डकाव्य नेपाली काव्यसाहित्यको इतिहासमा चर्चित र विवादास्पद कृति मानिँदै आएको छ । विभिन्न समालोचकहरूले समयसमयमा यस कृतिका बारेमा आफ्ना धारणाहरू अगाडि सारेका छन् । यस कृतिको पक्ष तथा विपक्षमा उभिनेहरूको स्पष्ट पङ्क्ति देख्न सकिन्छ । त्यसैले ती आलोचकहरूका मतलाई यस शीर्षकमा समेट्ने प्रयास गरिएको छ ।

सर्वप्रथम भानुभक्त आचार्यका कृतिहरू सम्पादन तथा प्रकाशन गर्ने मोतीराम भट्टले **कवि भानुभक्ताचार्यको जीवन चरित्र** शीर्षकको समालोचनात्मक पुस्तकमा पहिलोपल्ट **वधूशिक्षा**को प्रकाशन गरेको देखिन्छ । भट्टले यस कृतिको सम्पादनका क्रममा अन्य केही बोलेका छैनन् ।

आनन्दसिंह थापाले **जाग्रत गोर्खा** पत्रिकामा प्रकाशित *आदिकवि भानुभक्त* शीर्षकको लेखमा आदर्श परिवार र आदर्श नारीको स्थापना गर्न **वधूशिक्षा** खण्डकाव्यको रचना गरिएको बताएका  छन् ।[८]

हृदयचन्द्रसिंह प्रधानले **भानुभक्त एक समीक्षा** नामक पुस्तकमा **वधूशिक्षा** नारी जातिको कल्याण चिन्तनलाई लिएर लेखिएको कृति भए पनि पारिवारिक घेराभित्रै हिँडडुल गर्न बाध्य भएको टिप्पणी गरेका छन् ।[९]

त्यसै गरी कृष्णप्रसाद भट्टराईले सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित **भानुभक्त स्मारक ग्रन्थ**मा समाविष्ट *वधूशिक्षाभित्रको भानुभक्त* शीर्षकको लेखमा भानुभक्तलाई धार्मिक शिक्षाको अभाव हटाउने र नैतिक एवम् व्यावहारिक शिक्षाले घरमा मेल ल्याउने धर्मनिष्ठ, कर्तव्यपरायण र प्रतिभा सम्पन्न धैर्यशाली कवि मान्दै स्त्री स्वतन्त्रताको नेपाली परम्परालाई पनि नभत्काई **वधूशिक्षा** लेख्न सकेकोमा उनको समझ शक्ति अरू कृतिको भन्दा झन् बेसी चुलिएको देखिन्छ ।[१०] अनि आजको युगले स्त्रीको भारी अझ थपिदिएको छ, घटाएको छैन । स्त्रीको आमा हुने बोझ, नानीको पालन-पोषण गर्ने दायित्व र घर सम्हाल्ने नारी सुलभ् कुशलताको अनिवार्यतामा केही घटेको छैन, अझ हस्पिटल, स्कुल र अन्य यस्ता प्रतिष्ठान वा संस्थान आदिमा डाक्टर, नर्स, शिक्षिका, सेविका इत्यादि भई गरिने सेवा र व्यस्तता, नोकरी चाकरीको व्यग्रता र व्याकुलता आदिले गर्दा झन् भार बढेर गएको छ । नत अघिको नत अहिलेको भार स्त्री कजाउन लादिएको हो । तर अधिकार भरिँदा कर्तव्य चुलिएर यस्तो भएको मात्र हो । यसैले भानुभक्तको शिक्षा पनि केवल कर्तव्याकर्तव्यको स्मरण दिलाउनु थियो । यही कर्तव्यको ज्ञान नहुँदा तारापतिका घर-जहान काम छोडी लड्न पुगे । कामको घचारोमा कुटिल विचार र झैझगडा जिउनै पाउँदैन । असल वधू नै असल आमा बन्न सक्छे, असल आमा नै असल सासू बन्न सक्छे, असल सासू नै असल संरक्षिका बन्न सक्छे

---

८. आनन्दसिंह थापा, *आदिकवि भानुभक्त,* **जाग्रत गोर्खा** (वर्ष १, अङ्क १, सन् १९५५ अगस्ट १५), पृ. २६ ।

९. हृदयचन्द्रसिंह प्रधान, **भानुभक्त : एक समीक्षा**, (काठमाडौं : नेपाल आदर्श हाइस्कुल, २०१३), पृ.   ।

१०. कृष्णप्रसाद भट्टराई, *वधूशिक्षाभित्रको भानुभक्त,* **भानुभक्त स्मारक ग्रन्थ**, दो.सं. (दार्जिलिङ् : नेपाली साहित्य सम्मेलन, २०२६), पृ. १८० ।

भन्ने कुरा आज सबैलाई थाहा नै छ । यसरी यहाँ वधूलाई कर्तव्यको शिक्षा दिई भानुभक्तले पनि आफ्नो कर्तव्य पूरा गरे भन्ने विचार व्यक्त गरेका छन् ।[११]

विश्वराज पाण्डेले **भानु** (भानुभक्त विशेषाङ्क) पत्रिकामा प्रकाशित *भानुभक्तको वधूशिक्षा र नेपाली नारी* शीर्षकको लेखमा अहिलेको नेपाली नारी समाजलाई **वधूशिक्षा** खण्डकाव्य सहायक सिद्ध हुने देखिन्छ । यस काव्यका राम्रा राम्रा अंशहरू स्कुल, कलेजस्तरको पाठ्यक्रममा राखिनु उचित देखिन्छ । *पादुका दान* एस.एल.सी. को निम्ति राख्न सकिए झैँ वधूशिक्षाका अंश पनि पाठ्यक्रममा राख्न सकिन्छ । आजको नेपाली समाजमा *पादुका दान*बाट प्राप्त हुने भाइभाइको परस्पर प्रेम र भक्तिको शिक्षाजस्तै योग्य गृहिणी बनाउने शिक्षाको पनि आवश्यकता देखिन्छ । अझ गहिरिएर कुरा गर्ने हो भने संयुक्त परिवारको चलन बिस्तारै बिस्तारै पुरानो हुँदै गएको समयमा भाइभाइले परस्परमा देखाउने भक्ति वा प्रेम आदर्शवादी कुरा मात्र रहन जाला र कुशल नारी र गृहिणीको सिर्जना गर्ने कुरा भने व्यवहारिक हुन जाला भन्न सकिन्छ । यस्तो परिस्थितिमा **वधूशिक्षा**को मह¤व छैन भनेर कसरी भन्ने ? प्रश्नचिह्न खडा गरेका छन् ।[१२]

चूडामणि बन्धुद्वारा सम्पादित **नेपाली साहित्यको इतिहास** प्रथम खण्ड नामक समालोचनात्मक पुस्तकमा समाविष्ट *प्राथमिक कालको नेपाली पद्य* शीर्षकको लेखमा मोहनराज शर्माले नारीहरूको कर्तव्याकर्तव्यको रेखाङ्कन गरिएको वधूशिक्षा तत्कालीन समाजमा ठीकै मानिए पनि वर्तमान समाजमा धुमिल प्रायः भएको विचार व्यक्त गरेका छन् ।[१३]

हरिभक्त नेउपानेले **घाइते चिन्तन** नामक पुस्तकमा समाविष्ट *वधूशिक्षाको बाँसुरी* शीर्षकको लेखमा पारिवारिक जीवनमा शिक्षा दिने तीव्र मनसाय राखी मित्र तारापतिका घर आँगनमा सासू र बुहारीको दन्तबझानबाट उद्बोधित भानुभक्तले फुकेको वधूशिक्षाको बाँसुरीको रन्काले साहित्य उद्यानलाई अद्यावधि रन्काइरहेको तथा तिरिरि गर्दै बजिरहेको आत्मिक ध्वनिले प्रत्येक गृहस्थ जीवनका प्रकृति र पुरुषलाई घचघच्याइरहेको अनुभव हुन्छ भन्ने विचार व्यक्त गरेका छन् ।[१४]

भद्रवीर अधिकारीले **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान** नामक पुस्तकमा **वधूशिक्षा** खण्डकाव्य एक लोकप्रिय र मौलिक सामाजिक उपदेश काव्यका

---

११. ऐजन, पृ. १७८ ।

१२. विश्वराज पाण्डे, *भानुभक्तको वधूशिक्षा र नेपाली नारी,* **भानु** (भानुभक्त विशेषाङ्क, वर्ष ७, किरण १६, २०२८), पृ. ८२-८३ ।

१३. चूडामणि बन्धु, सम्पा., **नेपाली साहित्यको इतिहास** प्रथम खण्ड, (काठमाडौं : ने.रा.प्र.प्र., २०६०), पृ. २०२ ।

१४. हरिभक्त नेउपाने, **घाइते चिन्तन**, (धरान : श्रीमती कमला नेउपाने, २०४२), पृ. २९-४१ ।

रूपमा भानुभक्तीय कविताबगैँचामा फक्रिएको कुरा उल्लेख गर्दै प्रस्तुत काव्य तत्कालीन युगको हिन्दू नेपाली समाजको पुरुषप्रधान मान्यताका सन्दर्भमा निकै टड्कारिन पुगेको धारणा व्यक्त गरेका छन् । साथै यस खण्डकाव्यलाई नेपाली कविताको एक उच्चमध्यम अम्लान काव्य तथा प्राथमिक कालीन खण्डकाव्ययात्रामा एक नव चुचुरो भएको निष्कर्ष दिएका छन् ।[१५]

सुश्री निर्मला शाहीले **भानु** पत्रिकामा प्रकाशित *नारीप्रति भानुभक्तीय दृष्टिकोण : एक आलोचनात्मक दृष्टि* शीर्षकको लेखमा भानुभक्तले **वधूशिक्षा**मा सतीप्रथाको वकालत गरेको हुँदा परम्परावादी मात्र नभएर अन्धपरम्परावादी भएको भन्ने आरोप लगाएकी छन् । त्यति मात्र होइन नारीलाई कदापि हाँस्नु हुँदैन भनेका छन् । हाँसो उठ्ने कुरा आयो भने नारीहरूले के गर्ने ? स्वास्थ्य विशेषज्ञहरूले त हाँस्नु स्वास्थ्यको लागि सर्वोत्तम औषधी मानेका छन् । फेरि हाँस्दैमा वेश्या नै भइहाल्ने कसरी ? के संसारमा वेश्या मात्र हाँस्छन् र ? त्यसो भए पुरुष हाँसे उनलाई के भन्ने ? कसैले भन्लान् यो युग (भानुभक्तको) नै संकुचित थियो तर हाँस्ने हक त वैदिक युगदेखि नै मानिस मात्रले पाएको हो भने भानुयुग वैदिक युगभन्दा पनि पहिले को त होइन ? जस्ता प्रश्न तेर्स्याएकी छन् । वधूशिक्षामा केही गुणहरू भए तापनि धेरै यस्ता कुरा छन्, जसले भानुभक्तलाई परम्परावादी र नारीविरोधी दृष्टिकोण भएका भन्न बाध्य हुनुपर्छ । हुन त भानुभक्तले कुनै निजी दृष्टिकोण वा भावनाले अभिभूत भएर लेखेको नहुन पनि सक्छ तर यो त एक प्रकारको सामाजिक रोग थियो । सकेसम्म नारी अधिकारको हनन गर्नु र यसो गर्नु राम्रो हो भनेर फेरि उनीहरूलाई शिक्षा दिने यो सामान्य चलन त्यसबेलाको वर्गीय स्वार्थको सक्कली रूप थियो । यसैले होला भानुभक्तले पनि नारी जागृतितर्फ आँखा चिम्लेर पुरानै कुराको समर्थन गरे । यसैले सत्यताको दर्शन गर्ने र मानवताको प्राप्ती गर्ने भानुभक्तको दृष्टिकोण अति संकीर्ण र कमजोर भएको निष्कर्ष दिएकी छन् ।[१६]

घनश्याम ढकालद्वारा सम्पादित **यथार्थवादी समालोचना** पुस्तकभित्र कृष्णराज अधिकारीले *वधूशिक्षा कि वधूसिक्री* शीर्षकको लेखमा **वधूशिक्षा** कृतिको मूल उद्देश्य नै पुरुषहरूलाई मालिक या परमेश्वर र नारीहरूलाई पुरुषका दास बनाउनु नै रहेको देखिन्छ । **वधूशिक्षा**भरि नारीलाई पतिव्रता धर्म सम्झाइरहनु, पति नै ईश्वर हुन् भन्दै पतिका चरणको जालपान गर्न लगाउनु, बाँचुन्जेल सुख दिने र मरेपछि तार्ने पनि पति हुन् भन्दै पतिको सेवामा कहिल्य नचुक्न सचेत गराउनुजस्ता उनले दिएका उपदेश हेर्दा सो कुराको पुष्टि हुन्छ । भानुभक्तको नारीप्रतिको यस्तो दृष्टिकोण **वधूशिक्षा**मा मात्र आएर अन्य रचनामा

---

[१५] भद्रवीर अधिकारी, **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**, पूर्ववत्, पृ. २३८ ।

[१६] सुश्री निर्मला शाही, *नारीप्रति भानुभक्तीय दृष्टिकोण : एक आलोचनात्मक दृष्टि*, **भानु**, (वर्ष ८, किरण १६, २०२८), पृ. २४५-२४७ ।

नारीसम्मानका कुराहरू आएको भए पनि उक्त मूल्याङ्कन अपूर्ण हुन सक्दथ्यो । तर भानुभक्तले अन्य रचनामा समेत नारीलाई अपमान र तिरस्कार गर्नुका साथै तिनमा पनि नारी विरोधी नै भएर देखिएको पाइन्छ । सरल र मीठो भाषा अनि सुन्दर शैलीमा लेखिएर पनि वधूशिक्षाको भाव र सन्देश भने कुरूप देखिन्छ । नारीहरूलाई माल या धरौटी ठान्ने, पुरुषकी दासी सम्झने अनि बच्चा जन्माउने र वासना पूर्तिका साधनका रूपमा मात्र स्वीकारेको र नारीको स्वतन्त्र अस्तित्वलाई स्वीकार्न नसकेको कुरा उल्लेख गर्दै विद्यमान सामाजिक व्यवस्थालाई सुधार हैन अझ सुदृढ बनाउन खोज्ने भानुभक्त स्पष्टतः यथास्थितिवादी र सामन्ती व्यवस्थाका पृष्ठपोषक देखिन्छन् । वधूलाई शिक्षा दिने नाउँमा सिङ्गै नेपाली नारीलाई पुरुषकी दासी बनाउँदै अझ कडा बन्धनमा राख्न खोज्ने भानुभक्तले वधूलाई सुधारको शिक्षा होइन बन्धनको सिक्री दिएका छन् । यसैले भानुभक्तको **वधूशिक्षा**लाई सामाजिक सन्दर्भमा **वधूसिक्री** भन्न सकिन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

उपर्युक्त मतहरूलाई हेर्दा भानुभक्तको **वधूशिक्षा** खण्डकाव्यले प्रशंसा र आलोचना दुवै खेप्नु परेको देखिन्छ । प्रस्तुत कृतिमा आजको परिवेश तथा नारीप्रतिका केही विवादास्पद विचारहरू पनि नभएका होइनन् तर सही र वस्तुगत मूल्याङ्कनका लागि कृतिको तत्कालीन समाज खोतल्नुपर्ने हुन जान्छ । यसरी हेर्दा हिन्दू संस्कार र संस्कृतिको प्रभुत्व भएको तथा सतिप्रथा पनि कायमै भएको भानुभक्तीय समाजलाई आधार बनाई सोही समयमा लेखिएको उक्त कृतिको तर्कका नाममा अनावश्यक आलोचना गर्नुभन्दा सकारात्मक बाटोमा हिँड्न प्रेरित गरिएको काव्य ठहऱ्याई त्यसभित्रका सकारात्मक कुराको ग्रहण गर्नु श्रेयस्कर देखिन आउँछ ।

## ४.८ वधूशिक्षा खण्डकाव्यमा देखिएका पाठभेदहरूको अध्ययन

**वधूशिक्षा** खण्डकाव्य नेपाली खण्डकाव्यको इतिहासमा प्राथमिक कालको कृति हो । आजभन्दा करिब १५० वर्ष पहिले लेखिएको यस कृतिका विभिन्न संस्करणहरू प्रकाशित हुँदै आएका छन् । हालसम्म प्रकाशित विभिन्न संस्करणहरूमा भानुभक्तको **वधूशिक्षा** खण्डकाव्यले एकरूपता पाएको देखिदैन । यसो हुनुका कारणहरूमा पाण्डुलिपि सार्ने बेलामा भएका त्रुटी तथा कमजोरी, धेरै ठाउँबाट प्रकाशित हुँदा सम्पादकले पाठ परिवर्तन गर्ने प्रवृत्ति, समयसापेक्ष रूपमा हुने भाषिक परिवर्तनको प्रभाव, टङ्कनमा देखापर्ने प्राविधिक कमजोरी वा प्राविधिक असमर्थता आदि हुन् । यसले गर्दा स्रष्टाको मूल सिर्जना नै हराउने ठूलो खतरा रहन्छ । साथै पाठविश्लेषणका लागि पनि समस्या उत्पन्न हुन जान्छ भने कतिपय ठाउँमा देखिने अर्थताात्विक परिवर्तनले कृतिको मूल भाव वा विचार खजमजिन पुग्छ । वधूशिक्षा कृतिको पाठभेदका कारण उत्पन्न अर्थताात्विक भिन्नतालाई उदाहरणका रूपमा यस प्रकार देखाउन सकिन्छ :

स्त्रीको धर्म पतिव्रता अति ठुलो जो गर्दछन् भक्तिले ।
आफ्नू कुल सब तारि पितृहरुको कुल तार्दछन् शक्तिले ॥
स्त्रीको जन्म भयो भन्या त पतिको सेवा छ साह्रै ठुली ।
सो सेवा त गरी अनेक् अरु गरोस् सच्चा कुरामा भुली ॥ (श्लोक ३३)

प्रस्तुत श्लोकको चौथो पाउमा प्रयुक्त 'सच्चा' शब्दका सट्टा 'झूटै' शब्दको पनि प्रयोग भएको देखिन्छ । यसले गर्दा 'सो सेवा त गरी अनेक् अरु गरोस् सच्चा कुरामा भुली' पाउको अर्थ सच्चा कुरामा भुलेर (लागेर/बिताएर) पतिको सेवा गरोस् भन्ने अर्थ लाग्छ भने 'सो सेवा त गरी अनेक् अरु गरोस् झूटै कुरामा भुली' को अर्थ झूटो कुरा भुलेर पतिको सेवा गरोस् भन्ने अर्थ लाग्छ । यसरी शब्दमा भएको परिवर्तनले अर्थमा पनि भिन्नता ल्याएको छ ।

त्यसैले यस कृतिको मूल पाठको आवश्यकतालाई महसुस गरी मोतीराम भट्टद्वारा सम्पादित **कवि भानुभक्ताचार्यको जीवन चरित्र**, मतिप्रसाद ढकालद्वारा सम्पादित **भानुभक्तका लघुरचनाहरू** र साझा प्रकाशनबाट प्रकाशित **भानुभक्तको रामायण**मा सङ्कलित **वधूशिक्षा**लाई आधार बनाई प्रस्तुत खण्डकाव्यको पाठभेद गरिएको छ ।

## (क) प्रस्तावना

एक् थोक् भन्छु नमान[६६] दुक्ख[६७] मनमा हे मित्र तारापती[६८] ।
तिम्रा ई जति छन् जहानहरु ता लड्न्या[६९] रह्याछन् अती[७०] ॥
सून्याँ दन्तबझान आज घरको कर्कर् गऱ्याको उसै[७१] ।
भर्रात् जाग्रन झैँ भयो मकन ता लागेन आँखा कसै ॥१॥

धन् इज्जत् घरबार[७२] देख्छु बढिया छैनन् कुनै चिज् कमी ।
बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौला तिमी ॥

साह्रै झोक उठ्यो मलाइ र वधूशिक्षा बनात्रा[७३] पनी ।
यस्ले पत्नि बुहारि छोरिहरुका् तालिम गरौला भनी ॥२॥

हुन त म अतिथी हुम्[७४] यस् विनू[७५] क्या छ खाँचो ।
तर पनि म त[७६] भन्छू मित्र ह्वौ[७७] जानि साँचो ॥
घर चतुरइँ[७८] गर्छन् बुद्धिमान्ले अगाडी ।
बखत चुकि दिँदामा हुन्छ काहाँ पछाडी ॥३॥

## (ख) उपदेश खण्ड

प्रात:काल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् ।

---

६६. **नमान्नु** कभाजीच — **नमान** भाल — **नमान्नू** भारा
६७. **दुक्ख** कभाजीच, भाल — **दु:ख** भारा
६८. **तारापती** कभाजीच, भाल — **तारापति** भारा
६९. **लड्न्या** कभाजीच, भाल — **जुझ्न्या** भारा
७०. **अती** कभाजीच, भाल — **अति** भारा
७१. **उसै** कभाजीच, भाल — **जसै** भारा
७२. **घरबार** भाल, भारा — **र कमाइ** कभाजीच
७३. **बनात्रा** कभाजीच, भाल — **बनायाँ** भारा
७४. **हुँम्** भाल — **हूँ** कभाजीच, भारा
७५. **विनू** कभाजीच, भाल — **बिनूँ** भारा
७६. **म त** भाल, भारा — **त म** कभाजीच
७७. **ह्वौ** कभाजीच, भाल — **हौ** भारा
७८. **चतुरइँ** कभाजीच, भाल — **चतुरत्रि** भारा

सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ति पतीमा धरून् ॥
भक्तीले पति ईश्वरै भनि बुझ्नून् पाऊ तलैमा[७९] परून् ।
पूजा हो पतिको भनेर घरका काम्मा अगाडी सरून् ॥१॥

झट्पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी ।
जस्तो पुग्दछ[८०] सोहि माफिक असल् धोती कटीमा धरी ॥
सासूका चरणारविन्द[८१] युगमा पूजेर[८२] पाउ परून् ।
मैले काम् गरूँ क्या अह्राउँनु हवस्[८३] यो ताहिँ बिन्ती गरून् ॥२॥

मान्न्या[८४] छन् घरमा[८५] सबै[८६] जति जना तिन्लाइ ढोग्भेट्[८७] गरी ।
चाकर्लाई अह्राउनू खुशि[८८] हुँदै मीठा वचन्ले गरी ॥
माटो[८९] पानि खराउ ओटन रुमाल् धोती दतीउन्[९०] धरी ।
स्नान्[९१] गर्न्या अखडा जहाँ[९२] छ तहिँ गै राखून्[९३] तयारी गरी ॥३॥

पूजाको सरजाम् गरून् पनि पुजा[९४] गर्छन् प्रभुको भनी ।
पूजामा खतडा कदापि नपरोस् कौनै कुराले पनी ॥
कस्तै अल्मलमा हवस् घरमहाँ आया जगाया अलक् ।

---

[७९]. **भनि बुझ्नून् पाऊ तलैमा** कभाजीच, भारा — **बुझि पतीका पाऊ तल्मा** भाल
[८०]. **पुग्दछ** कभाजीच, भारा — **शक्ति छ** भाल
[८१]. **चरणारविन्द** कभाजीच, भाल — **चरणाविन्द** भारा
[८२]. **पूजेर** भारा — **पूगेर** कभाजीच — **पौँचेर** भाल
[८३]. **अह्राउनु हवस्** कभाजीच, भारा — **अह्राउँ अरु क्या** भाल
[८४]. **मान्न्या** भाल — **मान्ने** भारा — **मान्ना** कभाजीच
[८५]. **घरमा** भारा, भाल — **घरका** कभाजीच
[८६]. **सबै** कभाजीच, भारा — **सभै** भाल
[८७]. **ढोग्भेट्** भाल, भारा — **ढोक्भेट्** कभाजीच
[८८]. **खुशि** कभाजीच, भारा — **खुसि** भाल
[८९]. **माटो** कभाजीच, भारा — **मट्टी** भाल
[९०]. **ओटन रुमाल् धोती दतीवन्** कभाजीच, भारा — **दत्तिवन जो चाहिन्छ उप्टन्** भाल
[९१]. **स्नान्** कभाजीच, भारा — **शौच्** भाल
[९२]. **जहाँ** कभाजीच, भारा — **जउन्** भाल
[९३]. **तहिँ गै राखून्** कभाजीच, भारा — **पतिको ताहीँ** भाल
[९४]. **पुजा** कभाजीच, भाल — **पूजा** भारा

जोगी[९५] जङ्गमले भन्या मुठि दिनू ढीला[९६] नगर्नू पलक् ॥४॥

घर सब्[९७] झारि बढारि लिप्नु दिनदिन् नित्यै पवित्रै[९८] रहोस् ।
चाकर् सब्[९९] चलिया गया कहिँ भन्या आफै तयारी रहोस्[१००] ॥
स्वामीका चरणारविन्द[१०१] युगको जल् भक्तिले पान् गरून् ।
निर्मल् देह गराउनाकन उ जल् केही शरीर्मा छरून् ॥५॥

जो इच्छा पतिको छ सो बुझि उसै माफिक् सबै काम् गरून् ।
जुन् स्थान् हो चिजको उ चीज् उहि लगी[१०२] राख्न्या स्वभाव् यो[१०३] गरून्[१०४] ॥
स्त्रीको खालि निधार् कदापि नरहोस्[१०५] खाली निधार् भै[१०६] जती ।
गर्छन् कर्म फल हुँदैन तिनको[१०७] टीको लगाया जती ॥६॥

तस्मात् नित्य टीका लगाइ पहिले धन्दा[१०८] पछाडी गरून् ।
पूजाको सरजाम् तयार् गरिसकी भान्सा[१०९] विषे मन् धरून् ॥
भान्साको सरजाम चाकर गरून् भाँडा सफाई[११०] गरी ।
खान्या चीज भँडारमा पसि झिकून् आफैँ अगाडी सरी ॥७॥

---

| | |
|---|---|
| ९५. **जोगी** कभाजीच, भारा | **योगी** भाल |
| ९६. **ढीला** भाल | **ढीलो** कभाजीच, भारा |
| ९७. **सब्** कभाजीच, भारा | **सभ्** भाल |
| ९८. **लिप्नु दिनदिन् नित्यै पवित्रै** भाल | **नित्य त्यसले लिप्तै र पोत्तै** कभाजीच, भारा |
| ९९. **सब्** कभाजीच, भारा | **सभ्** भाल |
| १००. **रहोस्** कभाजीच, भारा | **हवस्** भाल |
| १०१. **चरणारविन्द** कभाजीच, भाल | **चरणाविन्द** भारा |
| १०२. **उ चीज् उहि लगी** भाल | **उहीँ लगि उ चिज्** कभाजीच, भारा |
| १०३. **यो** भाल | **पो** कभाजीच, भारा |
| १०४. **गरून्** भाल | **धरून्** कभाजीच, भारा |
| १०५. **नरहोस्** कभाजीच, भारा | **न हवस्** भाल |
| १०६. **भै** भारा, भाल | **मै** कभाजीच |
| १०७. **तिनको** भाल | **तिनका** कभाजीच, भारा |
| १०८. **धन्दा** कभाजीच, भाल | **धन्धा** भारा |
| १०९. **भान्सा** कभाजीच, भाल | **भान्छा** भारा |
| ११०. **सफाई** कभाजीच, भारा | **सफायी** भाल |

रोगी बालक वृद्ध कोहि घरमा हुन्छन् त तिन्को[१११] पनी ।
हित्[११२] जानीकन तम्तयार् चिज गरून्[११३] खान्या छ यस्तो भनी ॥
यस्ता[११४] रीत्सित चीज् बनाइ[११५] बढिया सासू ससूरा पती[११६] ।
लाई ख्वाइ[११७] सकेर फेरि घरका ख्वाउन् जहान् छन् जती[११८] ॥८॥

ख्वाई प्याइ सकेर[११९] सर्व परिवार्ले[१२०] खाइ सक्छन् जसै ।
चूल्हा[१२१] चौकि लिपाइ[१२२] जल्दि ति जुठा भाँडा मझाउन् तसै ॥
जो[१२३] चीज् वस्तु भँडार देखि अघि जो झीकेर ल्याई थिइन्[१२४] ।
सो सम्झेर तुरुन्त सा्हि थलमा ती वस्तु राखी दिउन्[१२५] ॥९॥

अल्सी दूर गरेर नारिहरुले थान्को र मान्को गरी ।
काम्काम्मा[१२६] परिवार लायर[१२७] विचार् गर्दै रहुन् दिन् भरी ॥
धागा बत्ति बनाइ[१२८] काति टपरी दूना बहोता[१२९] पनी ।

१११. **त तिन्को** भारा — **त तिन्का** कभाजीच — **तिनैको** भाल
११२. **हित्** भाल — **घत्** कभाजीच, भारा
११३. **तम्तयार् चिज गरून्** कभाजीच, भारा — **चीज् बनाउनु यता** भाल
११४. **यस्ता** कभाजीच, भारा — **यस्तै** भाल
११५. **बनाइ** कभाजीच, भारा — **बनायि** भाल
११६. **पती** भाल — **पति** कभाजीच, भारा
११७. **ख्वाइ** कभाजीच, भारा — **ख्वायि** भाल
११८. **जती** भाल — **जति** कभजीच, भारा
११९. **सकेर** कभाजीच, भारा — **सक्यो र** भाल
१२०. **परिवार्ले** भारा — **परियार्ले** कभाजीच, भाल
१२१. **चूल्हा** कभाजीच, भाल — **चूह्ला** भारा
१२२. **लिपाइ** कभाजीच, भारा — **लिपायि** भाल
१२३. **जो** कभाजीच, भारा — **सब्** भाल
१२४. **झीकेर ल्याई थिइन्** कभाजीच, भारा — **बाहेर् झिक्याको थियो** भाल
१२५. **सो सम्झेर तुरुन्त सोहि थलमा ती वस्तु राखी दिउन्** कभाजीच, भारा
**त्यो चीज् वस्तु तुरुन्त लैगि जति हो फेर् वाँहि राखी दीयो** भाल
१२६. **काम्काम्मा** कभाजीच, भाल — **काम्धाम्मा** भारा
१२७. **परिवार लायर** कभाजीच, भारा — **परियार् लगायर** भाल
१२८. **बनाइ** भाल — **समेत** कभाजीच, भारा
१२९. **बहोता** कभाजीच — **बोहोता** भारा — **ब्वहोता** भाल

सिन्का साफ[१३०] चिरेर राखनु[१३१] अनी[१३२] चाहिन्छ काम्मा भनी ॥१०॥

पूजा व्रतादिहरुका तिथि जत्ति[१३३] पर्छन् ।
सम्झेर गर्नु नभुलीकन पाप हर्छन् ॥
ठूलो व्रतै त पति[१३४] सेवन गर्नलाई ।
क्यै छैन फेरि अरु[१३५] निश्चय नारिलाई ॥११॥

रोगी बालक वृद्ध सासु ससुरा जेठाजु[१३६] देवर् पती[१३७] ।
आमाज्यू फुपु सासु नन्द जति छन् खान्छन् इ खाजा जती[१३८] ॥
सब्को हित् घत जानि नित्य दिनमा खाजा बनाइ[१३९] दिउन् ।
यस् रित्ले अति खुश्[१४०] बनाइ[१४१] परिवार् सब्लाइ हात्मा लिउन् ॥१२॥

सौताको[१४२] रिस गर्नु पाप छ बहुत्[१४३] एकै दुवैका पती[१४४] ।
मर्दामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती ॥
यस्तो जानि नमानि केहि मनमा मिल्नू[१४५] बहूतै गरी ।
टाल्टुल्[१४६] गर्नु फुट्यो टुट्यो घर भन्या सीप्लाइ जाहेर गरी ॥१३॥

---

१३० **साफ** भारा — **साफि** कभाजीच, भाल
१३१ **राखनु** भारा — **लाउनु** कभाजीच, भाल
१३२ **अनी** कभाजीच, भारा — **यती** भाल
१३३ **तिथि जत्ति** भाल — **जति तीथि** कभाजीच, भारा
१३४ **पति** कभाजीच, भाल — **पनि** भारा
१३५ **क्यै छैन फेरि अरु** कभाजीच, भारा — **व्रत् छैन केहि पनि** भाल
१३६ **जेठाजु** भाल — **ज्येठाज्यु** कभाजीच — **जेठाज्यु** भारा
१३७ **पती** कभाजीच, भाल — **पति** भारा
१३८ **जती** कभाजीच, भाल — **जति** भारा
१३९ **बनाइ** कभाजीच, भारा — **बनायी** भाल
१४० **खुश्** कभाजीच, भारा — **खुस्** भाल
१४१ **बनाइ** कभाजीच, भारा — **गरायि** भाल
१४२ **सौताको** कभाजीच, भारा — **सप्ताको** भाल
१४३ **बहुत्** कभाजीच, भारा — **बुझ्नु** भाल
१४४ **पती** कभाजीच, भाल — **पति** भारा
१४५ **मिल्नू** कभाजीच, भाल — **मीलून्** भारा
१४६ **टाल्टुल्** कभाजीच, भारा — **टाल्लिप्** भाल

अर्काका[१४७] घरमा नजानु कहिल्यै[१४८] आफ्नै[१४९] घरैमा बसी ।
याद्[१५०] गर्नू[१५१] सब चिज् जती छ घरमा कूना र कानी पसी ॥
पर्छन् श्राद्ध दसैँ[१५२] तिहार अरु[१५३] चाड् चाहिन्छ तिन्मा जती ।
त्यो चिज् सम्झि अगाडि सङ्ग्रह गरोस् यस्मा नचूकोस् रती ॥१४॥

मान्न्या जन्कन मान्नु जान्नु घरको[१५४] ठग्को ठगाञी पनी ।
सब् सासूसित भन्न जानु उ गरून् यस्को सजाञी भनी ॥
यस्ता रीत् सित सब्[१५५] गरेर[१५६] वशमा राखोस् सबैमा दया ।
तिन्को याद तुरुन्त[१५७] गर्नु जन जो भोका र नाङ्गा भया ॥१५॥

प्राणीनाम्[१५८] जति आउँछन् घरमहाँ दर्जा छ तिन्को जती[१५९] ।
सो जानेर[१६०] उसै बमोजिम गरोस् मर्ज्याद् नचूकोस् रती[१६१] ॥
पाउन् पापि कठोर चोरहरुले सोही बमोजिम् जवाफ्[१६२] ।
राखोस् इष्ट कुटुम्ब मित्रहरुमा[१६३] अमृत् सरीको रवाफ्[१६४] ॥१६॥

साँचो बोल्नु नबोल्नु बात कहिल्यै[१६५] झूटो भन्याको रती[१६६] ।

---

१४७. **अर्काका** भारा, भाल — **आर्काका** कभाजीच
१४८. **कहिल्यै** कभाजीच, भारा — **कहिह्लै** भाल
१४९. **आफ्नै** कभाजीच, भाल — **आफ्ना** भारा
१५०. **याद्** भाल — **जे** कभाजीच, भारा
१५१. **गर्नू** भाल — **हूनू** कभाजीच, भारा
१५२. **दसैँ** कभाजीच, भाल — **दशैँ** भारा
१५३. **अरु** कभाजीच, भारा — **हरू** भाल
१५४. **घरको** कभाजीच, भारा — **घरका** भाल
१५५. **सब्** कभाजीच, भारा — **ठग्** भाल
१५६. **गरेर** कभाजीच, भारा — **गर्‍यो र** भाल
१५७. **तुरुन्त** भारा, भाल — **तुरन्त** कभाजीच
१५८. **प्राणीनाम्** कभाजीच, भाल — **पाहूना** भारा
१५९. **जती** कभाजीच, भाल — **जति** भारा
१६०. **सो जानेर** कभाजीच, भारा — **सब् त्यो जानी** भाल
१६१. **रती** कभाजीच, भाल — **रति** भारा
१६२. **जवाफ्** भारा — **जवाप्** भाल — **जबाब्** कभाजीच
१६३. **मित्रहरुमा** भारा, भाल — **मित्रहरुको** कभाजीच
१६४. **जवाफ्** भारा — **जवाप्** भाल — **जबाब्** कभाजीच

आखिर् मर्नु छ पाउनू छ उति फल्[१६७] ञाहाँ गर्‍याको[१६८] जती[१६९] ॥
यस्तो ज्ञान् मनमा लिईकन रहुन्[१७०] सासु ससूरा पती[१७१] ।
जे[१७२] भन्छन् उहि गर्नु छैन अरु ता संसार तर्न्या गती[१७३] ॥१७॥

भन्छन् शास्त्र  पती र सासु ससुरा जेठाज्यु[१७४] मान्नू भनी ।
भन्छन् तापनि जो पती छ उ सरी हूँदैन कोही पनी ॥
दृष्टान्तै पनि मिल्छ सासु ससुरा जेठाजु बित्ता सती ।
को[१७५] जान्छन् पति पो बित्या पनि[१७६] भन्या जानू छ सँगै[१७७] सती ॥१८॥

हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन् ।
वेश्या लौ न हउन् तथापि घरको[१७८] काम् ती[१७९] सबै नास्तछन् ॥
एक्लै हाँस्न हुँदैन कोहि नभई[१८०] अर्को सँगी भो जसै ।
हाँस्तैमा दिन जान्छ येहि[१८१] रितले सब् काम बित्छन्[१८२] तसै ॥१९॥

मानिस्को त बताउँ क्या अब विचार् पक्षी पशूको पनी ।
पाल्याको छ भन्या तुरुन्त बुझ्नू[१८३] क्या आज खायो भनी ॥
जस्सै भो कसिङ्गर् बढार्नु घरभर्[१८४] काहीँ नराखोस् रती ।

---

| | | | |
|---|---|---|---|
| १६५. | **कहिल्यै** कभाजीच, भारा | **कहिलै** भाल | |
| १६६. | **रती** कभाजीच, भाल | **रति** भारा | |
| १६७. | **मर्नु छ पाउनू छ उति फल्** कभाजीच, भारा | | **मर्नु छ पाउनू छ पर फल्** भाल |
| १६८. | **गर्‍याको** कभाजीच, भारा | **गर्‍यो ज्या** भाल | |
| १६९. | **जती** कभाजीच, भाल | **जति** भारा | |
| १७०. | **रहुन्** कभाजीच, भारा | **रहोस्** भाल | |
| १७१. | **पती** कभाजीच, भाल | **पति** भारा | |
| १७२. | **जे** कभाजीच, भारा | **जो** भाल | |
| १७३. | **गती** कभाजीच, भाल | **गति** भारा | |
| १७४. | **जेठाज्यु** कभाजीच, भारा | **जेठाजु** भाल | |
| १७५. | **को** कभाजीच, भारा | **क्वै** भाल | |
| १७६. | **पनि** कभाजीच, भारा | **भनि** भाल | |
| १७७. | **सँगै** कभाजीच, भारा | **सङ्गै** भाल | |
| १७८. | **घरको** कभाजीच, भारा | **घरका** भाल | |
| १७९. | **ती** भारा | **ता** भाल | **त्यो** कभाजीच |
| १८०. | **नभई** कभाजीच, भारा | **न भयी** भाल | |
| १८१. | **येहि** कभाजीच, भाल | **एहि** भारा | |
| १८२. | **सब् काम बित्छन्** कभाजीच, भारा | **काम् बित्तछन् सब्** भाल | |
| १८३. | **तुरुन्त बुझ्नू** कभाजीच, भारा | **निरन्तर बुझोस्** भाल | |

स्त्रीले जान्नु विचार राखि मनमा यस्तो[१८५] बताऊँ कती ॥२०॥

खान्या चीज् जति छन् सबै[१८६] नजरले हेरेर ढाक्छोप् गरून् ।
जो[१८७] चीज् हुन्छ सुकाउँन्या तिनकनै[१८८] ल्याएर घाम्मा धरून् ॥

खान्या चीज कुहेर फाल्नु नपरोस् दीनू कि खानू बरू ।
येती[१८९] जान्नु अवश्य धेर्[१९०] अब बखान् कुन् कुन् कुराको गरूँ ॥२१॥

खान्या चीज नहेरि केहि न सड्डुन् सब् पैह्रन्या चीज् पनी ।
सप्पै[१९१] याद रहोस् सदा मनमहाँ यो चीज् छ ञाहाँ[१९२] भनी ॥
चीज् ता छन् घरमा तथापि मनमा छैनन् त भै क्या भयो ।
आखीर् चीज् घरमा भयी[१९३] बखतको काम् सब् बिति गै गयो ॥२२॥

जो चीज् छन् घरमा हिरा तल पिह्रा सब् चीज् मनैमा रहुन्[१९४] ।
जुन्[१९५] खोज्छन् पतिल् उ चीन् उहि बखत् ल्याएर[१९६] चाँडो दिउन् ॥
खोज्दामा छन ता थियो तर कता[१९७] राख्या हरायो भनी ।
भन्नू पो पतिथ्यैं पऱ्यो पनि[१९८] भन्या मानोस् मऱ्या झैँ अनी[१९९] ॥२३॥

---

१८४. **घरभर्** कभाजीच, भारा — **घरिभर्** भाल
१८५. **यस्तो** कभाजीच, भाल — **एस्तो** भारा
१८६. **सबै** कभाजीच, भारा — **सभै** भाल
१८७. **जो** कभाजीच, भारा — **जुन्** भाल
१८८. **तिनकनै** कभाजीच, भारा — **उ पनि सब्** भाल
१८९. **येती** कभाजीच — **एती** भारा — **यस्ता** भाल
१९०. **धेर्** कभाजीच, भारा — **ढेर्** भाल
१९१. **सप्पै** कभाजीच, भारा — **सब्को** भाल
१९२. **ञाहाँ** कभाजीच, भाल — **याहाँ** भारा
१९३. **भई** कभाजीच, भारा — **भयी** भाल
१९४. **रहुन्** कभाजीच, भारा — **लिउन्** भाल
१९५. **जो** कभाजीच, भारा — **जुन्** भाल
१९६. **उहि बखत् ल्याएर** कभाजीच, भारा — **दगुरि गै ल्यायेर** भाल
१९७. **कता** कभाजीच, भारा — **कहाँ** भाल
१९८. **पनि** कभाजीच, भारा — **भनि** भाल
१९९. **अनी** भारा — **पनी** कभाजीच, भाल

पूजाको सरजाम जत्ति जति[२००] थोक् चाहिन्छ सो सब् गरी ।
साँझ्मा बत्ति जगाउनू[२०१] पनि ठुला पानस् महाँ तेल् धरी ॥
खान्या चीज बनाइ खान दिनु जो खान्छन्[२०२] परीवारले[२०३] ।
जुन् चीज् राख्नु भँडार पर्छ नभुली सब् राख्नु सम्भारले[२०४] ॥२४॥

दिन दिन घरमा जो पाहुना बस्न[२०५] आया ।
तिनिकन[२०६] न खुवाई[२०७] आफुले क्यै न खाया ॥
गृहिणि भइ रह्याको[२०८] यो ठुलो धर्म जान्नू ।
बिहक सकि दियाको अन्न भन्न्या न ठान्नू[२०९] ॥२५॥

काम्का खातिर जत्ति चीज घरका दिन्मा झिक्याका थिया ।
रात्रीमा त उ काम् हुँदैन सभ चीज् थन्क्याइ राखी दिया ॥
सम्झी कत्ति नमानि अल्सि सब[२१०] चीज् थन्क्याइ ताल्चा पनी ।
लाया[२११] चोर चकार डाँकुहरुले देख्नै नपाउन् भनी ॥२६॥

छिनि सकि सब[२१२] धन्दा[२१३] सासुका पाउ मल्नू[२१४] ।
उँघिकन बिखबर् भै पाउ मल्दा[२१५] न ढल्नू[२१६] ॥

---

२००. **जत्ति जति** कभाजीच, भारा — **साँझ जति** भाल
२०१. **जलाउनू** भारा — **जगाउनू** कभाजीच, भाल
२०२. **जो खान्छन्** कभाजीच, भारा — **बेस् खाऊन्** भाल
२०३. **परीवार** भारा — **परीयार** कभाजीच, भाल
२०४. **सम्भारले** कभाजीच, भाल — **संभारले** भारा
२०५. **पाहुना बस्न** कभचजीच, भारा — **पाहुन हून** भाल
२०६. **तिनिकन** कभाजीच — **तिनकन** भारा, भाल
२०७. **न खुवाई** कभाजीच, भारा — **न खुवायी** भाल
२०८. **गृहिणि भइ रह्याको** कभाजीच — **गृहिणी भइ रह्याको** भारा — **गृहि भयि रहन्याको** भाल
२०९. **न ठान्नू** कभाजीच — **त ठान्नू** भारा — **न मान्नू** भाल
२१०. **सब** कभाजीच, भारा — **सभ** भाल
२११. **लाया** भाल — **लाउन्** कभाजीच, भारा
२१२. **सब** कभाजीच, भारा — **सभ** भाल
२१३. **धन्दा** कभाजीच, भाल — **धन्धा** भारा
२१४. **मल्नू** भाल — **मिच्दी** भारा — **मल्दी** कभाजीच
२१५. **मल्दा** भाल — **मल्दै** कभाजीच — **मिच्दै** भारा
२१६. **न ढल्नू** भाल — **त ढल्दी** कभाजीच, भारा

टहल गरि टहल्ले सासुलाई रिझाई[२१७] ।
पतिसित तब जावोस् स्त्री टहल् गर्नलाई ॥२७॥

प्राण्का नाथ पतिका अगाडि गइ[२१८] जो फर्माउँछन् सो गरोस् ।
भन्छन् ल्यान तमाखु खान्छु भनि ता चाँडै[२१९] तमाखू भरोस् ॥

किस्मिस् दाख बदाम मिश्रि नरिवल् जो चीज् छ सो सो[२२०] दिई ।
पाऊ मल्न[२२१] तयार भै[२२२] अघि सरोस् तेल्को कटौरा लिई ॥२८॥

आज्ञा माफिक अङ्ग पाउहरुमा मर्दन् बहूतै[२२३] गरी ।
पाऊमा शिर राखि सब् तहिँ भनोस् जो काम् गरी दिन् भरी ॥
यस्तो भो यसरी गर्‍याँ यति गर्‍याँ गर्न्या छु यो यो पनी ।
भन्न्या काम कुरो भनोस् पति पनी ई बात सूनुन् भनी ॥२९॥

जति गरि दिनमा काम् सो सभै बिन्ति गर्दी ।
मधुर वचन बोल्दी[२२४] स्वामिको चित्त भर्दी ॥
पतिकन सब[२२५] काम्ले बातले खुस् बनाओस् ।
जब त पति निदाया[२२६] काखमा त्यो निदाओस्[२२७] ॥३०॥

यति सब[२२८] वधुशिक्षाका सिलोक् जो बनाञा ।
पढिलिनु सबले[२२९] यो नारिको हित् जनाञा ॥

---

२१७. **रिझाई** कभाजीच, भारा **रिझायी** भाल
२१८. **गइ** कभाजीच, भारा **गयि** भाल
२१९. **भन्छन् ल्यान तमाखु खान्छु भनि ता चाँडै** कभाजीच, भारा
**खान्छू ल्यान तमाखु भन्छन् हवोस् भन्दी** भाल
२२०. **जो चीज् छ सो सो दिई** कभाजीच, भारा **जो माग् छ सो चीज् दियी** भाल
२२१. **मल्न** कभाजीच, भाल **मिच्न** भारा
२२२. **भै** कभाजीच, भारा **भयी** भाल
२२३. **बहूतै** कभाजीच, भारा **बहुतै** भाल
२२४. **बोल्दी** कभाजीच, भारा **बोली** भाल
२२५. **सब** कभाजीच, भारा **सभ** भाल
२२६. **निदाया** भाल **निदाउन्** कभाजीच **निधाउन्** भारा
२२७. **निदाओस्** कभाजीच, भाल **निधाओस्** भारा
२२८. **यति सब** कभाजीच, भारा **ञहि यति** भाल

यहि रित सित जो स्त्री नित्य सब् काम गर्छन्[२३०] ।
उभयकुल सँगै ली ती[२३१] सहज पार तार्छन्[२३२] ॥३१॥

स्त्रीको धर्म पती मती पनि पती मर्न्या बखत्को गती[२३३] ।
बाँचुन्ज्याल्[२३४] सुखभोग पनी बुझिलिँदा को दिन्छ तेस्ले[२३५] जती[२३६] ॥
स्त्रीको धर्म पती जती त अरु थोक् देख्तैन मन्ले रती[२३७] ।
यस् लोक्मा परलोकमा सुख दिन्या सो हेर[२३८] जान्छन् सती ॥३२॥

स्त्रीको धर्म पतिव्रता अति ठुलो जो गर्दछन्[२३९] भक्तिले ।
आफ्नू[२४०] कुल सब तारि पितृहरुको कुल तार्दछन्[२४१] शक्तिले ॥
स्त्रीको जन्म भयो भन्या त पतिको सेवा छ साह्रै ठुली ।
सो सेवा त गरी[२४२] अनेक् अरु गरोस् सच्चा[२४३] कुरामा भुली ॥३३॥

॥ इति वधूशिक्षा ॥

पाठभेदको अध्ययनबाट मूल कृतिको निक्यौल गर्नु एक जटिल कार्य हो । यसका आधारमा मात्र मूल कृति यही हो भनेर किटान गर्न पनि अप्ठ्यारो पर्छ । तापनि पाठभेदको अध्ययनले स्रष्टाको मूल सिर्जना वा कृतिको भाव, विचार, समाज, तथा भाषिक स्थिति

---

२२९. **सब** कभाजीच, भारा — **सभ** भाल
२३०. **गर्छन्** कभाजीच, भारा — **गर्छे** भाल
२३१. **ती** कभाजीच, भारा — **त्यो** भाल
२३२. **तर्छन्** कभाजीच, भारा — **तर्छे** भाल
२३३. **गती** कभाजीच, भाल — **गति** भारा
२३४. **बाचुन्ज्याल्** कभाजीच — **बाचुञ्जेल्** भारा — **बाँचन्ज्याल्** भाल
२३५. **तेस्ले** भारा — **तेस्का** कभाजीच — **तस्का** भाल
२३६. **जती** कभाजीच, भाल — **जति** भारा
२३७. **रती** कभाजीच — **रति** भारा — **कती** भाल
२३८. **हेर** भारा — **हेरि** कभाजीच, भाल
२३९. **गर्दछन्** कभाजीच, भारा — **गर्दछे** भाल
२४०. **आफ्नू** भाल — **आफ्ना** कभाजीच, भारा
२४१. **तार्दछन्** कभाजीच, भारा — **तार्दछे** भाल
२४२. **त गरी** कभाजीच, भारा — **न गऱ्या** भाल
२४३. **सच्चा** कभाजीच — **साँचो** भारा — **झूटै** भाल

आदि कुराको जानकारी प्राप्त हुन्छ । त्यस कारण पाठभेदको अध्ययन महत्वपूर्ण हुन जान्छ । यसै सन्दर्भमा हेर्दा भानुभक्त आचार्यको **वधूशिक्षा** खण्डकाव्यका पनि विभिन्न संस्करणहरू प्रकाशित हुँदा पाठमा विविधता पाइएको छ । हरेक संस्करणहरूमा केही न केही पाठभेद देखिएका छन् । यहाँ अध्ययन गरिएका मोतीराम भट्टद्वारा सम्पादित **कवि भानुभक्ताचार्यको जीवन चरित्र**, मतिप्रसाद ढकालद्वारा सम्पादित **भानुभक्तका लघुरचनाहरू** र साझा प्रकाशनबाट प्रकाशित **भानुभक्तको रामायण**मा सङ्कलित **वधूशिक्षा**लाई हेर्दा मोतीराम भट्ट र साझा प्रकाशनबाट प्रकाशित वधूशिक्षामा अलि बढी समानता देखिन्छ भने मतिप्रसाद ढकालले गरेको अध्ययनमा यी दुईभन्दा भिन्न स्थिति देखापर्छ ।

## ४.९ निष्कर्ष

भानुभक्त आचार्यका प्रकाशित कृतिहरूमध्ये **वधूशिक्षा** सामाजिक विषयमा आधारित मौलिक काव्य हो । वि.सं. १९१९ सालमा कवि मुद्दामामिलासम्बन्धी काममा काठमाडौँबाट तनहुँ जाने क्रममा मित्र तारापतिका घरमा बास बस्दा तारापतिकी पत्नी र बुहारी बीच भएको झगडाबाट अभिप्रेरित भएर यस कृतिको रचना भएको पाइन्छ । यस कृतिको प्रकाशन भने पहिलो पटक मोतीराम भट्टले वि.सं. १९४८ मा **कवि भानुभक्ताचार्यको जीवन चरित्र** नामक समीक्षात्मक पुस्तकमा छपाएको देखिन्छ । प्रस्तावनाका तीन श्लोक र उपदेश खण्डका तेत्तीस श्लोक गरी जम्मा छत्तीस श्लोकको आयाममा विस्तारित लघुतर खण्डकाव्य **वधूशिक्षा** सूक्ष्म आख्यानमा आधारित काव्य ठहर्छ । सूच्य पात्रहरू भएको प्रस्तुत खण्डकाव्यले मुख्यतः नारीलाई कर्तव्याकर्तव्यको बोध गराई उपदेशका माध्यमबाट आदर्श समाजको स्थापना गर्ने कुरालाई मूल उद्देश्य बनाएको देखिन्छ । कविवक्तृप्रौढोक्ति उक्तिढाँचामा प्रस्तुत भएको यस काव्यमा सरल र तद्भवप्रधान नेपाली भाषाको आधिक्य पाइन्छ । लोकसांस्कृतिक विम्ब तथा अन्त्यानुप्रासीय शब्दालङ्कार र रूपक, काव्यलिङ्ग, स्वभावोक्ति जस्ता अर्थालङ्कारको प्रयोगले यस खण्डकाव्यलाई श्रुतिरम्य, लयात्मक र साङ्गीतिक तुल्याएको छ । संस्कृत शास्त्रीय शार्दूलविक्रीडित, मालिनी र वसन्ततिलका जस्ता तीन वर्णमात्रिक छन्दको कुशल संयोजन गरिएको **वधूशिक्षा** खण्डकाव्यले सामाजिक विषयवस्तुको प्रयोग, नारीउपदेशको प्रधानता, आदर्शवादी चेतना, गार्हस्थ्य जीवनको चित्रण, हिन्दू संस्कार र संस्कृतिको प्रभाव जस्ता प्रवृत्तिलाई आत्मसात् गरेको देखिन्छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

**वधूशिक्षा खण्डकाव्यको कृतिपरक अध्ययन** शीर्षकको यस शोधपत्रलाई पाँचओटा परिच्छेदमा विभाजन गरिएको छ । अध्ययन कार्यलाई व्यवस्थित बनाउन मूल शीर्षकमा आधारित रही आवश्यताअनुसार उपशीर्षकहरू पनि विभाजन गरिएको छ । शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । त्यसै गरी दोस्रो परिच्छेदमा खण्डकाव्यको सैद्धान्तिक स्वरूप, तेस्रो परिच्छेदमा भानुभक्त आचार्यको काव्ययात्रा र प्रवृत्तिहरू र चौथो परिच्छेदमा **वधूशिक्षा** खण्डकाव्यको विश्लेषण रहेको छ । त्यसपछि शोधकार्यमा प्रयोग भएका सामग्रीलाई वर्णानुक्रमका आधारमा सन्दर्भसामग्री सूचीमा प्रस्तुत गरिएको छ ।

शोधपत्रको पहिलो परिच्छेदमा शोधकार्यको परिचय, शोधकार्यका समस्या, शोधकार्यको उद्देश्य, शोधकार्यसँग सम्बन्धित पूर्वकार्यहरूको समीक्षा, शोधकार्यको औचित्य, मह¤व, र उपयोगिता, शोधकार्यको सीमाङ्कन, शोधकार्यका लागि आवश्यक सामग्री सङ्कलन विधि तथा शोधविधि र शोधपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेदमा खण्डकाव्यको स्वरूप एवम् संरचना, खण्डकाव्यको व्युत्पत्ति र परिभाषा, खण्डकाव्यका त¤वहरूलाई सङ्क्षिप्तमा चर्चा गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा भानुभक्तको अति सङ्क्षिप्त जीवनीगत परिचय, काव्यलेखनमा सिर्जनशीलताको प्रेरणा स्रोत र प्रभाव, काव्ययात्रा र काव्यप्रवृत्तिहरूलाई प्रस्तुत गरिएको छ ।

शोधपत्रको चौथो परिच्छेदमा **वधूशिक्षा** खण्डकाव्यको रचनाकाल र प्रकाशनकाल, कृतिगत सन्दर्भ, कृतिको संरचना र आयाम, खण्डकाव्य त¤वका आधारमा तथा प्रवृत्तिगत आधारमा **वधूशिक्षा** खण्डकाव्यको विश्लेषण तथा वधूशिक्षा खण्डकाव्यको पाठभेद अध्ययन गरिएको छ । त्यसपछि  उपसंहार तथा सन्दर्भसामग्री सूची दिइएको छ ।

नेपाली कविताको इतिहासमा भानुभक्त आचार्य (वि.सं.१८७१-१९२५) प्राथमिक कालका भक्तिधाराका मात्र नभएर समग्र प्राथमिक कालकै केन्द्रीय कविप्रतिभा हुन् । बाजे श्रीकृष्णको मृत्युपछि भएको पण्डित सभामा आफ्नो परिचय दिन रचना गरेको १ लोके कविता नै पहिलो रचना भए पनि वि.सं. १८९८ मा संस्कृतको अध्यात्म रामायणको बालकाण्ड अनुवाद गरी नेपाली कवितालेखनमा औपचारिक रूपमा भित्रिएको मानिन्छ । २७ बर्से लामो काव्ययात्रामा भानुभक्त आचार्यका २६ ओटा मुक्तक कविताहरू, १४ ओटा फुटकर कविताहरू, **भक्तमाला**, **प्रश्नोत्तर** र **वधूशिक्षा** जस्ता तीनओटा लघुतर खण्डकाव्य र **रामायण** शीर्षकको महाकाव्य प्रकाशित छन् । विशेषतः उनका काव्यमा आध्यात्मिक-

नैतिक चेतनाको प्रबलता देखापर्छ । मौलिक तथा अनूदित दुवै खालका काव्यकृतिमा पनि उनले सफलता प्राप्त गरेका छन् ।

भानुभक्त आचार्यका प्रकाशित कृतिहरूमध्ये **वधूशिक्षा** (रचनाकाल वि.सं. १९१९) एक चर्चित खण्डकाव्य हो । भानुभक्तका पहिलो जीवनीकार मोतीराम भट्टले वि.सं. १९४८ मा **कवि भानुभक्ताचार्यको जीवन चरित्र** शीर्षकको समालोचनात्मक पुस्तकमा यस खण्डकाव्यलाई पहिलो पटक प्रकाशित गरेका हुन् । मौलिक सामाजिक विषयवस्तुलाई आत्मसात् गरिएको प्रस्तुत खण्डकाव्य वि.सं. १९१९ मा भानुभक्त आचार्य मुद्दामामिलासम्बन्धी काममा काठमाडौँबाट घर जाने क्रममा मित्र तारापति उपाध्यायका घरमा एक रात बास बस्दा तारापतिकी पत्नी र बुहारी झगडा गरेको घटनाबाट अभिप्रेरित भएर रचना भएको देखिन्छ । प्रस्तावनाका तीन श्लोक र उपदेश खण्डका तेत्तीस श्लोक गरी जम्मा छत्तीस श्लोकको आयाममा विस्तारित **वधूशिक्षा** खण्डकाव्य लघुतर खण्डकाव्यका रूपमा रहेको छ ।

भानुभक्त आचार्यकृत **वधूशिक्षा** खण्डकाव्य क्षीण कथावस्तुमा आधारित खण्डकाव्य हो । हिन्दू धर्म र परम्पराअनुसार मर्यादित पारिवारिक सम्बन्ध भएको समाज निर्माणका लागि सम्पूर्ण नारीहरू कर्तव्यपरायण र धर्मानुरागी बन्नुपर्ने औपदेशिक विषयवस्तुलाई प्रस्तुत खण्डकाव्यले केन्द्रीय विषय बनाएको छ । तारापतिकी बुहारी, तारापतिकी पत्नी र तारापति आदि सूच्य पात्रहरू भएको **वधूशिक्षा** खण्डकाव्य पात्रविधानका दृष्टिले त्यति सशक्त कृति मान्न सकिदैन । प्रत्यक्ष रूपमा वि.सं. १९१९ तिरको तारापतिका घरमा भएको सासू-बुहारीको झगडा र अप्रत्यक्ष रूपमा तत्कालीन सम्पूर्ण समाज नै यस खण्डकाव्यको परिवेश हो । नारीलाई कर्तव्याकर्तव्यको बोध गराई उपदेशका माध्यमबाट आदर्श समाजको स्थापना गर्नु यस खण्डकाव्यको मुख्य उद्देश्य देखिन्छ । कविवक्तृप्रौढोक्ति उक्ति ढाँचामा म पात्रले तारापतिप्रति सम्बोधित एकालापीय कथन पद्धतिलाई अवलम्बन गरिएको **वधूशिक्षा** खण्डकाव्य प्रथम पुरुष दृष्टिविन्दुमा प्रस्तुत गरिएको छ । तद्भवप्रधान नेपाली लोकजीवनमा प्रचलित कथ्य भाषाका शब्दको अधिकता र आन्तरिक अनुप्रासयुक्त र अन्त्यानुप्रासका दृष्टिले कसिलो हुनु तथा प्राञ्जल, प्रसाद गुणयुक्त र माधुर्यपूर्ण हुनु **वधूशिक्षा** खण्डकाव्यको भाषाशैलीगत विशेषता हो । सरल र तद्भवप्रधान नेपाली भाषाका शब्दशय्याको कुशल संयोजनले भाषामा लयात्मकता र साङ्गीतिकता सिर्जना भएको छ । विम्बप्रतीक तथा अलङ्कारका निम्ति कविता रच्ने कवि नभई हार्दिक भावहरूको स्वाभाविक प्रकाशनका निम्ति कविता रच्ने कवि भएकाले **वधूशिक्षा** खण्डकाव्यमा पनि उनले भावलहरकै सहजात प्रतीत हुने र कथ्य अर्थलाई पारदर्शी रूपमा झल्काउने थरीथरीका विम्बहरूको प्रयोग गरेको देखिन्छ । उपदेशप्रधान सरल काव्य भएकाले यस कतिमा प्रतीकहरूको प्रयोग गरिएको छैन । अन्त्यानुप्रासीय शब्दालङ्कारको अत्यन्त

कुशल संयोजन गरिएको **वधूशिक्षा** खण्डकाव्यमा रूपक, काव्यलिङ्ग, स्वभावोक्ति जस्ता अर्थालङ्कारहरूको पनि प्रयोग हुन गएको देखिन्छ, जसले गर्दा काव्यमा गेयात्मकता सिर्जना हुन पुगेको छ । संस्कृत शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको यस कृतिमा शार्दूलविक्रीडित, मालिनी र वसन्ततिलका गरी तीन छन्दको प्रयोग गरिएको पाइन्छ । भानुभक्तका आचार्यको **वधूशिक्षा** लघुतर खण्डकाव्य भएर पनि यसमा प्रयुक्त विषयवस्तु, भाषाशैलीय विन्यास, छन्द, अलङ्कारले गर्दा एक कालजयी कृति बन्न पुगेको छ ।

प्रवृत्तिगत आधारमा हेर्दा **वधूशिक्षा** खण्डकाव्य आदर्शवादी पारिवारिक सामाजिक विषयवस्तुलाई अङ्गीकार गरेर लेखिएका काव्यका रूपमा दखिन्छ । यस खण्डकाव्यको मुख्य उद्देश्य नै उपदेशका माध्यमबाट नारीलाई घरपरिवारप्रतिको कर्तव्याकर्तव्यको बोध गराउनु रहेको छ । यसबाट यो काव्य नारी उपदेशको पुञ्ज बन्न पुगेको छ । त्यस्तै आदर्शवादी चेतना तथा आदर्श समाजको परिकल्पना पनि यस काव्यको विशेषता हो । गार्हस्थ्य जीवनको चित्रणले गर्दा काव्यलाई अत्यन्त सरल, रोचक र विम्बात्मक बनाएको छ । हिन्दू संस्कार र संस्कृतिको स्पष्ट प्रभाव देखिने **वधूशिक्षा** खण्डकाव्यमा तदनुकूलका सांस्कारिक मूल्य र मान्यताहरूलाई प्रस्तुत गरिएको छ ।

भानुभक्त आचार्यकृत **वधूशिक्षा** लघुतर खण्डकाव्य नेपाली कविताको विकासक्रममा प्राथमिक कालको उत्तरार्द्धतिरको भक्तिधाराको कृति भए पनि तत्कालीन समाज र संस्कृतिको प्रतिविम्बन गर्नु तथा नारीउपदेशका माध्यमबाट आदर्श समाजको चाहना राख्नु यस काव्यको विशेषता हो भने हिन्दू सांस्कारिक नेपाली समाजमा यस काव्यले अँगालेको अन्तर्वस्तु सास्वत सत्यका रूपमा रहिरहनु या पाइनु यसको विशिष्टता हो । नेपाली कविताको इतिहासमा आजसम्म चर्चापरिचर्चाको विषय बनिरहने **वधूशिक्षा** खण्डकाव्य एक कालजयी कृति बनेर रहेको छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, भद्रवीर, **नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान**, काठमाडौँ : श्रीमती कुन्तादेवी र जुनादेवी अधिकारी, २०६२ ।

अवस्थी, महादेव, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस, २०६४ ।

आचार्य, नरनाथ, **आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन चरित्र**, दो.सं., काठमाडौँ : लेखक स्वयम्, २०३६ ।

आचार्य, बाबुराम, सम्पा., **पुराना कवि र कविता**, नवौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०६२ ।

आचार्य, भानुभक्त, **वधूशिक्षा**, (**रामायण**मा सङ्कलित), पाँ.सं., ललिपुर : साझा प्रकाशन, २०६४ ।

आचार्य, व्रतराज, **आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण**, तनहुँ : भानु जन्मस्थल विकास समिति, २०५८ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, दो.सं., ललितपुर : साझा प्रकाशन, २०४८ ।

________________, **साहित्यप्रकाश**, दो.सं., ललितपुर : साझा प्रकाशन, २०४० ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

________________, **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौ : पैरवी प्रकाशन, २०६६ ।

घिमिरे, भवानीप्रसाद, सम्पा., **आदिकवि भानुभक्त आचार्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

घिमिरे, माधवप्रसाद, सम्पा., **पच्चीस वर्षका नेपाली खण्डकाव्य**, काठमाडौँ : ने.रा.प्र.प्र., २०३९ ।

ढकाल, घनश्याम, सम्पा., **यथार्थवादी समालोचना**, पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

ढकाल, मतिप्रसाद, **भानुभक्तका लघुरचनाहरू**, नवलपरासी : आस्था अगम प्रकाशन, २०६४ ।

जोशी, कुमारबहादुर, **कविता चर्चा**, ललितपुर : साझा प्रकाशन, २०४० ।

ज्ञवाली, सूर्यविक्रम, सम्पा., **भानुभक्त स्मारक ग्रन्थ**, दो.सं., दार्जिलिङ : नेपाली साहित्य सम्मेलन, २०२६ ।

त्रिपाठी वासुदेव र अन्य, सम्पा., **नेपाली कविता** भाग ४, चौ.सं., ललितपुर : साझा प्रकाशन, २०६५ ।

थापा, आनन्दसिंह, *आदिकवि भानुभक्त,* **जाग्रत गोर्खा**, (वर्ष १, अङ्क १, २०१२), पृ. २५-३० ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय**, चौ.सं., ललितपुर : साझा प्रकाशन, २०५० ।

दण्डी, **काव्यादर्श**, व्याख्या रामचन्द्र मिश्र, ते.सं., वाराणसी : चौखम्बा विद्याभवन, सन् १९८४ ।

दाहाल, खेम, *भानुभक्त आचार्यका खण्डकाव्य तथा फुटकर रचनामा अनुशासनको चेतना एवम् व्यङ्ग्योक्ति,* **गरिमा**, (वर्ष १२, अङ्क ७, पूर्णाङ्क १३९, २०५१ असार), पृ. ४४-५० ।

नगेन्द्र, **भारतीय काव्यशास्त्रकी भूमिका**, ते.सं., दिल्ली : नेसनल बुक पब्लिसिङ हाउस, सन् १९७६ ।

नेउपाने, हरिभक्त, **घाइते चिन्तन**, धरान : श्रीमती कमला नेउपाने, २०४२ ।

नेपाल, देवेन्द्र, **भानुभक्तसम्बन्धी अनुसन्धान परम्परा २०१०-२०२४**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६५ ।

प्रधान, अनन्त, **नेपाली साहित्यमा भानुभक्तको योगदान**, अप्र.स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०३४ ।

प्रधान, हृदयचन्द्रसिंह, **भानुभक्त एक समीक्षा**, काठमाडौँ : नेपाल आदर्श हाइस्कुल, २०१३ ।

बन्धु, चूडामणि, सम्पा., **नेपाली साहित्यको इतिहास** भाग १, काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

भट्ट, मोतीराम, **कवि भानुभक्ताचार्यको जीवन चरित्र**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०५१ ।

भामह, **काव्यालङ्कार**, पटना : विहार राष्ट्रभाषा परिषद्, २०१९ ।

राई, इन्द्रबहादुर, सम्पा., **भानुभक्तका कृति : अध्ययनहरू,** दार्जिलिङ : नेपाली साहित्य परिषद्, २०२६ ।

रुद्रट, **काव्यालङ्कार**, दिल्ली : वासुदेव प्रकाशन, सन् १९६५ ।

लामा, कविता, **भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन**, दार्जिलिङ : साझा सुपार मार्केट, सन् २००२ ।

विश्वनाथ, **साहित्यदर्पण**, सम्पा., नगेन्द्र, दिल्ली : गौतम बुक डिपो, सन् १९५८ ।

शर्मा, गङ्गा, **'भीमसेन थापा' खण्डकाव्यको कृतिपरक अध्ययन**, अप्र.स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६६ ।

शर्मा, रामकृष्ण, **सप्त शारदीय**, ललितपुर : जगदम्बा प्रकाशन, २०२४ ।

शर्मा सिग्देल, सोमनाथ, **साहित्यप्रदीप**, ते.सं., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

श्रेष्ठ, दयाराम, सम्पा., **वीरकालीन कविता**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०५७ ।

सत्याल, यज्ञराज, *नेपाली साहित्यको माध्यमिक कालका दुई कवि,* **रत्नश्री**, (वर्ष २, अङ्क ५, २०२२), पृ. २२-२५ ।

साङ्कृत्यायन, कमला, *भानुभक्तका कृतिहरू,* **भानु** (भानुभक्त विशेषाङ्क), (वर्ष ८, २०२८ असोज), पृ. १८७-१८९ ।